# पहिलो परिच्छेद

# शोध परिचय

## १.१. विषय परिचय

नेपाली साहित्यमा स्वच्छन्दतावादलाई भित्र्याउने बहुमुखी प्रतिभाशाली व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) हुन् । साहित्यका विभिन्न विधाका साहित्यिक स्रष्टा देवकोटाका अनेकौं उत्कृष्ट कृतिहरू प्रकाशित भएका छन् । तिनै कृतिहरूमध्ये **सृजामाता** वनारस प्रवासकाल (२००४-२००६) मा लेखिएको र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०३९) बाट **मैना** खण्डकाव्य सङ्ग्रहमा समाविष्ट गरी प्रकाशन गरिएको खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य कृति देवकाटोले रहस्यात्मक ग्रिसेली पुराकथात्मक विषयवस्तुलाई अँगालेर झ्याउरे लयमा लेखिएको, पाँच खण्डमा ३३७ श्लोक रहेको काव्य हो जसभित्र प्राचीन ग्रिसमा प्रचलित सृष्टि सम्बन्धी अनेकौं कथामध्ये पृथ्वी महतारी रूप **सृजामाता** को कथा आएको छ । यस काव्यलाई देवकोटाले नेपाली शैली र बान्की चढाएर नेपालीकरण गर्ने प्रयास गरे तापनि ठाउँ, परिवेश र पात्र चाहिँ ग्रिसेली नै भेटिन्छन् । देवकोटाले यसै काव्यका माध्यमबाट सृष्टिको रहस्य, विश्वको नियति चक्र र ऋतुचक्रका बारेमा जानकारी गराउँदै स्वच्छन्दतावादी, रहस्यवादी, आत्मवादी चिन्तनको गहिराइसम्म पुग्ने प्रयास गरेका पनि देखिन्छन् । ग्रिसेली मिथकको रोचकताबाट प्रेरित भई लेखिएको **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययन गर्ने कार्य प्रस्तुत शोधमा गरिएको छ ।

## १.२ समस्याकथन

आधुनिक नेपाली खण्डकाव्य क्षेत्रमा स्वच्छन्दतावादी धाराका उल्लेखनीय खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको ग्रिसेली पुराकथामा आधारित एक प्रसिद्ध खण्डकाव्य कृति **सृजामाता** हो । यो **सृजामाता** खण्डकाव्य शोधका निम्ति पनि अध्ययनीय कृतिका रूपमा रूपमा देखा पर्छ । यस शोधको मुख्य समाधेय समस्या हो - 'सृजामाता' खण्डकाव्यका विषयवस्तुगत आख्यानात्मक कथन, पात्र विधान, परिवेश विधान र विचार पक्ष के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

**सृजामाता** खण्डकाव्यका विषयवस्तुगत आख्यानात्मक कथन, पात्र विधान, परिवेश विधान र विचार पक्षका बारेमा प्रत्येक खण्डको छुट्टाछुट्टै अध्ययन गरी त्यसैका आधारमा **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य हो ।

## १.४ पूर्वकार्यको विवरण

नेपाली साहित्यका विशिष्ट प्रतिभा लक्ष्मीप्रसाद देवकोटाले रचेका खण्डकाव्यात्मक रचनाहरूमध्ये **सृजामाता** खण्डकाव्यका बारेमा हालसम्म भए गरेका पूर्व चर्चा परिचर्चाहरूको कालक्रमिक विवरण तल दिइएको छ ।

चिरञ्जीवी दत्तले लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरूको चर्चा गर्ने क्रममा **सृजामाता** खण्डकाव्यका बारेमा छोटो चर्चा गर्नुका साथै **सुन्दरी प्रोजरपिना** खण्डकाव्यमा पनि देवकोटाको खुबी प्रवल रूपमा प्रदर्शन हुन्छ भनेका छन् ।[1]

**मैना** खण्डकाव्य सङ्ग्रहका सम्पादक वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुलीले **मैना** खण्डकाव्य सङ्ग्रह भित्रका खण्डकाव्यहरूको चर्चा गर्ने क्रममा **सृजामाता** आख्यानमा आधारित, लोकलयमा लेखिएको र गुणस्तरका दृष्टिले पनि उच्च स्तरीय रहेको समालोचनात्मक मन्तव्यहरू प्रकट गरेका छन् ।[2]

कुमारबहादुर जोशीले 'महाकवि देवकोटाको कविता यात्रा र त्यसका मोड उपमोडहरूको विवेचना' नामक विद्यावारिधि उपाधिका निर्मित्त प्रस्तुत शोध प्रबन्धमा **सृजामाता**को विवेचना शीर्षक राखी **सुजामाता** खण्डकाव्य नाटकीय र समाख्यानात्मक शैली, नेपाली लोकछन्द (**मुनामदन**को जस्तो) को प्रयोग भएको एक उच्च स्तरीय गीतिकाव्य भएको कुरा बताएका छन् । उनले अन्तिम खण्ड (उपदेश दर्शन) त्यति

---

[1] चिरञ्जीवी दत्त, **केही नेपाली काव्यहरूका समीक्षा,** (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०३०), पृ. ३९-४१ ।

[2] वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुली, **मैना,** (काठमाडौँ : ने.रा.प्र.प्र., २०३९), पृ. ८-१६ ।

आवश्यक नभएको बताएका छन् भने स्वर्गमर्त्य र पातालका बिच सहसम्बन्ध देखाउनुका साथै स्वच्छन्दतावादी रहस्यवादी सौन्दर्य चेत प्रकट भएको कुरा पनि व्यक्त गरेका छन् ।[३]

अम्बिकादेवी रिमालले ‘खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन’ नामक शोधपत्रमा **सृजामाता** खण्डकाव्यको लेखन र प्रकाशन, कथावस्तु, पात्र विधान, विषयवस्तु, भाव विधान, संरचना, छन्द विधान, शिल्प विधान, पदावली, प्रकृति चित्रण र निष्कर्ष गरी खण्डकाव्य सिद्धान्तको आधारमा सामान्य विवेचना गरेकी छन् ।[४]

चूडामणि बन्धुले **सृजामाता** खण्डकाव्यको विश्लेषण गर्ने क्रममा छ महिना पृथ्वी उदासी हुन्छिन् शीर्षक राखी **सृजामाता**को कथानकको सम्बन्धमा चर्चा गरिएको पाइन्छ । उनले संभवतः यसलाई बनाउन पुगेको थिएन कि ? भन्ने प्रश्न चिह्न राख्दै अन्तिम खण्ड वैचारिक व्याख्याले भारी भएको विचार पनि व्यक्त गरेका छन् ।[५]

कुमारबहादुर जोशीले **मैना** खण्डकाव्य सङ्ग्रह भित्रका सबै खण्डकाव्यहरूको चर्चा गर्ने क्रममा **सृजामाता** खण्डकाव्यको पनि सामान्य चर्चा गरेका छन् । उनले **सृजामाता** खण्डकाव्यलाई **मैना** खण्डकाव्य सङ्गहमा सङ्ग्रहित ५ खण्डमा विभाजित देवकोटाको उच्चस्तरीय गीतिकाव्य हो भन्नुका साथै पृथ्वीमा छ महिना हिउँद सुख्खा र छ महिना वर्षा हराभरा हुने प्राकृतिक वर्षक्रमलाई ग्रिसले गुथेको र देवकोटाले नेपाली रङ्ग र बान्की चढाएर नेपालीकरण गरेको पनि उल्लेख गरेका छन् ।[६]

कुमारबहादुर जोशीले **सृजामाता**को विवेचना नामक शीर्षक राखी समालोचनात्मक टिप्पणी गरेका छन् । जसभित्र **सृजामाता** खण्डकाव्य **मैना** खण्डकाव्य सङ्ग्रहमा सङ्ग्रहित बनारस प्रवासकालको रचना भएको, वात्सल्य, श्रृङ्गार र करुण

---

३ कुमारबहादुर जोशी, **महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोड उपमोडहरूको विवेचना,** (मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान समक्ष, नेपाली शिक्षण समिति कीर्तिपुर, २०४२), विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत शोधप्रबन्ध, पृ. २८५-३८८ ।

४ अम्बिकादेवी रिमाल, **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन,** (त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र, २०४३), पृ. १०१-१०५ ।

५ चूडामणि बन्धु, **देवकोटा** (काठमाडौँ : साझा प्रकाशन, २०४६), पृ. २७२-२७३ ।

६ कुमारबहादुर जोशी, **देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन,** (काठमाडौँ : ने.रा.प्र.प्र., २०४७), पृ. १२३-१२६ ।

रसको प्रयोग भएको ५ खण्ड र ३३७ श्लोक भएको रचना मानेका छन् साथै जोशीले खण्डकाव्यको अन्तिम खण्ड काव्यात्मकभन्दा वैचारिकजस्तो लागे तापनि अगाडिका चारखण्डमा भने आख्यान र कवित्वका बिच सन्तुलन रहेको चर्चा गरेका छन् ।[७]

वासुदेव त्रिपाठीले देवकोटाको वनारस प्रवास कालमा रचेका कृतिहरूमध्ये मैना खण्डकाव्य सङ्ग्रहभित्रका खण्डकाव्यहरूको चर्चा गर्ने क्रममा **सृजामाता** खण्डकाव्यको समालोचनात्मक टिप्पणी गर्दै ग्रिसेली पुराकथामा आधारित प्रतीकात्मक पात्रहरूको प्रयोग गरिएको र प्लुटोले गरेको धर्मपुत्री प्रोजरपिनाको हरण र उनका चारित्रिक गहनतामा तानाशाही शासनको प्रतिच्छाया भेटिने कुरासमेत व्यक्त गरेका छन् ।[८]

कुमारबहादुर जोशीले **सृजामाता** खण्डकाव्यको प्रकृतिको चर्चा गर्ने क्रममा प्रोजरपिना ६ महिना पातालमा आफ्ना पतिकहाँ र छ महिना माइतमा आमासँग बस्ने सर्त मन्जुर गराएको कारण पृथ्वीमा ६ महिना हिउँद सुख्खा र छ महिना वर्षा हराभरा हुने प्राकृतिक वर्षचक्रलाई देखाएका छन् ।[९]

कृष्ण गौतमले देवकोटाको बाह्रवटा खण्डकाव्यको छुट्टाछुट्टै विवेचना गर्ने क्रममा **सृजामाता** शीर्षक राखी सृजामाता खण्डकाव्यको कथासार, कथाको मूलभाव, पात्र र तिनको व्यक्तित्व, मिथकीय दृष्टि, रुमानी दृष्टि, स्त्रीवादी दृष्टि र उपसंहार गरी विवेचना गरेका छन् । जसभित्र गौतमले खण्डकाव्यमा पात्र र तिनको व्यक्तित्वलाई देखाउने सन्दर्भमा **सृजामाता**को जीवनका तिन घटना (संयोग - वियोग र मिलन), प्लुटोको तिन अवस्था (वियोग - विपन्नता र विजय) र प्रोजरपिनाका तिन अवस्था (प्रसन्नता, विपन्नता र पति स्वीकार) लाई देखाएका छन् ।[१०]

नवराज के.सी.ले **मैना** खण्डकाव्य सङ्ग्रहको कृतिपरक अध्ययन नामक शोधपत्रमा **मैना** खण्डकाव्य सङ्ग्रहका खण्डकाव्यहरूको विश्लेषण गर्ने क्रममा सृजामाता खण्डकाव्य

---

७ कुमारबहादुर जोशी, **देवकोटाका प्रमुख कविता कृतिको कालक्रमिक विवचना,** (काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८), पृ. २२८-२३० ।

८ वासुदेव त्रिपाठी, कवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविता क्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशाबोध 'एक चर्चा', **गोधूली,** ४:६, २०४९, पृ. ४५ ।

९ कुमारबहादुर जोशी, **देवकोटाका कविता कृतिमा प्रकृति,** (काठमाडौँ : सरस्वती प्रकाशन, २०५३), पृ. ४८-४९ ।

१० कृष्ण गौतम, **देवकोटाका प्रबन्ध काव्य** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५६), पृ. ८४-९० ।

पौराणिक विषयवस्तुमा आधारित, भ्याउरे लयमा लेखिएको, नायिका प्रधान शीर्षक भएको, रूपक, उपमा, सङ्कर, विरोधाभास आदि अलङ्कारको प्रयोग गरिएको खण्डकाव्य भएको बताएका छन् । **सृजामाता**को भाषिक स्रोत तद्भव शब्दहरू रहेको भए तापनि लोकलय र नेपालीपनको कारणले गर्दा खण्डकाव्य सरल, सहज र सरस बन्न पुगेको कुरा व्यक्त गर्दै उनले यस काव्यमा करुण, रौद्र, हाँस्य, श्रृङ्गार, शान्त रसको सफल प्रयोग भएको जनाएका छन् । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस काव्यमा छ महिना हिउँद र छ महिना गर्मी हुन्छ भन्ने सृष्टि चक्र नै सार रहेको निष्कर्षसम्म उनी पुगेका छन् ।[११]

प्रभुराम आचार्यले **सृजामाता** खण्डकाव्यको विश्लेषण नामक लेखमा **सृजामाता** खण्डकाव्यको विश्लेषण गर्ने क्रममा सिरिजको केन्द्रीय भूमिका भएकाले **सृजामाता** शीर्षक सार्थक देखिएको बताएका छन् । व्यापक परिवेश ओगट्न सफल यस खण्डकाव्यको अङ्गीरसका रूपमा श्रृङ्गार रस र अङ्गरसका रूपमा करुण, रौद्र, हाँस्य, वात्सल्य आदि रसको प्रयोग भएको जनाउछन् । यस खण्डकाव्यको पाँचौ खण्डमा स्वच्छन्दतावादी रहस्यवादी भाव विचारहरू प्रस्तुत हुनुका साथै सुकुमार पोथी शैलीको प्रयोग भएको कुरा व्यक्त गरेका छन् ।[१२]

महादेव अवस्थीले **सृजामाता** खण्डकाव्यको विवेचना गर्ने क्रममा प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत, शीर्षक विधान, आख्यानात्मक संरचना कथावस्तु, पात्र विधान, परिवेश विधान, भाव, विचार र केन्द्रीय कथ्य, सर्ग योजना, आयाम, कथन पद्धति लय विधान, विम्बालङ्कार विधान, भाषाशैली, निष्कर्ष र मूल्याङ्कन गरी खण्डकाव्य सिद्धान्तका आधारमा विवेचना गरेका छन् र यस खण्डकाव्यमा सृष्टि सम्बन्धी स्वच्छन्दतावादी, रहस्यवादी, आत्मवादी चिन्तनको गहिरो प्रभाव पाइन्छ भन्ने विचार पनि व्यक्त गरेका छन् ।[१३]

---

[११] नवराज के.सी., **मैना खण्डकाव्य सङ्ग्रहको कृतिपरक अध्ययन,** (मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र, त्रि.वि., २०५८) पृ. ३३-६८ ।

[१२] प्रभुराम आचार्य, सुजामाता खण्डकाव्यको विश्लेषण, **कुञ्जिनी,** १०:७, २०५९, पृ. ७४-७६ ।

[१३] महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** (काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०६१), पृ. ३०३-३११ ।

महादेव अवस्थीले क्रान्तिकालमा समेत प्रकृतिपरक रहस्यवादी रचना रच्ने देवकोटाका स्वच्छन्दतावादी कवित्वकै उपजका रूपमा यो खण्डकाव्य आएको बताएका छन् । यसमा पृथ्वी ६ महिना उदासी र ६ महिना उब्जाउ हुने प्रकृतिका वर्ष चक्र सम्बन्धी रहस्यात्मक सत्यलाई केन्द्रीय कथ्य बनाइएको छ । यस खण्डकाव्यमा वात्सल्य श्रृङ्गार, करुण, भय, क्रोध, रहस्य, हाँस्यव्यङ्ग्य जस्ता विविध रसभावको प्रयोग गरिएको छ । समष्टिमा भन्नुपर्दा खण्डकाव्यमा आधारित कवित्व शक्ति प्रभावकारी रहेको, संरचना परिपुष्ट रहेको तर अन्त्यमा केही अनियन्त्रित स्थिति भएतापनि यो काव्य उच्चश्रेणीको ठहरिएको कुरा व्यक्त गरेका छन् ।[१४]

राजेन्द्र सुवेदीले काव्यकेन्द्रका देवकोटा **सृजामाता** खण्डकाव्यः पाश्चात्य मिथका किनारबाट समीक्षात्मक अध्ययन नामक शीर्षक राखी आरम्भ, काव्यको कथावस्तु, **सृजामाता** काव्यमा पात्र विधान, काव्यको र लय विधान, विम्ब अलङ्कार र भाषाशैली गरी समालोचनात्मक टिप्पणी गरेका छन् ।[१५]

कृष्णराज अधिकारीले देवकोटाका नारीपात्र शीर्षकको लेखमा **सृजामाता** खण्डकाव्यकी नारीपात्र सिरिज छोरी हराएपछि विछिप्त बनेकी देखाएर मातृ हृदय कति कोमल हुन्छ भन्ने कुरा स्पष्ट पारेको छन् । नारीहरू सृष्टिका आधाशक्ति हुनुका साथै आधा धर्ती र आधा आकाश समेत हुन भन्ने कुरा पनि देखाएका छन् । अर्की नारी पात्र हेकेटीका माध्यमबाट संयोग एउटा भ्रम मात्र हो र वियोगनै सत्य हो भन्ने दुःखवादी दर्शनको कुरा व्यक्त गरेका छन् ।[१६]

केशवप्रसाद उपाध्यायले देवकोटाको **सृजामाता** शीर्षकको लेखमा महाकविले ग्रिसेली मिथलाई आफ्नै किसिमले केही परिवर्तनका साथ नेपालीकरण गरेर काव्यरूप दिएका हुन् भन्नुका साथै ग्रिसैली मिथको मूलआख्यान र **सृजामाता**को आख्यान बिच तुलना गर्दै समानता र भिन्नताहरू पनि देखाएका छन् ।[१७]

---

[१४] महादेव अवस्थी, **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा र 'सृजामाता' खण्डकाव्य,** (काठमाडौँ : एकता बुक्स, २०६५), पृ. ६५-७४ ।

[१५] राजेन्द्र सुवेदी, **काव्य निबन्ध केन्द्रमा देवकोटा,** (काठमाडौँ : महाकवि देवकाटो शताब्दी महोत्सव, त्रिमूर्ति निकेतन, सञ्चार ग्राम, २०६६), पृ. १३५-१४६ ।

[१६] कृष्णराज अधिकारी, देवकोटाका नारी पात्र, **भृकुटी,** १:५, २०६६, पृ. ४८-४९ ।

[१७] केशवप्रसाद उपाध्याय, देवकोटाको सृजामाता, **भृकुटी,** १:५, २०६६, पृ. ६४-६९ ।

नरेन्द्रराज प्रसाईले देवकोटाका कृतिहरूको सामान्य चर्चा गर्ने क्रममा **सृजामाता** खण्डकाव्यको पनि चर्चा गरेका छन् । देवकोटाले यो कृति रहस्यात्मक ग्रिसेली पुराकथाको रोचकताबाट प्रेरितभई लेखेर नेपाली शैली दिएका भए तापनि ठाउँ, परिवेश र पात्रहरू चाहिँ ग्रिसेली नै प्रयोग गरेका छन् भने यस अद्भुत काव्यमा आमाछोरीको प्रेम, प्रेमीसँगको प्रेम र प्रकृतिप्रेमको प्रशस्त अनुभव गर्न सकिने कुरा पनि बताएका छन् ।[१८]

मोतीलाल पराजुलीले महाकवि देवकोटा र ग्रिसेली मिथक नामक लेखमा **सृजामाता** खण्डकाव्य ग्रिसेली पुराकथाको आख्यान स्रोतलाई आधार बनाएर लेखिनुका साथै ग्रिसेली पुराकथात्मक चिन्तनलाई नखल्बल्याइकन यथार्थ रूपमा चित्रण गरिएको कुरा पनि बताएका छन् । प्रकृति र देवताहरू सम्बन्धी आस्था र विश्वास प्रकट गर्नुका साथै प्राकृतिक रहस्यहरूको उत्पत्ति सम्बन्धी ग्रिसेली मान्यतालाई चित्रण गरिएको छ ।[१९]

लक्ष्मणप्रसाद गौतमले **सृजामाता** खण्डकाव्यमा विम्बविधान शीर्षकको लेखमा **सृजामाता** खण्डकाव्यमा प्राकृतिक र मिथकीय विम्बको प्रयोग भएको कुरा बताएका छन् । सृजामातामा प्रणयविम्ब, दृश्य/चाक्षुष विम्ब, यातु धार्मिक र लोकविम्ब, आद्भूतिक विम्ब, ब्रम्हाण्ड विम्ब, स्पर्शविम्ब, प्रतीकात्मक विम्बको प्रयोग भएतापनि **सृजामाता** विम्बबहुल खण्डकाव्य होइन तापनि यसमा सिर्जित विम्बहरूले काव्यलाई कलात्मक र प्रभावपरक बनाउन सहयोग गरेको कुरा बताएका छन् ।[२०]

## १.५ अध्ययनको औचित्य

प्रत्येक खण्डको छुट्टाछुट्टै विश्लेषण गरिएको **सृजामाता** खण्डकाव्यको यो विषयवस्तुगत अध्ययन अत्यन्त महत्त्वपूर्ण छ । यसले एकातिर सृजामाता खण्डकाव्यको छुट्टाछुट्टै खण्डको विषयवस्तुगत विशेषताका बारेमा जान्न चाहनेहरूका लागि जानकारी प्रदान गर्नेछ भने अर्कातिर यस खण्डकाव्यमा प्रयोग गरिएको अध्ययन विधिका आधारमा

---

[१८] नरेन्द्रराज प्रसाई, **देवकोटाका कृति,** (काठमाडौं : नइ प्रकाशन, २०६६), पृ. २४-३५ ।

[१९] मोतीलाल पराजुली, महाकावि देवकोटा र ग्रिसेली मिथक, **कुञ्जिनी,** १६:१३, २०६५/६६, पृ. १४-१५ ।

[२०] लक्ष्मणप्रसाद गौतम, सृजामाता खण्डकाव्यमा विम्ब बिधान, **कुञ्जिनी,** १६:१३, २०६५/६६, पृ. ३०-३५ ।

अरु-अरु खण्डकाव्यको अध्ययनको गर्न चाहनेहरूलाई यस शोधले मद्दत गर्ने हुँदा पनि यो शोधकार्य निकै उपयोगी एवम् औचित्ययुक्त ठानिएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

**सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययनमात्र गर्नु यस शोधको सीमा हो ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । त्यस क्रममा प्रथमतः **सृजामाता** खण्डकाव्यकै पठन गरी खास सामग्रीको सङ्कलन गरिएको छ भने **सृजामाता**का बारेमा लेखिएका अनुसन्धानात्मक पुस्तक, पाठ्य पुस्तक र पत्र पत्रिकाको अध्ययन गरी यस शोधका निम्ति थप सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधमा **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत विश्लेषण गर्दा अँगालिएका सैद्धान्तिक आधारका मुख्य पक्ष कथानक, पात्र विधान, परिवेश विधान र विचार तत्त्व हुन् । यिनै आधारमा प्रस्तुत शोधमा **सृजामाता** खण्डकाव्यका प्रत्येक खण्डको विषयवस्तुगत विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित ४ परिच्छेदमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : **सृजामाता** खण्डकाव्यका रचयिता लक्ष्मीप्रसाद देवकोटा

३. तेस्रो परिच्छेद : **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययन

४.	चौथो परिच्छेद : शोध निष्कर्ष

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । दोस्रो परिच्छेदमा **सृजामाता** खण्डकाव्यका रचयिता लक्ष्मीप्रसाद देवकोटाको संक्षिप्त जीवनी दिइएको छ । तेस्रो परिच्छेदमा **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययन प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा शोध निष्कर्ष दिइएको छ । उपयुक्त परिच्छेदहरू भित्र विभिन्न उपशीर्षकहरू समेत राखिएको छ । यसका पुछारमा सन्दर्भ कृतिसूची पनि दिइएको छ ।

# दोस्रो परिच्छेद

## सृजामाता खण्डकाव्यका रचयिता लक्ष्मीप्रसाद देवकोटा

**सृजामाता** खण्डकाव्यका स्रष्टा लक्ष्मीप्रसाद देवकोटा हुन् । यस शोधको मुख्य उद्देश्य **सृजामाता** खण्डकाव्यको विषयवस्तुगत अध्ययन गर्नु भए पनि सो खण्डकाव्यका स्रष्टाका बारेमा पनि आधारभूत चिनारी दिनुपर्ने आवश्यक ठानी यस परिच्छेदमा तिनै लक्ष्मीप्रसाद देवकोटाका जीवनी र साहित्यिक व्यक्तित्वका बारेमा संक्षिप्त रेखाङ्कन गरिएको छ ।

### २.१ जीवनीका मुख्य पक्षहरू

जीवनीका मुख्य पक्ष भन्ने जन्म नामकरण, अक्षरारम्भ, शिक्षादीक्षा, पेसा, स्वास्थ्य आर्थिक अवस्था, पारिवारिक दायित्व, सामाजिक राजनीतिक कार्य आदि बुझिन्छन् । तलका उपशीर्षकहरूमा लक्ष्मीप्रसाद देवकोटाका जीवनीका यिनै मुख्य पक्षबारे जानकारी दिइएको छ ।

#### २.२.१ जन्म, नामकरण र अक्षरारम्भ

लक्ष्मीप्रसाद देवकोटाको जन्म १९६६ साल कार्तिक २६ गते शुक्रवार काठमाडौँ डिल्ली बजारमा भएको थियो । उनको न्वारनको नाउँ तीर्थमाधव देवकोटा हो । तर तिहारको लक्ष्मीपूजामा जन्मेका हुँदा उनलाई लक्ष्मीप्रसाद भनियो ।[२१] यिनका पिताको नाउँ तिलमाधव देवकोटा हो भने माताको नाउँ अमरराज्यलक्ष्मी हो ।[२२] देवकोटा आफ्ना आमा बाबुका साहिँला छोरा भएकाले आफ्नो टोल छिमेकमा 'साहिँला बाजे', 'साहिँला दाइ' जस्ता नामले पनि बोलाइन्थे ।[२३] लक्ष्मीप्रसाद देवकोटाको पाँचवर्षको उमेरमा घरमै बाबुद्वारा अक्षरारम्भ भएको थियो ।[२४]

---

[२१] नरेन्द्रराज प्रसाई, **महाकवि देवकोटा,** (काठमाडौँ : महाकवि देवकोटा शताब्दी महोत्सव, २०६६), पृ. १४ ।

[२२] मोहनराज शर्मा (सम्पा.), **नेपाली निबन्ध,** भाग १, (काठमाडौँ : साझा प्रकाशन, २०४८), पृ. १ ।

[२३] कुमारबहादुर जोशी, **महाकवि देवकोटा र उनका महाकाव्य,** (काठमाडौँ : साझा प्रकाशन, २०५२), पृ. ९६ ।

[२४] पूर्ववत्, पृ. ९९ ।

## २.१.२ शिक्षादीक्षा

बाबुद्वारा अक्षरारम्भ गराइएका देवकोटाले प्रारम्भिक शिक्षादीक्षा पनि घरमै प्राप्त गरेका थिए । तिलमाधव देवकोटाको विचार आफ्नो साहिँलो छोरो लक्ष्मीप्रसादलाई संस्कृत पढाउने थियो तर आफ्नै पत्नी अमरराज्यलक्ष्मी र जेठो छोरो लेखनाथको लक्ष्मीप्रसादलाई अंग्रेजी पढाउने इच्छा भएको देखी उनले छोरो लक्ष्मीप्रसादलाई दरबार हाइस्कुलमा पाँचौँ कक्षामा भर्ना गराए ।[२५] देवकोटाको पढाइ राम्रो भएकाले उनले दरबार स्कुलमा आठौँ कक्षाबाट एक्कैचोटि दसौँ कक्षा पढे । उनले १६ वर्षको हुँदा भारतको पटनाबाट म्याट्रिकुलेसनको परीक्षा दिएका थिए ।[२६] पढाइमा मिहेनती, जेहेन्दार स्वभाव भएका देवकोटाले वि.सं १९८२ मा पटनाबाट प्रथम श्रेणीमा म्याट्रिक परीक्षा उतीर्ण गरे ।[२७] अध्ययनकै क्रममा १९८३ सालमा १७ वर्षको उमेरमा देवकोटा त्रिचन्द्र कलेजमा आई. एस्सी. पढ्न भर्ना भए ।[२८] वि. सं १९८५ मा यिनले दोस्रो श्रोणीमा आइ. एस्सी. परीक्षा पास गरे ।[२९] यिनले वि.सं १९८६ मा पटना विश्वविद्यालयबाट बी.ए. परीक्षा उत्तीर्ण गरे[३०] भने १९९० मा पटनाबाटै बी. एल परीक्षा उत्तीर्ण गरे ।[३१] वि. सं १९९३ मा यिनले कलकत्ता र पटनाबाट एकैपटक एम.ए.मा दुई जाँच दिने व्यवस्था मिलाएको भए पनि परीक्षामा सम्मिलित हुन सकेनन् ।[३२] यसरी बी.ए. र बी. एल. को शैक्षिक योग्यता प्राप्त गरेपछि यिनको औपचारिक शिक्षा समाप्त भयो भने उनले अनौपचारिकरूपमा एम.ए. को अध्ययन गर्नुका साथै विश्व साहित्यका विविध पुस्तकहरूको अध्ययन गरेको जानकारी पाइन्छ ।

---

२५ नित्यराज पाण्डे, **महाकवि देवकोटा,** (ललितपुर : मदन पुरस्कार गुठी, २०१७), पृ. ७ ।

२६ नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ३ ।

२७ नित्यराज पाण्डे, पूर्ववत्, पृ. ३ ।

२८ कुमारबहादुर जोशी, **देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन,** (काठमाडौँ : साझा प्रकाशन, २०४७), पृ. ४ ।

२९ नित्यराज पाण्डे, पूर्ववत्, पृ. ७ ।

३० कुमारबहादुर जोशी, **महाकवि देवकोटा र उनको महाकाव्य,** (काठमाडौँ : साझा प्रकाशन, २०५२), पृ. १९ ।

३१ पूर्ववत्, पृ. १०० ।

३२ मोहनराज शर्मा (सम्पा.), पूवर्वत् ।

### २.१.३ पेसा

लक्ष्मीप्रसाद देवकोटाको आजीविकाको मुख्य पेसा शिक्षण वा अध्यापन नै थियो । आमाको पढ्नुपर्छ-कमाउनुपर्छ भन्ने उपदेश बमोजिम आई.एस्सी. पढ्दादेखि उनले बिहान-बेलुका तल्ला कक्षामा विद्यार्थीहरूलाई ट्युसन पढाउने अध्यापन वृत्तिद्वारा[३३] आफ्नो अध्यापन पेसाको सुरुवात गरिसकेका थिए भने वि.सं २००० भाद्र ११ गते ३४ वर्षको उमेरमा लक्ष्मीप्रसाद देवकोटा नेपाली भाषानुवाद परिषदमा नेपाली पुस्तक लेखकमा भर्ना भए ।[३४] अब उनेको पेसा नै लेखन हुन पुग्यो । वि.सं. २००३ सालमा देवकोटा त्रिचन्द्र कलेजमा अङ्ग्रेजी र नेपाली विषयको अध्यापनमा लागे ।[३५] २००४ सालमा त्रिचन्द्र कलेजको जागिर छाडी बनारस प्रवासमा 'युगवाणी' पत्रिकाको सम्पादन गर्न थाले ।[३६] त्यसपछि वि.सं २०११ सालमा देवकोटाले केही महिना पद्मकन्या कलेजमा प्राध्यापन गरे ।[३७] भने २०१२ सालमा कमर्स कलेजमा केही महिना अङ्ग्रेजी पठाउने कार्य गरे ।[३८] वि.सं १०१४ सालमा नेपाल एकेडमी - हाल नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापना भएपछि देवकोटा यस संस्थाको साहित्य विभागका सहस्यमा नियुक्त भए ।[३९] वि.सं २०१४ सालमै डा. के.आई सिंहको प्रधान मन्त्रीत्वमा अल्पकालीन (श्रावण ११ देखि कार्त्तिक २९ गतेसम्म) समयका लागि नेपालको शिक्षा तथा स्वायत्त मन्त्री बन्न पुगे ।[४०]

यस प्रकार भाषानुवाद परिषद्को जागिर, त्रिचन्द्र, पद्मकन्या, नेपाल कमर्स कलेज जस्ता विभिन्न कलेजमा गरेको प्राध्यापन पेसा, नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य र मन्त्रीको पदमा बस्ने अवसरसम्म पाएका भए पनि वा आजीविकाका लागि विभिन्न पेसागत स्रोत अँगाले पनि उनी मुख्यतः एक शिक्षक नै थिए ।

---

३३ नित्यराज पाण्डे, पूर्ववत्, पृ. ८-९ ।
३४ पूर्ववत्, पृ. १८ ।
३५ कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०३ ।
३६ कुमारबहादुर जाशी, पूर्ववत्, पृ. १०३ ।
३७ पूर्ववत्, पृ. १०५ ।
३८ नित्यराज पाण्डे, पूर्ववत्, पृ. ३८ ।
३९ कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०७ ।
४० चूडामणि बन्धु, **देवकोटा,** (काठमाडौँ : साझा प्रकाशन, २०४६), पृ. ४५१ ।

## २.१.४ प्रतिकूल स्वास्थ्य, आर्थिक अवस्था र पारिवारिक दायित्व

प्रतिकूल आर्थिक अवस्थाका कारण पागल कहलिनसम्म बाध्य भएका देवकोटाको स्वास्थ्य पनि प्रतिकूल नै रह्यो । दाल-भात डुकुको त कुरै छौडौं, एउटा चुरोटको त बराबर धौ-धौ पर्ने देवकोटाको विशेष आम्दानीको काम अरु केही नभई खाली ट्युसनकै मात्र भर पर्नुपर्दा ट्युसन सुकेको समयमा उनलाई उस्तै हाहाकार परिनै रहन्थ्यो ।[४१] आइ. एस्सी पढ्दैदेखि ट्युसनमा दिनको १०-१२ घण्टा समय दिने देवकोटामाथि एक वर्षको अन्तरमा आइलागेको मातृशोक र पितृशोकको पीडाका साथै घरको आर्थिक सङ्कटावस्था र उनीमाथि बढेको पारिवारिक दायित्वका कारण उनेको मानसिक सन्तुलनमा केही गडबढी पैदा[४२] भयो । उनको प्रतिकूल आर्थिक अवस्थाको सिकार देवकोटाका साथै उनको परिवार नै बनेको थियो । एकातर्फ उनी स्वयम्लाई बनारसमा आफ्ना काव्य रचनाहरू बेचेर बिहान-बेलुकाको छाक टार्नु[४३] परेको थियो भने अर्कातर्फ टाइफाइडले सिकिस्त भएको उनको माहिलो छोरो कृष्णप्रसादको औषधोपचार हुन नसकेर मृत्यु भएको थियो ।[४४] साथै केटाकेटीलाई समेत केही ख्वाउन नसकी भोकभोकै राख्नुपर्दा मर्नु र बाँच्नुको अर्थ एकै सम्झी कविले आफ्नो जहानसँग पोटासियम साइनाइट खाएर संसार त्याग गर्ने कुरा[४५] समेत गरेका थिए । बनारस प्रवास काल २००४ देखि नै बिग्रिएको उनको शारीरिक स्वास्थ्यका साथै एक दुईपटक देखा परेको मानसिक हलचलले पनि उनको साहित्यिक कृतिमा भने कुनै नकारात्मक प्रभाव आएन । २०१४ सालमा तिन महिना जति मन्त्रीपदमा आसीन रहे पनि आर्थिक दृष्टिले सङ्कट ग्रस्त र स्वास्थ्यका दृष्टिले रोगग्रस्त बन्न[४६] पुगेका देवकोटाले वि.सं. २०१५ को आषाढ महिनातिर पेटमा क्यान्सर भएका पत्ता लागेपछि[४७] सबैसँग सहयोग मागि उपचारका लागि कलकत्ता गए तर त्यहाँ बस्दा निको नहुने बुझेपछि काठमाडौँ फर्के । क्यान्सरबाट मुक्त हुन मस्कोसम्म जाने चाहना थियो तर उनका अगाडि उभिएको आर्थिक सङ्कटको पहाडले उनको त्यस

---

[४१] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०४ ।

[४२] पूर्ववत्, पृ. १०० ।

[४३] पूर्ववत्, पृ. १०४ ।

[४४] पूर्ववत् ।

[४५] पूर्ववत् ।

[४६] महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** (काठमाडौँ : एकता बुक्स, २०६१), पृ. ५७ ।

[४७] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०७ ।

चाहनालाई छेक्दथ्यो ।[४८] आफूलाई भेट्न आउनेहरूलाई मलाई पोटासियम साइनाइड दिनुहोस् भन्दै क्यान्सर रोगकै रोगाग्निमा जली तड्डी-तड्पी उनको मृत्यु भयो ।

### २.१.५ सामाजिक-राजनैतिक सक्रियता

लक्ष्मीप्रसाद देवकोटा जीवनभर साहित्य निर्माणका साथै सामाजिक र राजनैतिक कार्यमा पनि निकै सक्रिय रहेका देखिन्छन् । त्यसै क्रममा देवकोटा १९८४ सालमा छ्यालिस जनाको सहीछाप बोकेर नेपाल राष्ट्रमा एउटा जनपुस्तकालय खोल्न पाऊँ भनी प्रधानमन्त्री भीमशमशेरको दैलोमा पुगे । हस्ताक्षर गर्नेमध्ये रामचन्द्र अधिकारी भन्ने राणाको सुराकीले अरु पैतालिस जनालाई पुस्तकालय खोल्ने अपराध गरेको आधारमा पक्राउ गराए ।[४९] जनही एक सय रुपियाँ जरिमाना गरेर उनीहरूलाई छोडियो ।[५०]

यसरी सामाजिक कार्य गर्न खोज्दा दण्डित हुन पुगेका देवकोटा तत्कालीन नेपालको अन्यायी निरंकुश राणातन्त्रका विरुद्ध एक पढेलेखेको नागरिकका हैसियतले खुलेर लाग्नुपर्ने आत्मबलको विकास उनमा हुँदै आयो र २००४ सालतिर उनी राणा विरोधी राजनैतिक गतिविधिमा सक्रिय भई लाग्न भारतको बनारस प्रवासमा गइ छाडे ।[५१] २००४ सालको साउन देखि २००६ सालको दसैंसम्म उनी बनारस प्रवासमा रहे र त्यहाँ रहँदा उनले नेपालको राजनैतिक परिवर्तन र क्रान्तिका निम्ति आफ्ना कलममार्फत जोडदार आवाज घन्काए । देवकोटा २००६ सालको दसैंतिर बनारसबाट काठमाडौं फर्के र २००७ सालको फागुन ७ गते जनक्रान्ति सफल भई प्रजातन्त्र आएपछि पनि नेपालको राजनीतिमा देवकोटा निकै संलग्न भए । दुई-दुई पटक (२००९ र २०११) सल्लाहकार सभाका सदस्यमा नियुक्त भए र २०११ सालमा विरोधी दलको नेता समेत चुनिई[५२] उनले आफ्नो प्रखर राजनैतिक व्यक्तित्वको परिचय दिए । त्यसपछि २०१४ साल साउन ११ गते उनी शिक्षा तथा स्वायत्त शासन मन्त्री बने । डा. के.आई सिंहको प्रधानमन्त्रीत्वमा गठित मन्त्री परिषद्मा उनी ११० दिनसम्म मन्त्री भए ।[५३] मन्त्री भएपछि उनले नेपाल

---

[४८] महादेव अवस्थी, पूर्ववत्, पृ. ५९ ।
[४९] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. २७-२८ ।
[५०] पूर्ववत्, पृ. २८ ।
[५१] नित्यराज पाण्डे, पूर्ववत्, पृ. २४ ।
[५२] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०५ ।
[५३] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ३६ ।

राष्ट्रभरिका स्कुल र कलेजहरूमा नेपाली भाषामा पढाइ हुने व्यवस्था मिलाए । साथै सरकारी कार्यालयहरूमा नेपाली भाषाको अनिवार्य प्रचलन गराउनका लागि पनि देवकोटाको नै महत्त्वपूर्ण भूमिका थियो ।[५४]

देवकोटा विविध संस्थामा आवद्ध थिए । कहिले उनी राजनीतिक भाषणमा मग्न हुन्थे, कहिले साहित्यिक गोष्ठीमा उभिन्थे र कहिले धार्मिक प्रवचनमा पण्डित पनि हुन्थे । देवकोटा सांस्कृतिक जागरणका लागि उत्सर्गित थिए । उनैले २००१ सालदेखि गाईजात्रा मान्ने परिपाटी ल्याए । २००८ सालमा देवकोटाको अध्यक्षतामा काठमाडौँमा 'गीतागेह' को स्थापनाका साथै उनले पहलमा २००८ सालमा नेपाल लेखक सङ्घको स्थापना भयो ।[५५] २००९ माघ १८ गते जयवागेश्वरी पुस्तकालयको तत्त्वावधानमा आयोजित विराटनगर साहित्यिक सम्मेलनमा भाग लिएका थिए ।[५६] देवकोटाले २०१२ सालमा आफ्नै सक्रियतामा काव्य प्रतिष्ठानको स्थापना गरेर अध्यक्षमा उनै स्थापित भए ।[५७] देवकोटा त्रिभुवन विश्वविद्यालय स्थापना सँगसँगै सो विश्वविद्यालयको कमिसनको सदस्यमा मनोनित[५८] भएर शैक्षिक र सामाजिक क्रियाकलापमा समेत सक्रिय भूमिका खेलेका थिए । यसरी उनले तत्कालीन सामाजिक अग्रणी व्यक्तित्वका साथै अगुवा शिक्षाविद्का रूपमा उनले महत्त्वपूर्ण योगदान गरेका छन् ।

### २.१.६ देहावसान र मरणोपरान्तका सम्झना एवम् सम्मान

देवकोटाको अत्यधिक चुरोट सेवन गर्ने आदत नै बसेको थियो ।[५९] त्यसैको फलस्वरूप यिनलाई क्यान्सर जस्तो डरलाग्दो रोगले आक्रमण गऱ्यो तर २०१५ साल असार महिनातिर मात्र पेटमा क्यान्सर भएको कुरा थाहा भयो ।[६०] देवकोटाले विभिन्न व्यक्ति एवम् संस्थाबाट उपलब्ध आर्थिक सहयोगबाट रोगको उपचार गराएको भए पनि निको भएन । क्यान्सर रोगबाट ग्रस्त भएकै कारण २०१६ साल भाद्र २९ गते पशुपति

---

५४ पूर्ववत्, पृ. ३६-३७ ।
५५ पूर्ववत्, पृ. ३७-३८ ।
५६ चूडामणि बन्धु, पूर्ववत्, पृ. ३३६ ।
५७ नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ३८ ।
५८ पूर्ववत्, पृ. ३५ ।
५९ चुडामणि बन्धु, पूर्ववत्, पृ. ५९ ।
६० कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १०७ ।

आर्यघाटमा उनको निधन भयो ।[६१] देवकोटा स्वर्गीय भएपछि नेपालको सरकारले उनको सम्मानमा नेपालभरि नै एकदिन राष्ट्रिय झण्डा आधा झुकाउन आदेश दियो । संसदका दुवै सदनका काम पनि एक दिनलाई रोकिए । साथै, त्यही शोकको प्रसङ्गमा सम्पूर्ण अड्डा अदालतहरू आधा दिन मात्र खुले । नेपाली भू-भागका सबै शिक्षण संस्थाहरू एक दिन बन्द गरिए ।[६२] देवकोटाको निधनपछि उनको परिवारलाई समेत सम्मान गर्न सरकार लागिपरेको देखियो । औषधोपचार र किरिया खर्च दिनुका साथै दुईजना छोरालाई माध्यमिक स्तरसम्म पढाउने सरकारी निर्णय भयो ।[६३] यिनको तेह्रौं दिनको विशाल शोक सभामा तत्कालीन महाराजाधिराज श्री ५ महेन्द्रबाट देवकोटाका कार्यहरूको मूल्याङ्कन गर्दै एक समवेदना सन्देश पठाइबस्केको थियो ।[६४] देवकोटाको निधन पश्चात् उनको सम्झनामा देश भित्रका काठमाडौँ, प्युठान, विराटनगर र देश बाहिर कालिम्पोङमा प्रतिमा स्थापना भए ।[६५] विराटनगरमा देवकोटा पुस्तकालय, सिलगढीमा देवकोटा संघ, सनसरेमा लक्ष्मी महाविद्यालय, भद्रपुरमा लक्ष्मी रोदीघर, काठमाडौँमा देवकोटा बाडुली जस्ता संस्थाका साथै उनका सम्झनामा  विद्यालय पनि खुलेका छन् ।[६६] उनका सम्मानमा धेरै पत्र पत्रिकाले विशेषाङ्क पनि प्रकाशित गरे । धेरैले उनका बारेमा विद्यावारिधि पनि गरे ।[६७]

२०२२ सालमा सरकारले देवकोटाको अनुहार अङ्कित १५ पैसाको हुलाक टिकट पनि प्रकाशित गऱ्यो । २०२३ सालमा विशेष प्रशंसापूर्वक उनलाई त्रिभुवन प्रज्ञा पुरस्कार समर्पित गरिएको थियो । साझा प्रकाशनले पनि उनको 'पृथ्वीराज चौहान' नामक महाकाव्यका लागि २०४९ सालको 'साझा पुरस्कार' समर्पित गरेको थियो ।[६८] देवकोटाकै सम्मानमा काठमाडौँको सञ्चार ग्राममा 'त्रिमूर्ति निकेतन' को स्थापना भयो र सो निकेतनको धुरीमा कवि शिरोमणि लेखनाथ पौड्याल, नाट्य सम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णकदको सालिक उभियो । त्रिमूर्ति निकेतनले नै

---

[६१] नित्यराज पाण्डे, पूर्ववत्, पृ. ६३ ।
[६२] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ४७ ।
[६३] पूर्ववत् ।
[६४] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. ११० ।
[६५] चूडामणि बन्धु, पूर्ववत्, पृ. ५०८ ।
[६६] पूर्ववत् ।
[६७] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ४८ ।
[६८] पूर्ववत् ।

'महाकवि देवकोटा शताब्दी महोत्सव' को आयोजना गऱ्यो र देश विदेशमा यस बारेको नौलो जागरण पैदा भयो । यस महोत्सवले नेपाली भाषा साहित्यको सशक्त सेवागर्ने देश देशान्तरका झण्डै तिन सय जनालाई 'देवकोटा शताब्दी सम्मान' समर्पण गऱ्यो ।[६९]

## २.२ साहित्यिक व्यक्तित्व

साहित्यका सबै विधामा सफलताका साथ साहित्य सृजना गर्ने लक्ष्मीप्रसाद देवकोटाको पचास वर्षे जीवनकालमा चालिस वर्से समयावधि साहित्य साधनामै बितेको पाइन्छ । उनले अनुवाद र बहुभाषिक रचनातर्फ काम गरे पनि अङ्ग्रेजी र नेपाली भाषामा उनले गरेको मौलिक साहित्य सृजना निकै महत्त्वपूर्ण छ । उनले रचना गरेका अङ्ग्रेजी भाषका रचनाहरू **विग गेम सुटिङ इन नेपाल** शिकार निबन्ध सङ्ग्रह (१९९९), **द ल्यालेड अफ लून** (खण्डकाव्य, सन् १९६८), **एन्जल** (२०४०: अभिलेख), **सकुन्तला** (महाकाव्यः सन् १९९१), **बापू** (लामो कविता **सोनेट्स**, सन् १९९१) र उनको अनुवाद गरिएका रचनाहरू **प्रसिद्ध प्रबन्ध सङ्ग्रह** (प्रबन्ध सङ्ग्रह, १९९८), **म्याक्बेथ**, २०२६, **द प्रेजेन्ट** (श्यामदास वैष्णवको **उपहार** कविता सङ्ग्रहको अङ्ग्रेजी भाषमा अनुवाद, सन् १९५९), **द लुनाटिक एण्ड अदर पोएम्स** (पागल र अन्य कविताहरूको अङ्ग्रेजी अनुवाद, सन् २००९) हुन् । नेपाली साहित्यका कविता, निबन्ध, कथा, नाटक, उपन्यास र समालोचना जस्ता विषयमा कलम चलाई आफ्नो बहुमुखी व्यक्तित्व देखाए पनि उनको गद्यतर्फ निबन्ध (खासगरी निजात्मक निबन्ध) र पद्यतर्फ कविताका फाँटमा भने यिनी नेपाली साहित्यका दरिला खम्बा नै हुन् ।[७०] उनका निबन्ध र प्रबन्ध क्षेत्रहरूका कृतिहरूका रूपमा **लक्ष्मी निबन्ध सङ्ग्रह** (२००२) **पञ्चतन्त्र** (२०३७), **दाडिमको रुखनेर** (२०३९), **नागरिक शास्त्र** (२०६६), **महाकवि देवकोटाका निबन्ध** (२०६६)[७१] प्रकाशित भएका छन् । उनले नाट्यकृति पनि रचेका छन् र त्यसको निसानी **साबित्री-सत्यवान्** (१९९७) नामक पद्यात्मक शैलीको नाटक र **कृषिवाला** (२०२१) नामक गीति नाटक हुन् । उनले साहित्यका आख्यान विधाका कृति पनि रचेका छन् र त्यसैका सृजनात्मक परिणति हुन् : **लक्ष्मी कथासङ्ग्रह** (२०३२) र **चम्पा** (२०२४) उपन्यास ।

---

६९ पूर्ववत् ।
७० मोहनराज शर्मा (सम्पा.), पूर्ववत् ।
७१ नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ५० ।

लक्ष्मीप्रसाद देवकोटाले सबभन्दा बढी साहित्यिक सफलता प्राप्त गरको क्षेत्र कविता विधा हो । कविताका लघुत्तमदेखि बृहत् रूपसम्म उनको प्रतिभा फिँजारिएको छ । खास गरी मुक्तक (लघुत्तम रूप) भन्दा लघुरूप (फुटकर कविता) मध्यम रूप (खण्डकाव्य) र बृहत्रूप (महाकाव्य) मा उलने रचेका कृतिहरू फेला पर्छन् ।[७२] देवकोटाका फुटकर कविताहरू विभिन्न सङ्ग्रहमा सङ्कलित छन् । यिनका मुख्य कविता सङ्ग्रहहरू निम्न छन् - **श्री सीताराम पद्म विद्याश्रमको प्रार्थना** (२००३), **रामायण** (२००४), **पुतली** (बाल कविता सङ्ग्रह, भाग - २, २००९), **सुनको बिहान** (बाल कविता सङ्ग्रह भाग - १, २०१०), **भिखारी** (२०१०), **जन्मोत्सव मुटुका थोपा** (२०१५), **छहरा** (द्वितीय खण्ड, २०१६), **मृत्युशय्याबाट** (२०१६), **चिल्ला पातहरू** (२०२१), **गाइने गीत** (२०२४), **मनोरञ्जन** (२०२४), **भावना गङ्गेय** (२०२४), **नवरस** (२०२५), **आकाश बोल्छ** (२०२५), **छागासँग कुरा** (२०२६), **लक्ष्मी कविता सङ्ग्रह** (२०३३), **लक्ष्मी गीत सङ्ग्रह** (२०४०), **महाकवि देवकोटाका कविता** (२०४७), **फुल फुलेका बागमा** (२०५४), **स्वर्गको टुकुडा** (२०६१), **परी** (२०६६) ।[७३] यिनले रचना गरेका खण्डकाव्यहरू यी हुन् - **समर्पण** (सन् १९३२ः सम्वत् १९८९), **मुनामदन** (१९९२), **राजकुमार प्रभाकर** (१९९७), **कुञ्जिनी** (२००२), **पहाडी पुकार** (२००५), **नाला** (२००५ः युगवाणी साप्ताहिक), **आँसु** (२००६ : भारती), **वसन्ती** (२००९), **सीता हरण'** (२०१४), **रावण जटायु युद्ध** (२०१५), **म्हेन्दु** (२०१५), **नयाँ सत्यकली संवाद** (२०१८), **लूनी** (२००३), **मायाविनी सर्सी** (२०२४), **भ्यागुरनारान** (२०२४), **दुष्यन्त शकुन्तला भेट** (२०२५), **भयानक रस** (२०२५), **वीररस** (२०२५), **हाँस्यरस** (२०२५), **अद्भुत रस** (२०२५), **करुण रस** (२०२५), **कटक** (२०२६), **मैना** (२०३९), **वसन्ती** (२०३९), **सृजामाता** (२०३९), **नेपाली मेघदूत** (२०३९), **वैराग्य लहरी** (२०३९), **आनन्द शतक** (२०३९), **झञ्झा वर्णन** (२०३९), **तिप्लिङ्गी** (२०५७), **तुषार वर्णन** (२०५९) ।[७४] यसै प्रकार उनले रचना गरेका महाकाव्यहरू यस प्रकार छन् - **नेपाली शाकुन्तला** (२००२), **सुलोचना** (२००३), **महाराणा प्रताप** (२०२४), **वन कुसुम** (२०२५), **प्रमिथस** (२०२८), **पृथ्वीराज चौहान** (२०४९) ।[७५] समालोचनात्मक विधामा पनि साहित्य सृजना गर्ने देवकोटाका **स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा** (लक्ष्मीप्रसाद

---

[७२] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता,** भाग ४, (काठमाडौँ : साझा प्रकाशन, २०४६), पृ. ५६ ।

[७३] नरेन्द्रराज प्रसाई, पूर्ववत्, पृ. ४९ ।

[७४] पूर्ववत्, पृ. ५१ ।

[७५] पूर्ववत्, पृ. ४९-५० ।

देवकोटाका समालोचनात्मक लेखहरूको सँगालो : २०४१), आत्म समीक्षा (समीक्षा, २०६३), महाकविका भूमिका (२०६६) ।[७६] जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । यसरी साहित्यका सबै विधामा कलम चलाए तापनि कविताका विभिन्न रूपहरूको सृजना गर्ने कार्यमा देवकोटा बढी सफल देखिन्छन् ।

विभिन्न व्यक्ति र संघसंस्थाले लक्ष्मीप्रसाद देवकोटा कृतिका बारेमा गरिएका खोज-अनुसन्धान आदिबाट उनका कयौं कृतिहरू अप्रकाशित नै रहेको कुरा खुलासा हुन आएको छ । आजसम्म फेला परेका उनका अप्रकाशित कृतिहरू - **सुषमालोचना** (महाकाव्य), **सुन्दरी जल** (महाकाव्य), **भक्तप्रल्लाद** (महाकाव्य), **बुद्धचरित्र** (महाकाव्य), **लिन्लिथ** (उपन्यास), **भोटको लडाइँ** (गीतिकाव्य), **जिप्सी** (खण्डकाव्य), **सिकन्दर** (महाकाव्य), **संयोगिता** (अङ्ग्रेजी महाकाव्य), **भारतको इतिहास** (इतिहास), **एक महिनामा अङ्ग्रेजी पढ्नलेख्न सिकाउने, भरत मिलाप** (पद्य नाटक), **मोठ** (अङ्ग्रेजी कविता सङ्ग्रह), **निर्वाणको मार्ग** (नाटक), **राजपूत रमणी, भित्ता र सभा, फुड एन्ड सेक्स** (अङ्ग्रेजी निबन्ध), **अनाम** (पाण्डुलिपिका छवटा कापीहरू), **साहित्य चिन्तन** (लामो निबन्ध), **उषा अनिरुद्ध** (नाटक), **निबन्धसङ्ग्रह, देवकोटाका राजनीतिक कथाहरू, देवकोटाका राजनीतिक कविताहरू, देवकोटाका राजनीतिक निबन्धहरू, कामिनी**लाई (कविता सङ्ग्रह), **मरुभूमि** (खण्डकाव्य), **महाकवि देवकोटाका कथाहरू, महिला स्थान** (खण्डकाव्य), **घाँसका कुरा** (कविता सङ्ग्रह), **हरिश्चन्द्र** (काव्य), **भरत मिलाप, आधुनिक वेद, सिस्टर निवेदिता** (नाटक), **राधाकृष्ण चरित्र** (महाकाव्य) **तथागत** (गीति नाटक), **विज्जुको चरित्र** (नाटक), **कृष्णाष्टमी भोरल भाक्का** (कोश), **तारा, प्रदर्शनी** (कविता कुञ्ज), **स्वाँचा** (खण्डकाव्य), नाटक, निबन्ध, कविता ।[७७] यसरी नेपाली साहित्य भण्डारमा कयौं कृति भर्ने देवकोटाका केही कृति हराए, केही बेचिए, केही बच्चाको आची पुसेर फालिए तापनि अझै उनका नयाँ कृतिहरू फेला पर्ने र प्रकाशन गर्ने क्रम जारी नै रहेको छ । लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा महाकविका रूपमा र स्वच्छन्दतावादी धाराका प्रवर्तक एवं उन्नायक कविका रूपमा स्थापित छन् । उनले नेपाली कविता, खण्डकाव्य तथा महाकाव्यका तिनवटै स्तरमा र नेपाली निबन्धका विकास प्रक्रियामा पनि आत्मपरक, भावपरक, द्रुतवेगी, उच्च कल्पनाशील, प्रकृति प्रेमी रहस्यवादी मानवतावादी तथा व्यङ्ग्य प्रचुर

---

[७६] पूर्ववत्, पृ. ५१ ।

[७७] पूर्ववत्, पृ. ५१-५२ ।

विद्रोही क्रान्तिकारी पाराको नवीन स्वच्छन्दतावादी धाराका र युगको प्रवर्द्धन एवं निर्माण गर्ने केन्द्रीय प्रतिभाको भूमिका खेलेका छन् । यिनै लक्ष्मीप्रसाद देवकोटाका विभिन्न खण्डकाव्यलाई श्रेणी मापन गर्दा सृजामातालाई पनि उच्च श्रेणीको खण्डकाव्य अन्तर्गत राखेको देखिन्छ ।[७८] उनको यसै उच्चश्रेणीको खण्डकाव्यको विषयवस्तुपरक अध्ययन गर्ने कार्य प्रस्तुत शोधमा गरिएको छ ।

## २.३ निष्कर्ष

तिलमाधव देवकोटा र अमरराज्यलक्ष्मीबाट वि.सं. १९६६ साल कार्तिक २७ गते काठमाडौँमा लक्ष्मीप्रसाद देवकोटाको जन्म भएको थियो । आफ्ना बाबुबाटै अक्षरारम्भ गरेका देवकोटाले औपचारिक रूपमा बी.ए., बी.एल.सम्मको शिक्षा हासिल गरे भने अनौपचारिक रूपमा एम्.ए. सम्मको अध्ययनका साथै विश्व साहित्यका विविध पुस्तकहरूको अनुभव बटुल्दै आफ्नो बौद्धिक व्यक्तित्वलाई अगाडि बढाए । देवकोटाले त्रिचन्द्र, पद्मकन्या, नेपाल कमर्स कलेज जस्ता विभिन्न कलेजमा प्राध्यापन गर्नुका साथै मन्त्रीपदमा बस्नेसम्मको अवसर पाए तापनि उनले जीवन निर्वाहको मुख्य पेसा शिक्षण नै थियो । आफ्नो लहडी स्वभावका कारण देवकोटा कुनै पनि जागिरमा धेरै समयसम्म टिक्दैनथे । त्यसैकारण उनको घरको आर्थिक अवस्था निकै कमजोर थियो । एकातिर माता-पिताको वियोगको पीडा र अर्कोतिर पारिवारिक जिम्मेवारी अनि कमजोर आर्थिक अवस्थाका कारण देवकोटाको स्वास्थ्य निकै संवेदनशील बन्यो । राणा शासनको खुलेरै विरोध गर्ने सिलसिलामा देवकोटा दुई वर्षसम्म भारतको बनारसमा प्रवासी जीवन बिताए भने उनले आफ्नो जीवनमा अनेकौ सामाजिक र शैक्षिक कार्य समेत गरे । अत्यधिक चुरोट खाने आदतले देवकोटाको मानसिक शारीरिक स्वास्थ्य पनि पटक-पटक बिग्रिएका कारण क्यान्सर रोगबाट ग्रस्त भई २०१६ सालमा उनको निधन भयो । देवकोटाको निधनपछि उनका सम्झना एवं सम्मान स्वरूप विभिन्न पुरस्कार प्रदान गर्नुका साथै उनका नाममा देश-विदेशमा संघ संस्थाहरू खोलिए भने उनको शालिकसमेत निर्माण गरियो । नेपाल सरकारले उनको परिवारलाई उपचार खर्च र किरिया खर्च उपलब्ध गराएको थियो भने उनको अनुहार अङ्कित हुलाक टिकटसमेत प्रकाशित गऱ्यो । साहित्यका कविता, निबन्ध, उपन्यास, कथा, नाटक र समालोचना जस्ता विधामा कलम

---

७८ महादेव अवस्थी, पूर्ववत्, पृ. ४४४ ।

चलाएका देवकोटा महान् प्रतिभा हुन् । उपन्यास, नाटक, कथा आदिका क्षेत्रमा खासै सशक्त रूपमा देखा पर्न नसके पनि कविता र निबन्धका क्षेत्रमा भने उनी दरो खम्बा नै हुन् । यसरी साहित्यिक व्यक्तित्वका रूपमा देवकोटा निकै प्रख्यात बन्न पुगे ।

# तेस्रो परिच्छेद

## 'सृजामाता' खण्डकाव्यको विषयवस्तुगत अध्ययन

**सृजामाता** खण्डकाव्यमा जम्मा पाँच खण्ड छन् । तीमध्ये पहिलो खण्डदेखि चौथो खण्डसम्म विषयवस्तुगत आख्यानको प्रयोग गरिएको छ भने अन्त्य (पाँचौं) खण्डलाई 'उपदेश-दर्शन' शीर्षक दिई त्यसमा सृष्टिगत रहस्य सम्बन्धी स्वच्छन्दतावादी दर्शनका मान्यताहरू प्रस्तुत गरिएका छन् । यस खण्डकाव्यको कृतिगत अध्ययन गर्दा यसका प्रत्येक खण्डमा गरिएको विषयवस्तुगत आख्यानका साथै अन्त्य खण्डमा गरिएको आख्यान विहीन विचार कथनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसले यहाँ उक्त खण्डकाव्यका पाँचवटै खण्डको विषयवस्तुगत आख्यान र विचार धारालाई सूक्ष्म रूपले केलाई प्रस्तुत गरिएको छ ।

## ३.१ सृजामाता खण्डकाव्यको पहिलो खण्डको आख्यानात्मक विषयवस्तु

### ३.१.१ कथानक

**सृजामाता** खण्डकाव्यको पहिलो खण्डको थालनी कवि कथनबाट गरिएको छ । त्यस क्रममा प्रथमतः कविले प्राचीन सुदूर बिरानो ग्रिसेली सुन्दर सहर हेर्न मन लागे त्यतातिर हिँडौं भनी आह्वान गरेका छन् (श्लो. १-२) । त्यसपछि कविले सो ग्रिसेली सुन्दर सहरको चित्रण गरेका छन् । त्यहाँ गरिएको चित्रण अनुसार शस्य श्यामल धर्तीमा नागबेली परेका सुन्दर नालाहरू छन् । त्यहाँको जन जीवनको वर्णन गर्ने क्रममा उनले त्यहाँ रातागाले सरल हृदय भएका मानिसहरू रहेको चर्चा गरेका छन् (श्लो. ३) । कविले त्यहाँको वन, पाखा, नीला पर्वत र चराचुरुङ्गीको मधुर आवाजले गुञ्जायमान ग्रिसको रमणीय प्राकृतिक परिवेशको वर्णन पनि गरेका छन् । त्यही प्राकृतिक परिवेशमा साँझको समयमा उज्यालो हुन्छ अनि त्यही सुन्दरताले चुलीहरू स्वर्गको भऱ्याङ्ग झैं मनमोहक देखिन्छन् भन्दै कविले यस खण्डमा ग्रिसेली प्रकृतिको थप चर्चासमेत गरेका छन् (श्लो. ४-५) । कवि त्यसताका ग्रिसमा हावा, पानी, पहाड आदिमा देवी देवताहरू निर्धक्क भ्रमण गर्थे भन्ने अनेक प्रकारका कथाहरू प्रचलित रहेको बताउँछन् । तिनै प्रचलित कथाहरूमध्ये कविल सारै असल, सुँगाको रङ्गको सारी लगाएकी एउटी सिरिज नामकी

पृथ्वी महतारीको कथा भन्न थाल्छन् (श्लो. ६-७) । गोदावरी फुल केशमा सिउरिएर हातमा हंसिया बोकी सिरिजमाता हरिया भरिया खेतमा घुम्थिन् । उनी प्रशस्त मात्रामा दूध र दही खाएर धर्मको भरमा आनन्दसँग पर्वते घरमा बस्थिन् (श्लो. ८-९) । खण्डकाव्यका पात्रहरूको परिचय गराउने क्रममा कवि यस खण्डकाव्यकी प्रमुख नारीपात्रको दिनचर्या र स्वभावको बारेमा वर्णन गर्छन् । मिठो बोल्ने, आँखाकी छिटी, सारै दयालु, केटाकेटी फकाउन सिपालु सिरिज नागबेली कमर पेटी लगाउँ थिन् (श्लो. १०-१२) । सिरिजमाताको परिचय दिएपछि कवि उनकै ड्रागन नामक नागको रथको वर्णन गर्न तर्फ लाग्दछन् । ती नागको मुखबाट आगो सहितको काला धुवाँको मुस्ला निस्कन्थे । ती नागहरू सारै बलिया हुन्थे र तिनको पङ्ख वायु पङ्खी हुन्थ्यो (श्लो. १३-१५) । सिरिजमाताको झुपडी, त्यहाँको चिसो पानी, चिसा हावा बहने, ग्रिसको पर्वत भएको पहाडी परिवेश र त्यहाँको वीरताको वर्णन गर्ने क्रममा कवि नेपाली परिवेश र वीरताबीच तुलनात्मक दृष्टि लगाउँछन् (श्लो. १६-१८) । राम्रो बगैंचाले सिङ्गारिएको सिरिजको पहाडी झुपडीको वर्णनका साथ कविले यहाँ सिरिजकी छोरी प्रोजरपिनाका सौन्दर्य र स्वभावको पनि वर्णन गरेका छन् । स्याउ रङ्गकी राता-राता गाला भएकी, अप्सराको जस्तो ढङ्ग भएकी ठिटीका रूपमा कविले प्रोजरपिनाको सौन्दर्यको वर्णन गरेका छन् । उनी तोतेबोली गर्ने पाठासँग फुर्किंदै आँगनमा खेल्थिन् भनेर उनको खेल्ने शैलीको चित्रण पनि गरेका छन् (श्लो. १९-२१) । सिरिज आफ्नी छोरीलाई अति नै माया गर्छिन् । बिरानो ठाउँमा काँढा लाग्ला, विदेशीहरूले चोर्लान् त्यसै कारण ओखर फोर्न टाढा नजाऊ भन्दै आफू बाहिर गएका बेला छोरीलाई घरैमा बस्नलाई सम्झाउँ छिन् (श्लो. २२-२३) । सृजामाता आफ्नी प्यारी छोरीलाई विभिन्न विशेषणात्मक उपनाम दिई, छोरीका ओठमा मायाले छुदै धानका विकास हेर्न जान्छिन् (श्लो. २४-२५) । खेतको आलीमा तयार रहेको नागको रथमा बसी फणाको जालीमा सृजामाताले कोर्राले हान्छिन् । आगो र धुँवाले युत्त रथ हावाको बाटोमा हुर्हुर गरी फर्फरी पङ्ख उचालेर उड्छ (श्लो. २६-२७) । सिरिजमाता पहिले नजिकको बारी चाहर्छिन् अनि धानको बिउ कति लामो भयो भनेर हेर्न जान्छिन् (श्लो. २८) । यता पन्ध्रवर्से उमेरका कारण चञ्चले स्वभाव भएकी प्रोजरपिना आमाले सम्झाएको एकै छिनमा बिर्सिन्छिन् । पातलो राम्रो फुलबुट्टे गहुनको घाँगर लगाएर फुलको सारै सोख भएकी उनी फुल टिप्न भनी घरबाहिर जान्छिन् (श्लो. २३) । समुन्द्रको तिरमा समुन्द्र परी, मछिली परी, झ्याउकेसी सुन्दरीसँग केहीबेर खेली प्रोजरपिना फुल

टिप्न भनी हिडिछन् (श्लो. ३४-३५) । फुलको मालाउनी आमालाई लगाइदिऊँ भन्ने मनसाय बोकी प्रोजरपिनाले राम्रो फुलको झ्याङ्ग भएको ठाउँमा गएर पोल्टाभरि फुल टिप्छिन् (श्लो. ३६) । फुल टिप्दै जाँदा प्रोजरपिनाले अनेक रङ्गको उज्यालो भएको फुलको अँगालो झलक्क देख्छिन् (श्लो. ३७) । त्यो राम्रो फुलको बोट देखेर प्रोजरपिना बगैंचामा त्यसलाई सार्ने रहर गर्छिन् । आमालाई पनि मख्ख पार्ने बगैंचा पनि उज्लायो पार्ने मनसाय बोकी प्रोजरपिनाले फुलको जरा हल्लाउछिन् (श्लो. ३८-४०) । प्रोजरपिनाका बैंसका हातको बल धेरै परेको नभए तापनि जरा साथको जमिन मुख बाएर उठ्छ र त्यहाँ खाल्डो पर्छ (श्लो. ४१) । त्यो देखेर प्रोजरपिना आम्मै ! यो क्या हो ? भनेर तर्सिन्छिन् र किनारमा थच्किन्छिन् (श्लो. ४२-४३) । त्यो अँध्यारो खोल्डोबाट हुरुर्रको आवाजसँगै हावाको बाढी जस्तै एउटा रथ निस्किन्छ । त्यस यानमा आउने प्लुटो नामक कल्सेंदा देवता ग्रिस देशका यमराज हुन भनी कविले प्लुटोको परिचय गराउँछन् (श्लो. ४४-४५) । रत्नको तारा चम्काई जगमग बनेर आएर नजाती प्लुटोले झट्टपट्ट प्रोजरपिनालाई हातले समातेर रथमा हाली पातालतर्फ दौडाए भनी कविले प्रोजरपिनाको अपहरण भएको अवस्थाको चित्रण गरेका छन् (श्लो. ४६-४७) । नीतिले बद्ध हुँदामा कठोर मनले राज गर्ने गरे तापनि सारै कमलो दिलका यमपुरका महाराजाका रूपमा कवि प्लुटोको स्वभावको वर्णन गर्छन् (श्लो. ४८) । प्लुटोको स्वभावको वर्णनपछि कवि प्लुटोको चन्द्रसूर्यको उज्यालो नभए तापनि रत्नका ज्योतिले उज्यालो हुने पातालको सहरको वर्णन गर्नतर्फ लाग्दछन् (श्लो. ४९-५०) । प्लुटोलाई ठुलो दरबार भए तापनि जीवन सङ्गिनी नभएका कारण अँध्यारो भान हुन्थ्यो भनी कवि यमको एक्लो हुँदाको अनुभवबारे बताउँछन् । त्यसैकारण प्रोजरपिनाको सौन्दर्यको वर्णन सुनेर आफ्नी रानी बनाउने जाल यमले रचेका हुन् भन्नेबारे कवि स्पष्ट पार्दछन् (श्लो. ५१-५२) । कालो पुरुष देखेर प्रोजरपिना डराइन्, रोइन्, चिच्याइन, कराइन भन्दै तर उनको करुण आवाज कसैले पनि नसुनेकोबारे कवि बताउँछन् (श्लो. ५५) । फर्कोला भन्ने आशा बोकी प्रोजरपिना पोल्टाको फुल बाटामा फालेर रुदै चलिन् तर पनि उनी फर्कन नसकेको यथार्थ कवि यसै खण्डमा ओकल्छन् (श्लो. ५५) । अपहरित प्रोजरपिनाका आँखाबाट कविले यमपुर सहरको वर्णन गरेको छन् । अँध्यारो नागवेली बाटो भएको यमपुरमा सबैको घरमा रत्नको प्रकाश हुन्थ्यो (श्लो. ५६) । मणिकका खम्बा भएको कलाले सुन्दर यमको दरबार प्रोजरपिनालाई सारै नै राम्रो लाग्यो । मोतीका हार, राम्रा राम्रा लत्ता

कपडा मिले तापनि मन रोएका कारण प्रोजरपिनालाई त्यो घरबाट अँध्यारो भएको बताउँदै प्रोजरपिनाका माध्यमबाट कविले भौतिक सुखभन्दा आत्मिक सुख नै ठुलो हुने कुरा व्यक्त गरेका छन् (श्लो. ५६-५८) । प्रोजरपिनाको हातको फुल वैलाई सके तापनि उनका आँशुले पुनः मौलाए भन्दै कवि प्रोजरपिनाको कारुणिक अवस्थाको वर्णन गर्छन् (श्लो. ५९) । प्लुटो नामक पातालका राजाले गहनाको झुप्पा दिएर प्रोजरपिनालाई फकाउने प्रयत्न गरेतापनि उनको रोएको मन र सम्झनामा माइती देश आएकाले प्लुटोको प्रयत्न असफल भएको कविले देखाएका छन् (श्लो. ६०-६१) । मखमली बिछ्यौनामा गहनाले ढाकेर राख्ने कुरा गर्दै प्लुटो प्रोजरपिनासँग आफ्नी रानी बन्नका लागि आग्रह गर्दछन् (श्लो. ६२) । प्रोजरपिनाका मनका सबै इच्छा पूरा गर्ने, आफ्नो घरका सम्पूर्ण कुरा दिने र अझ प्रोजरपिना हाँसेको हेर्नलाई आफ्नो देशको सम्पूर्ण गरगहना नै भेटी चढाउने कुरा पनि यमले गर्दछन् (श्लो. ६३-६४) । प्रोजरपिना मोतीका दन्तले एकपटक हाँसेमात्र पनि यमपुरमा स्वर्ग खसेको आभाष हुन्छ भनी साधु र सन्तले बताएका कुरा प्लुटो प्रोजरपिनाका सामु भन्दछन् (श्लो. ६५) । आँखै तर्नु पर्ने कुरूप आफू पनि नभएको भन्दै प्लुटो प्रोजरपिनालाई कठोरता त्याग्न र नठुस्कन आग्रह गर्दछन् (श्लो. ६६-६७) । आफू पनि एक्लो भएका कारण प्रोजरपिनाको साथ खोजेको कुरालाई स्पष्ट पार्दै प्लुटो उनलाई कठोरता त्याग्न र पुरुषको दिलको मायाका माझमा जीवन अर्पण गर्न अनुरोध गर्दछन् । मिठा-मिठा वचन गरी प्लुटो प्रोजरपिनालाई फकाइ रहन्छन् तर जति फकाए पनि उनी मान्दिनन् र उठेर हिड्छिन् (श्लो. ६८-७१) । पृथ्वीमा फर्काइ देलान् भन्ने आशमा प्रोजरपिनाका कयौं दिनहरू यमपुरमा केही खानु न पिउनुविना भोकै र तिर्खै बित्छन् (श्लो. ७२) । यहाँसम्मको कथानकको घटनाक्रमसम्म आइपुग्दा प्रथम खण्ड समाप्त भएको छ ।

### ३.१.२ पात्र विधान

**सृजामाता** खण्डकाव्य ग्रिसेली पुराकथामा आधारित मिथकीय पात्रहरूको प्रयोग भएको खण्डकाव्य हो । **सृजामाता** खण्डकाव्यको पात्र विधान पूर्णतः मानवेत्तर पात्र-प्रयोगमा आधारित रहेको भए तापनि त्यसमा प्रचुर मानवीकरण गरिएको छ (अवस्थी, २०६१: ३९५) । यस खण्डकाव्यमा आएका नारी पात्रहरू सिरिज र प्रोजरपिना हुन् भन्ने पुरुष पात्रमा यमको भूमिका महत्त्वपूर्ण छ । उक्त तीनै पात्रहरूको उपस्थिति प्रथम

खण्डबाट भएको पाइन्छ । यसै खण्डमा पजिउन बुढा, समुन्द्र परी, मछिलीपरी, झ्याउकेशी सुन्दरी जस्ता सङ्केत गरिएका पात्रहरूको पनि उपस्थिति भएको छ । यस खण्डका मुख्य पात्रहरूको चारित्रिक विशेषता तल चर्चा गरिएको छ ।

### क) सिरिज

सिरिज यस खण्डकाव्यको पहिलो खण्डमै उपस्थित मुख्य नारी पात्र हुन् । असल आमाको भूमिकामा देखा परेकी सिरिजको उपस्थिति प्रथम खण्ड (श्लो. ७) बाटै भएको पाइन्छ । यस खण्डमा कविले आफ्नो काव्यमा प्राचीन ग्रिसमा प्रचलित अनेकौं कथाहरूमध्ये सिरिजको कथा भन्न थालेको कुरा बताएका छन् । ती सिरिज भनेकी पृथ्वीमाता हुन् । तिनकै दिनचर्या, लवाइ, खुवाइ, स्वभाव र आवाससमेतको वर्णन यस खण्डमा गरिएको छ । सिरिजले केशमा गोदावरी फुल सिउरिएकी छन् । उनी हातमा हँसिया लिएर धान बालीको निरीक्षण गर्दै खेतमा डुल्छिन् । सहनशील दयालु सिरिज मिठो बोल्छिन् । उनी केटाकेटीलाई माया गर्छिन् । उनी गाई, भैंसी पालेर प्रशस्त दुध दही खान्छिन् । धर्मको भरमा चल्ने सिरिजको झुपडी पनि पहाडी नेपाली पाराको नै छ । आफू बाहिर जाँदा छोरीलाई घरैमा बस्न सम्झाउने सिरिज उक्त विभिन्न कारणले नेपाली नारी झैं लाग्दछिन् । यस खण्डकाव्यको पहिलो खण्डमा सिरिजको चारित्रिक विशेषतालाई हेर्दा उनी ग्रिसेली पुराकथामा स्थापित पृथ्वी महतारी सम्बन्धी आद्य प्रतीक हुन् भन्ने ठहर्छ ।

### ख) प्रोजरपिना

प्रोजरपिना पनि **सृजामाता** खण्डकाव्यको पहिलो खण्डमै चित्रित नारी पात्र हुन् । सिरिज पृथ्वीमाता हुन् भने उनकै काखमा हुर्कने बानस्पत जीवनशीक्तरूप पुत्री प्रोजरपिना हुन् । पन्ध्र वर्षकी सारै राम्री, रङ्गिलो मन भएकी किशोरीका रूपमा प्रोजरपिना देखा परेकी छन् । यस खण्डमा प्रोजरपिनाका सौन्दर्यको चित्रण गरिएको छ । उनी स्याउगाले, मृदुभाषी अप्सरा ढङ्गकी छन् । प्रोजरपिनाको मुख पनि बान्की परेको छ । पातालका राजा प्लुटोले अपहरण गरेपछि आफ्नो सबैथोक अर्पण गरेरै भए पनि रानी बनाउन खोजेको प्रसङ्गलाई ल्याएर प्रोजरपिना असाध्यै राम्री ठिटी भएको कुरा प्रस्ट पारिएको छ । प्रोजरपिनालाई आमाले आफू बाहिर जाँदा घरैमा बस्न सम्झाउँ छिन् । तर

उमेरका कारण चञ्चल स्वभाव भएकी प्रोजरपिना आमाले सम्झाएको सबै कुरा बिर्सिएर फुल टिप्न भनी बाहिर निस्कन्छिन् । त्यही अवस्थामा उनी अपहरणमा पर्छिन् र दुःखमय जीवन जिउन विवश हुन्छिन् । यहाँसम्मको चित्रणलाई नियाल्दा प्रोजरपिना पन्ध्रवर्षे चञ्चल युवती भएको बुझिन्छ । त्यो चञ्चलता उनका किशोर अवस्थाको परिसूचक हो । उनी पृथ्वी महतारीकी वानस्पत जीवनी शक्ति वा हरियालीको ग्रिसेली आद्य प्रतीक हुन् र उनैलाई यहाँ मानवीय किशोरीको व्यक्तित्व दिइएको छ ।

### ग) प्लुटो

प्लुटो यस खण्डकाव्यका मुख्य पुरुष पात्र हुन् । उनी अपहरण जस्तो नराम्रो काम (श्लो. ४७) गर्ने खल पात्रका रूपमा देखा परेका छन् । उनी कालो वर्णका छन् । झट्ट हेर्दा खल पात्र जस्तो लागे तापनि उनले प्रोजरपिनाप्रति गरेका मायालु वचन र व्यवहारलाई नियाल्दा उनको खल पात्रता क्रमशः सुधारिँदै गएको देखिन्छ । आफुलाई मन परेपछि अपहरण गरेरै भए पनि ल्याउने र धन सम्पत्ति देखाएर रानी बन्न आग्रह गर्ने प्लुटोको स्वभावमा सामन्तवादी संस्कारको छाप पनि देख्न सकिन्छ । जीवन सङ्गिनी विना एक्लो जीवन बिताउँदै आएका प्लुटो प्रोजरपिनालाई ल्याएपछि पनि ती प्रोजरपिना खानु न पिनुबिना रोएपछि थप झन्झटमा परेका देखिन्छन् । प्रोजरपिनाको सौन्दर्यका कारण आफ्नो सम्पूर्ण चिज त्यागेर भए पनि उनलाई आफ्नी रानी बनाउन चाहेको प्रसङ्गबाट प्लुटो सौन्दर्य प्रेमी तथा नारीप्रेमको भोकोपात्रका रूपमा देखिन्छन् । प्लुटो ग्रिसेली पुराकथामा पातालका राजाका रूपमा कल्पित आद्यपात्र हुन् ।

### ३.१.३ परिवेश विधान

**सृजामाता** खण्डकाव्यको प्रथम खण्डलाई परिवेश विधानका दृष्टिले स्थानगत, कालगत र वातावरणगत रूपमा नियाल्न सकिन्छ । स्थानगत परिवेशका रूपमा सिरिजको झुपडी रहेको ग्रिसको कुनै बस्तीदेखि सिरिजको खेतबारी, प्रोजरपिना खेल्न गएको समुद्रको तीर, फुल टिप्न गएको बगैंचा, पातालको रत्नले उज्यालो हुने कलाको अनुपम सौन्दर्य भएको प्लुटोको दरबारसम्मको परिवेश यस खण्डमा उल्लेख छ । समयगत परिवेशलाई हेर्दा सिरिजमाता धानको फसल हेर्न गएको वा प्रोजरपिना अपहरणमा परेको कार्तिकका दिनहरूबाट सुरु भएको देखिन्छ । प्लुटोद्वारा अपहरण गरी पाताल पुऱ्याइएकी

प्रोजरपिनाका खानु न पिउनुविना बितेका केही दिनसम्मको समय नै यस खण्डमा उल्लेख भएको पाइन्छ । यस खण्डमा प्रयोग भएको कृषि युगीन वातावरण झल्कने धानको बिऊ, धानको फसलका साथै पशु पालनको युगको पनि सङ्केत दिने गाईभैंसी पालेर सिरिजले प्रशस्त दुध दही खाएकी देखिन्छ । यिनै सिरिजको प्रसङ्गले प्राचीन ग्रिसेली आदिम मनुष्य समाजले कृषि युगमा प्रवेश गरिसकेपछिको समय प्रतिविम्बित हुन आउँछ । यस खण्डमा पुराकथात्मक पात्र र परिवेशलाई व्यक्तिगत परिवार बिहेबारी आदिको प्रसङ्ग उठाई सामाजिकीकरण गरिएको पनि भेटिन्छ । खेती किसान गर्ने झुपडीमा बसेर दुध दही खाने नेपाल झैं लाग्ने ग्रिसको गाउँले वातावरणको चित्रणलाई थप स्पष्ट पार्ने काम सिरिजको गोदावरी फुल टाउकोमा सिउरिने र हँसिया बोक्ने बानीले पनि गरेको देखिन्छ । नजिककै कतै झुपडी नभएको एक्लो सिरिजको झुपडी र मान्छे नै अपहरण गर्ने मिल्ने एकान्तले पहाडी गाउँले पातला सुनसान बस्तीको झल्को दिन्छ । आफू अपहरित भएर बिरानो ठाउँमा पुग्दासम्म पनि विद्रोह गर्न नसक्ने र रुने प्रोजरपिनाको दयनीय अवस्थाले पहाडी किसानकी छोरीको जीवनमा घटेको तीतो यथार्थ आँखा सामु नाच्ने गाउँले वातावरणको चित्रण पाइन्छ । अर्कोतर्फ ग्रिसको पातालमुनि रहेको प्लुटोको रत्नले उज्यालो हुने यमपुरी सहरको वर्णन पनि भेटिन्छ । माणिकको खम्बा भएको कलैकलाले सुन्दर सहरमा बस्ने, रत्नको ज्योति चम्काउने र मनपरेकी केटी जसरी भए पनि आफ्नी बनाउने प्लुटोको जीवनशैली र स्वभावलाई हेर्दा र कृति लेखनको परिवेश (वि.सं. २००४ तिर) हेर्दा राणाकालीन सामन्त संस्कारको झल्को भेटिन्छ । आजकालका तरुनी केटीहरूको झैं आमाले भनेको नमान्ने र रानी बन्न पाउँदा पनि नर्टेने जिद्दि स्वभाव प्रोजरपिनामा पनि देखिन्छ । प्लुटोले एउटी राम्री केटीका लागि आफ्नो सम्पूर्ण कुरा सुम्पन तयार रहेको अवस्थाबाट प्रेममा पागल भएर आकाशका तारा झार्ने आजको ठिटोको स्वभाव भेटिन्छ । समग्रमा भन्नुपर्दा प्रस्तुत काव्यको यस खण्डमा वास्तविक र यथार्थ परिवेशभन्दा काल्पनिक र अतिरञ्जित परिवेशको चित्रण पाइन्छ तथापि ग्रिसेली पुराकथात्मक विषयवस्तुमा कल्पना गरिएका पात्रको कार्य व्यापारमा घटेको परिवेश भए तापनि माथि उल्लेखित विभिन्न प्रसङ्गलाई हेर्दा समकालीन युग सन्दर्भसमेत झल्कने देखिन्छ ।

### ३.१.४ मुख्य विचार

**सृजामाता** खण्डकाव्यको पहिलो खण्डको मुख्य विचार कुनै पनि पुरुष नारी मायाको भोको हुन्छ भन्ने रहेको छ । पुरुषले संसारका अन्य सबै सुख प्राप्त भए पनि जीवन सङ्गिनीविना जीवन एक्लो र अँध्यारो भएझैं ठान्छ (श्लो. ६९) । प्रस्तुत खण्डकाव्यको पुरुष पात्र प्लुटो पातालका राजा हुन् । उनी माणिकको खम्बा भएको कलाले सुन्दर दरबारमा बस्छन् । त्यो सहर सूर्य र चन्द्र नभए तापनि रत्नले उज्यालो छ । त्यहाँ प्रशस्त धन सम्पत्ति र अन्य सबै भौतिक सुख सुविधाहरू प्राप्त छन् तर पनि जीवन सङ्गिनी नभएका कारण प्लुटो त्यो दरबार नै अँध्यारो ठान्छन् । त्यसैले कवि पुरुषमा रहेको नारी प्रेमको खाँचो प्लुटोका माध्यमबाट प्रस्ट्याउन खोज्छन् । नारीको कोमल मुटुको माया पाउन अपहरण गरेर भए पनि ल्याउने र आफ्नो सबैथोक सुम्पने प्लुटोको व्यवहारबाट नारीमा पुरुषलाई आकर्षण गर्न सक्ने ठुलो शक्ति हुन्छ भन्ने कुरा यस खण्डको मुख्य विचारका रूपमा रहेको देखिन्छ । साथसाथै सिरिजले आफ्नी छोरी प्रोजरपिनामाथि गरेको मायालु र हेरचाहपूर्ण व्यवहारका माध्यमबाट (श्लो. २२, २३) कविले सिरिज जस्तै कुनै पनि आमा आफ्ना सन्तानप्रति कर्तव्यनिष्ठ हुनुपर्छ भन्ने विचार पनि व्यक्त गरेको पाइन्छ । कविले प्रोजरपिनाका माध्यमबाट नयाँ पिढीमा भएको आफै जान्ने हुँ भन्ने अहमता वा आमाबाबुको अर्ति उपदेश नमान्नेहरूलाई प्रोजरपिना जस्तै अपहरणमा परी दुःख पाउनु पर्ला भनी सचेत गराएको पनि भेटिन्छ ।

## ३.२ सृजामाता खण्डकाव्यको द्वितीय खण्डको आख्यानात्मक विषयवस्तु

### ३.२.१ कथानक

प्रस्तुत खण्डकाव्यमा सिरिज आफ्नो नागको रथमा चढेर खेतबालीको हेरचाह गर्न पुगेपछिको प्रसङ्गबाट द्वितीय खण्डको प्रारम्भ भएको पाइन्छ (श्लो. १-२) । सिरिज खेतबाट रातमा आफ्नो सुन्दर झुप्रोमा फर्केर आउँदा आफ्नी प्यारी छोरी प्रोजरपिनालाई नदेखेपछि छोरीको खोजीमा छर-छिमेकी सबैतिर सोध्दै खोज्दै हिड्छिन् । छिमेकमा छोरी कतै पनि नदेखेपछि सिरिज छोरीलाई पाउने आशा नै मार्न विवश हुन्छिन् (श्लो. ३४) । सिरिज छोरी खोज्ने क्रममा गोठालासँग छोरी देख्यौं भनेर सोधिछन् । तर गोठालाले छक्क

परेर आफुले नदेखेको बताउँछन् (श्लो. ५) । समुद्र छिमेकी पनि समुद्रपरी मछिलीपरीहरूसँग खेलेर गएकी प्रोजरपिना फर्किनन् भन्छन् (श्लो. ६) । छिमेकमा कतै छोरी नपाएपछि छोरी खोज्दै हिडेकी सिरिजले फुलको बोट उखेल्दा परेकी खाल्टो देख्छिन् । शङ्का लागि हेर्दा यमको दूतले ढुङ्गाले पुरेको पाउँछिन् (श्लो. ७-८) । सिरिज खै मेरी छोरी ! छातीकी छोरी ! भन्दै विलौना गर्दै मायाले अमर आमाको कोमल दिल लिएर राँको बालेर दिन रात नभनी छोरी खोज्दै हिड्छिन् (श्लो. ९-११) । आमाको दिल रुवाउनेलाई भगवानले पनि सराप दिन्छन् वा नरकको बास हुन्छ भन्दै आफ्नो अध्यात्मवादी पूर्वीय दर्शनको व्याख्या गर्ने क्रममा कवि देवकोटाले सिरिजलाई माध्यम बनाउँछन् (श्लो. १२-१३) । सिरिज छोरी नपाएकोमा सारै दुःखी भएर बिलौना गर्दै राँको बालेर घर घरै डुल्छिन् । शिरीष झैं कलिली स्याउको जस्तो रङ्ग भएकी, रत्न झैं हँसिली छ मेरी छोरी ! तिमीलाई कुन पापी आई कुन बिरानो देशमा लग्यो होला ? आफ्नो घर सम्झी तिमी कति रोयौ होला ? भन्दै सिरिज प्रोजरपिनालाई सम्झिन्छिन् (श्लो. १४- १६) । छोरीको खोजी जारी रहेकै बेला सिरिज रुदै छोरी कहाँ छिन् भनेर तारागणलाई सोध्छिन् । तारागणले पृथ्वीमाता रोएकी हेर्न नसकेर आँखा चिम्म गर्छन् । त्यसै बेलादेखि ताराको ज्योतिको झिमझिम पर्न गएको मिथकीय विम्बको प्रयोग कविले गरेको भेटिन्छ (श्लो. १७-१८) । तारागणले पनि सिरिजको उत्तर नदिएर चुप लागेर बस्छन् । तारा पनि कस्ता अन्धा रहेछन् भन्दै रिसाउँदै सिरिज वायुदेव र जलदेवसँग हराएकी छोरीका बारेमा सोध्छिन् । सिरिजसँग डराएर हावा भाग्छन् भने जल पनि टाढा कुद्छन् (श्लो. १९-२१) । सिरिज हराएकी छोरी पर्वतले देखेको भनेर पर्वतसँग सोध्छिन् (श्लो. २२) । छोरीको खोजीमा रुँदै रुँदै मुटुमा पीडा लिएर सिरिज एक्लै रातभर हिडिन् । तर जलवायु, खेत कसैले पनि प्रोजरपिनालाई नदेखेको बताउँछन् (श्लो. २३-२४) । सिरिज सबैको आँखा छलेर छोरी लाने त्यही दुष्टले गर्दा छातीमा गाठो पर्‍यो भन्छिन् (श्लो. २५) । ढुङ्गा र पहाड पनि वियोगभन्दा कठोर छैनन् भन्दै कवि आमाको दिलको आँसुको झुल्कोले पहाड पनि छेड्न सक्ने अति कल्पना भरिएका भावहरू व्यक्त गर्छन् । आमाको आँखामा आएको आँसुले सागरमा पनि भल आउने कुरा कवि व्यक्त गर्छन् (श्लो. २६-२७) । सिरिजलाई आफ्नी छोरी प्रोजरपिना नहुँदा, आफ्नो मुटु कलेजा, आत्मा आफूसँग नभएको ठान्छिन् भने जीवन नै वसन्तविहीन वियोगको रात झैं अनुभव गर्छिन् । यसरी सिरिजमाता बहुलाही जस्तै भएर राँको बालेर दिनरात छोरी खोज्दै हिड्छिन् (श्लो. २८-२९) । सिरिज

आफ्नी हराएकी छोरी खोज्दै जाँदा विषादकी देवी हेकेटीको गुफामा पुग्छिन् (श्लो. ३०) । यहीबाट हेकेटीको उपस्थिति भएको पाइन्छ । अँध्यारो गुफामा एक्लै बस्ने हेकेटीदेवी पपी फुलको ताज लगाउँछिन् । कविले हेकेटीको लवाइ र बसाइको व्याख्या गर्ने क्रममा अगाडि यस्तो बताउँछन् । हेकेटीदेवी खुम्चिएका निधारका रेखामा खरानी लेपेर झारको पातली सुख्खा ओछ्यानमा वैराग्य जप्दै बस्थिन (श्लो. ३१-३२) । उनको लुगा पनि धुजै धुजा भैसकेको हुन्थ्यो । शरीरमा रगत नभएकी हेकेटीदेवीका गाला र छाला सुकेका छन् । विरागी मनकी उनी दिग्दार मानी निहुरिएर बस्छिन् (श्लो. ३३) । कोही नपस्ने गुफामा पिलपिले बत्ती बालेर विधिलाई हप्काउँदै र संसारलाई गाली गर्दै दिग्दारी भावमा उनी एक्लै बस्छिन् (श्लो. ३४-३५) । रुँदै रुँदै हातमा राँको लिएर सिरिजमाता हेकेटीका गुफामा पस्छिन् र हेकेटीको छेवैमा गएर बस्छिन् (श्लो. ३६) । सिरिज रोएको देखेर हेकेटीदेवी सम्झाउँदै यो नाशवान् संसारमा योग भ्रम र वियोग नै सत्य भएको बताउँछिन् । हाँस्नेहरू काना हुन् भने रुने नै साँचा हुन् भन्दै सिरिजलाई हेकेटीदेवी रुने नै सल्लाह दिन्छिन् (श्लो. ३७-३८) । रोएर बस्नेले संसार बुझ्छ, ज्ञान जान्दछ भन्दै विषादकी देवी हेकेटी नरोइ हिड्नेलाई अन्धो भएको बताउँछिन् । आँसु गहिरो छ, हाँसो त केवल अंजुली समान छ त्यस कारण यही बस हाँसो खुसी सबै छोड भन्दै हेकेटीले सिरिजलाई सम्झाउँदै जीवन वेदनामय पीडामय भएको बताउँछिन् । हेकेटीका माध्यमबाट कविले स्वच्छन्दतावादी अश्रुबोध र वेदनावोधका दृष्टिले महत्त्वपूर्ण श्लोकहरू प्रस्तुत गरेका छन् (श्लो. ३९-४०) । हेकेटीदेवी सिरिजलाई नाशवान् र क्षणिक संसारको प्रसङ्गले सम्झाउँछिन् र संसारमा आत्मालाई सुख भन्ने अक्षर नभएको बताउँछिन् । दुःखलाई आफ्नो मानेर हाँस्न त्यो चैन नै झुटो हो त्यसै कारण रोएर बस्नुनै बुद्धिमानी भएको बताउँदै हेकेटीले सिरिजलाई स्टिजियन गुफामा सँगै बसौ र मिलेर रोऊँ भन्छिन् ( श्लो. ४१-४४) । हेकेटीदेवीले सिरिजलाई स्टिजियन गुफामा रुँदै सँगै बसौं भनेपछि आफू रुनमात्र आएकी नभएर जीवन जिउन आएकी बताउँदै जीवन जिउने क्रममा रुनु र हाँस्नु दुवै पर्छ भन्दछिन् । सिरिज अहिले आफ्नो जीवनमा हिउँजस्ती गोरी, अप्सरा झैं ढङ्गकी प्यारी छोरी प्रोजरपिना हराएकै कारण रुनै पर्ने अवस्था भएको बताउँछिन् (श्लो. ४५-४७) । सिरिज कतै आफ्नी छोरी प्रोजरपिना स्टिजियन गुफाको नजिकबाट त आइनन् भनेर हेकेटीदेवीसँग प्रश्न गर्छिन् । उनलाई कसैले हरेर लाँदा कुनै पुकारा गरेको तिमीले सुनिनौ भन्दै हेकेटीदेवीसँग सिरिज सोध्छिन (श्लो. ४८) । सिरिज हेकेटीदेवीको स्टिजियन

गुफाको वर्णन गर्ने क्रममा अँध्यारो गुफामा दुःख र क्रन्दनका सबै आवाज आउने बताउँछिन् (श्लो. ४९) । बाजले बच्चा पक्रेर रुने भङ्गेरीले पनि आफ्नो करुण रोदन पढाउँछे भने सिरिजकी छोरी प्रोजरपिना पनि बाटामा अवश्य रोइन होला । प्रोजरपिनाको क्रन्दन हेकेटी माईको गुफामा अवश्य आयो होला भन्दै सिरिज हेकेटीदेवीसँग आफ्नी छोरीका बारेमा पत्ता लगाइदिन अनुरोध गर्छिन् (श्लो. ५०-५१) । हेकेटीदेवीले आमाको वियोगमा रुदै गएकी छोरी प्रोजरपिनाको आवाज दिव्यकानको सहायताले स्मृतिमा ल्याएर यमपुरतिर प्लुटोले लगेको कुरा दिव्यदृष्टिबाट बताउँछिन् (श्लो. ५२-५३) । सिरिजकी उज्याली छोरी सबैको आँखा छलेर यमले यमपुरमा पुऱ्याएको हेकेटीदेवीले बताउँछिन् (श्लो. ५४) । हेकेटीदेवी सिरिजलाई छोरी खोज्न जानुको सट्टा स्टिजियन गुफामा आफूसँगै बसेर रुने आग्रह गर्छिन् (श्लो. ५६) । हेकेटीदेवी सिरिजलाई त्यही अँध्यारो गुफामै बस्ने सल्लाह दिन्छिन् भने सिरिज यमपुर जाने बाटाका बारेमा सोध्छिन् । हेकेटीदेवी यमपुर जाने बाटाका बारेमा सूर्यलाई थाह हुने र उनैको सल्लाह अनुसार यमलोकतिर लाग्ने राय व्यक्त गर्छिन् (श्लो. ५६) । यहीसम्मको कथानकको घटनाक्रममा पुगेर दोस्रो खण्ड समाप्त भएको छ ।

### ३.२.२ पात्र विधान

**सृजामाता** खण्डकाव्यको द्वितीय खण्डको पात्र विधानलाई नियाल्दा प्रमुख नारीपात्रका रूपमा सिरिजको उपस्थिति भएको पाइन्छ । तर प्रथम खण्डको तुलनामा भने सिरिजको चारित्रिक विशेषतामा परिवर्तन आएको भेटिन्छ । यस खण्डमा हेकेटी नामक नयाँ नारीपात्र उपस्थित भएको देखिन्छ । उनी सहायक नारीपात्रको भूमिकामा देखा पर्छिन् । यस खण्डमा मुख्य वा सहायक कुनै पनि रूपमा पात्र उपस्थित भएको देखिदैन । प्रथम खण्डमा झैं यस खण्डमा पनि गोठाला, समुद्र छिमेकी, यमको दूत तारागण, वायुकादेव, पर्वत जस्ता सङ्केत गरिएका पात्रहरूको प्रयोग भने गरिएको देखिन्छ । यस खण्डमा प्रमुख पात्र सिरिजका साथै हेकेटी नामक सहायक पात्रको समेत चारित्रिक विशेषतालाई तल चर्चा गरिएको छ ।

## क)	सिरिज

प्रस्तुत खण्डमा प्रमख नारी पात्र सिरिज पहिलो श्लोकबाटै देखा परेकी छिन् । पहिलो खण्डमा कतर्व्यनिष्ठ आमा र असल कृषकका भूमिकामा देखा परेकी उनी यस खण्डमा पुत्री वियोगले विक्षिप्त आमाका भूमिकामा देखा पर्छिन् । धानको फसल हेरेर घर फर्किएकी सिरिजले घरमा छोरा नदेखेपछि उनी छट्पटाएकी छन् । त्यसपछि उनी हराएकी छोरी खोज्दै हिडेको आमाका रूपमा देखिन्छिन् । सिरिजको छोरी खोज्ने क्रममा बाटामा विभिन्न खाले पात्रहरूसँग भेट हुन्छ । बाटामा भेटिएका ती पात्रले पनि छोरीका बारेमा नबताए पछि उनी अझ बढी छट्पटाउँछिन् । छोरीका बारेमा सारै नै चिन्तित बनेकी उनी छोरी भेटाइएला कि भन्दा पनि नभेटाइएला कि भन्ने शङ्का गर्ने चरित्रका रूपमा देखिन्छिन् । अन्य आमाहरू झैं सिरिज पनि आफ्ना छोराछोरीलाई मुटुको टुक्रा मान्ने वात्सल्यमयी आमाका भूमिकामा यस खण्डमा आएकी छन् । सिरिज छोरी खोज्दै जाँदा हेकेटी नामक पात्रसँग भेट हुन पुग्छ । उनले प्रोजरपिनालाई यमराजले पाताल पुऱ्याएको बताउँछिन् । सिरिज आफुले यमपुर जाने बाटो नदेखेका कारण दुःख मान्दै अझ बढी छट्पटाउन पुग्छिन् । यस खण्डमा सिरिजका स्वभावहरू र आन्तरिक मनका छटपटाहटहरूको राम्रोसँगले चित्रण गरिएको छ । सूर्यलाई यमलोक जाने बाटो सोधेरै भए पनि छोरी पाएरै छाड्ने अठोट लिएकी सिरिज यस खण्डमा पनि असल आमाको भूमिका निभाउने सत् चरित्रकै रूपमा देखिन्छिन् ।

## ख)	हेकेटीदेवी

हेकेटीदेवी यस खण्डकी सहायक नारी पात्र हुन् । यस खण्डमा छोरी खोज्दै हिडेकी सिरिज स्टिजियन गुफामा पुगेपछि (श्लो. ३०) उनी देखा परेकी छन् । अँध्यारो गुफामा एक्लै बस्ने हेकेटी नामक विषद देवीका लक्षणहरू यस्ता बनाइएका छन् । उनी यस खण्डमा गाला र छाला सुकेकी पपीको फुलको ताज लगाउने, खुम्चिएका निधारका रेखामा खरानी लेपेर झारको पातलो सुख्खा ओछ्यानमा बसेर वैराग्य जप्ने पात्रका रूपमा उपस्थिति भएकी छन् । विरागी मनकी उनी योग भ्रम र वियोग सत्य ठान्छिन् । संसारमा आत्मालाई सुख भन्ने अक्षर नभएको बताउने हेकेटीदेवी आँसु गहिरो र हाँसो अँजुली समान भएको दार्शनिक विचार पनि व्यक्त गर्छिन् । वैरागी स्वभाव भएकी हेकेटीदेवी

सिरिजलाई आफूसँगै बसेर दुःख साट्ने आग्रह पनि गर्छिन् । सिरिजका अनुरोध अनुसार हेकेटीदेवीले आमाको वियोगमा रोएकी प्रोजरपिनाको आवाज दिव्य कानको सहायताले स्मृतिमा ल्याएर यमपुरतिर प्लुटोले लगेको कुरा दिव्य दृष्टिबाट बताउँछिन् । हेकेटीदेवीको उक्त रहस्यात्मक व्यवहारका कारण उनको चरित्र रहस्य नै रहस्यले भरिएको भेटिन्छ । समग्रमा भन्नुपर्दा हेकेटीदेवी शक्ति र मर्मद्रष्टाका रूपमा प्रयुक्त नारी पात्र हुन् यो अरुको दुःखलाई आफ्नै ठानी सहयोग गर्छिन् । उनको सहयोग स्वभावकै कारण उनको चरित्रमा सत्पात्रता भेटिन्छ ।

यस खण्डमा मुख्य नारी पात्र सिरिजमाता र सहायक नारीपात्र हेकेटीदेवी बाहेक सङ्केत गरिएका पात्रहरूको कुनै पनि चारित्रिक विशेषता भेटिदैन ।

### ३.२.३ परिवेश विधान

**सृजामाता** खण्डकाव्यको द्वितीय खण्डको परिवेशलाई स्थानगत, कालगत र वातावरणगत रूपमा नियाल्न सकिन्छ । सिरिजको झुपडी र उनकै छर छिमेकका स्थानगत परिवेशबाट यस खण्डको सुरुवात भएको पाइन्छ । सिरिजले छोरी खोज्ने क्रममा समुद्र छिमेकी, तारागण, नदी, हावा, पर्वत आदि विभिन्न दिन र रातका पर्यावरणहरूको साथमा ग्रिसको रमणीय प्राकृतिक परिवेशको चित्रण गरिएको छ । यस खण्डको परिवेशमा थप चर्चा गर्न लायक स्टिजियन गुफाको परिवेश देखिन्छ । हेकेटी नामक शक्तिकी देवी वियोगी जननीको आवास स्थानका रूपमा वा रहस्यमयी अँध्यारो गुफाका रूपमा स्टिजियन गुफा आएको छ । छोरीको खोजी गर्दै जाने क्रममा सिरिज हेकेटीको त्यही गुफामा पुग्छिन् । उनी आफ्नो शक्तिको प्रयोगद्वारा सहयोग माग्ने सिरिजलाई छोरी पातालमा रहेको कुरा पत्ता लगाइ दिएर सहायता गर्छिन् । यस खण्डमा एउटा अधवैसे नारी रातविरात एक्लै हिड्न सक्ने सुरक्षात्मक दृष्टिले अति नै सुरक्षित परिवेश देखिन्छ । वृद्ध अवस्थाकी महिला कसैको सहायता विना एक्लै बसेको प्रसङ्ग देखाएर त्यसताका मानिसहरूमा उच्च आत्मबल थियो भन्ने देखाइएको भेटिन्छ । अरुको दुःखमा वास्ता नगर्ने, कसैले गरेको प्रश्नको उत्तर पनि दिन नभ्याउने व्यस्त सहरी जीवन शैलीको झैं झल्को पनि भेटिन्छ । अर्काको दुःखलाई आफ्नै दुःख ठानेर सँगै दुःख साट्नुपर्छ भन्ने सहयोगी मान्छेहरू रहेको परिवेश पनि पाइन्छ । समयगत परिवेशलाई नियाल्दा प्रोजरपिना हराएको साँझदेखि उनकै खोजीमा बितेका कयौं दिनहरूको चर्चा

गरिएको पाइन्छ । दुःख परेका बेला छिमेकीसँग हारगुहार गरेको प्रसङ्ग र हेकेटीले सिरिजलाई गरेको सहयोगले एउटा राम्रो समाजको चित्र कोरिएको देखिन्छ ।

### ३.२.४ मुख्य विचार

**सृजामाता** खण्डकाव्यको द्वितीय खण्डको मुख्य विचार आमाको मन रुवाउनु हुँदैन भन्ने रहेको छ । जसले आमाको मन रुवाउँछ उसलाई दैवले पनि सराप्दछ । उसलाई अन्तकतै बास नपाएर नरकको बास बस्नुपर्छ (श्लो. १२, १३) भन्ने पूर्वीय आध्यात्मिक दर्शनको छाप यी श्लोकहरूमा परेको देखिन्छ । ढुङ्गा र पहाडभन्दा पनि वियोग झन् कठोर भएको र आमाको दिलको आँसुको झुल्कोले पहाड पनि भेदन गर्न सक्ने (श्लो. २६) अति उच्च कल्पना बोकेको विचार पनि यस खण्डमा आएको भेटिन्छ । यो नाशवान संसारमा योग भ्रम र वियोग नै सत्य भएको कुरा गर्दै हेकेटीदेवीका माध्यमबाट सिरिजलाई सम्झाएको पाइन्छ (श्लो. ३८) । नाशवान जीवन वेदनामय र पीडामय भएकै कारण आँसु गहिरो छ र हाँसो अञ्जुली समान मात्र छ भन्ने स्वच्छन्दवादी अश्रुबोध र वेदनाबोदका दृष्टिले महत्त्वपूर्ण विचार (श्लो. ४०) पनि व्यक्त भएको पाइन्छ । सँगैसँगै रोएमा मनको सबै पीडा हल्का हुन्छ भन्ने विचार पनि यस खण्डको मुख्य विचारकै (श्लो. ४४) रूपमा रहेको पाइन्छ । त्यसैले छोरी हराएका कारण पीडामा परेकी सिरिजलाई हेकेटीदेवीले छोरी खोज्न जानुभन्दा आफूसँगै बसेर दुःख बाढ्ने कुरा व्यक्त गरेकी छन् । यस खण्डकी सहायक नारीपात्र हेकेटीको सहयोगी स्वभावका माध्यमबाट कविले आज पनि मानवता भएका वा अरुलाई सहयोग गर्ने पात्र भेटिन्छन् भन्ने कुरा सङ्केत दिन खोजेका छन् ।

## ३.३ सृजामाता खण्डकाव्यको तृतीय खण्डको आख्यानात्मक विषयवस्तु

### ३.३.१ कथानक

**सृजामाता** खण्डकाव्यमा कार्तिकमा प्रोजरपिना हराएपछि पृथ्वीका उर्वर अनाज उब्जाउने, वर्षा हुने र पृथ्वी प्राणीका लागि अनुकूल हुने स्थिति पूरै समाप्त बन्दै गएको कथाबाट यस खण्डको आरम्भ हुन्छ । पृथ्वीको स्थिति अनुकूल नभएको वर्णन गर्दै कवि पृथ्वीमा बाली नभएको, रुखका पातहरू झरेको, फुलहरू सुकेको र वनका राजा श्री

वनस्पतिले जनताको दुःख देखेर दिक्दार मानेको कुरा व्यक्त गर्छन् (श्लो. १-२) । प्रोजरपिना हराएकै कारण पृथ्वीको सबै श्रृङ्गार गएर पृथ्वी नाङ्गी बन्छिन् र उनी हराएकै कारण साग र पातमा तुषारो लागी हिउँद आउँछ । पृथ्वीको यस्तो अवस्थाबाट किसानहरू सारै दुःखी बन्छन् (श्लो. २-४) । त्यस क्रममा कविले यमपुरमा तिन महिनासम्म (कार्तिक देखि पुसको अन्तसम्म) प्रोजरपिना भोकै बस्दा मानव स्थितिमा गडबडी उत्पन्न भएको र पृथ्वी अन्नपात विहीन भएको प्रसङ्ग जोडेका छन् (श्लो. ५-६) । उक्त प्रकारले पृथ्वीको स्थितिमा विचलन आएपछि देवताहरू महेशकहाँ गएर पृथ्वीको स्थितिका बारेमा उजुर गर्दछन् । पृथ्वीको स्थितिका बारेमा सबै कुरा सुनेपछि ठट्यौला मर्करीलाई जुपिटरले बोलाएर पृथ्वी र यसमको मुद्दा मिलाउन पातालतर्फ पठाउँछन् (श्लो. ७-१०) । जुपिटरको आक्षा बमोजिम मर्करी पातालमा जान्छन् । पाताल पुगेका मर्करीले खानपिनविनाकी रसविहीन पहेंली फुलझैं गलेर गएकी प्रोजरपिनाको बेहालको अवस्था देख्छन् (श्लो. ११-१२) । यमले आफ्नो दूतलाई पृथ्वीमा पठाई एक अनारदाना चारेर ल्याउन लगाउँछन् । उक्त अनार दानालाई माणिकजडित सुनको प्यालामा हालेर प्लुटोले प्रोजरपिनालाई आफ्नो हातले दिदैं आमाले पृथ्वीबाट तिम्रै लागि पठाएको भनेर सम्झाउँछन् (श्लो. १३-१५) । प्लुटो प्रोजरपिनालाई आमाले पठाएको फल नखाएमा पाप लाग्ने कुरा गर्छन् । प्लुटो प्रोजरपिनालाई निठुर नहुन आग्रह गर्दै एकदाना अनार प्रेमले टिपेर खाँदैमा कुनै हानि हुँदैन भन्छन् (श्लो. १६-१७) । प्लुटोका यी विभिन्न आग्रहपूर्ण वचनले प्रोजरपिनालाई अनारदाना टिप्न कर लाग्छ र उनले एक दाना अनार टिपेर चाख्छिन् । त्यही फल चाखेको प्रभावले प्रोजरपिनाको भाव नै बदलिन्छ र उनी मुसुक्क हाँस्छिन् । उनका दिक्दारीहरू सबै हटेर प्लुटोलाई माया गर्न थाल्छिन् (श्लो. १८-१९) । अन्नको प्रभावले भावको सिर्जना भएर प्रोजरपिनाले मनमनै प्लुटोलाई माया गर्न थाल्छिन् (श्लो. २०) । अँधेरापुरीका पातालका राजा प्लुटो काला भए पनि प्रोजरपिनाले गाली गर्दा पनि भक्त झैं बनी नरिसाइकन बसिरहन्थे (श्लो. २१-२२) । प्रोजरपिना आफुले कति दुःख दिदा पनि रत्न ल्याएर फकाइरहने प्लुटोलाई अब आफ्नो जीवन अर्पण गर्न मनमनै अठोट गर्छिन् । प्रोजरपिना आफुले प्लुटोको मनको वचन सुनेको त्यही वचनमा आफू प्लुटोकी आँखाकी प्यारी धन रहिछु भन्ने थाहा पाएको मायाले ओतप्रोत भावनात्मक कुरा गर्छिन् (श्लो. २३-२५) । प्रोजरपिनाको मनमा रहेको निष्ठुरता हराएर गयो । उनी मुसुक्क हाँसी प्लुटोको छेउमा गएर बस्दै सारै नै मैले हजुरको दिल दुखाएँ भन्दै आफ्नो परिवर्तित

मायालुरूप देखाउँछिन् (श्लो. २६-२७) । मधुर प्रेमको वचन सुन्न नपाएर सारै नै दिक्क भएर बस्ने प्लुटो मायाबिना आफ्नो दिल सुकाइ सकेका थिए । त्यस्तो अवस्थामा प्रोजरपिना जस्ती सुन्दर नारीको मायालु वचन सुनेर प्लुटोको नशा नशामा प्रेमको रस चढेर मुटु रसाएर आयो  र उनी खुशीले गद्‌गद भए । प्लुटोको जीवनमा उज्यालो आशा पलाएर आयो (श्लो. २८-३१) । प्रोजरपिनाबाट माया पाउने प्रयासको विफलतामा तुषारो परेको बगैंचा बनेका प्लुटोले प्रोजरपिनाको ओठमा प्रेमको हाँसो देखेपछि र प्रोजरपिनाले आफूसँग गरेको मायालु वचन सुनेपछि प्राप्तिले धेरै रोए (श्लो. ३३-३५) । प्लुटोका जीवनमा आएका यिनै खुशीका क्षणहरूले गर्दा उनका आँखामा डुबुल्के प्रेमको रस भुल्भुल भयो । प्लुटोका मुखबाट कुनै आवाज ननिस्किए पनि उसको मनले 'हा मेरी रानी ! भन्दै प्रोजरपिनाको अनुहार हेरिरहे (श्लो. ३६-३७) । जीवन संगिनीविना एक्ला हिउँदको बुढो रुख झै भएका प्लुटोको जीवनमा रङ्ग आयो (श्लो. ३८) । यसरी जीवनमा खुसीको अनुभव गर्न थालेका प्लुटोले झट्ट उठेर प्रोजरपिनालाई पलङ्गमा बसालेर प्रोजरपिनाको कोमल हातमा चुम्बन गरी जलविन्दु खसाले । प्रोजरपिनाको माया पाएका प्लुटोले भाग्यलाई धन्यवाद दिएर स्वर्गको राज्यको आनन्दको महसुस गरे । दुवै दम्पत्ति नबोलीकनै स्पर्श र दृष्टिले मनको अबोल भाषामै रमाए (श्लो. ३९-४१) । प्लुटोले प्रोजरपिनालाई अब त सधैका लागि आफ्नी दिलकी धन वा रानी भएको कुरा गरे । प्लुटोका यिनै प्रेममयी सागर छछल्किने शब्दहरूले प्रोजरपिना बोल्न नसकी छातीमा औला देखाई जलविन्दु झार्छिन् । प्लुटोले रेशमी रुमाल लिएर प्रोजरपिनाका ती जलविन्दुहरू पुछिदिए (श्लो. ४२-४४) । उक्त प्रकारको प्रोजरपिना र प्लुटोको मिलनपछि यमपुर राज्यमा रहेको अँध्यारो हट्यो र विचित्रको उज्यालो छायो । प्लुटोले प्रोजरपिनालाई काखीमा राखेपछि स्पर्श पिपासु प्रोजरपिना लजाउँदै आफू नै भावविहीन निष्ठुरी र पापिनी रैछु भन्ने ठान्छिन् (श्लो. ४५-४७) । प्लुटोको प्रेमले चञ्चल भएकी प्रोजरपिनाले बाँकी अनारदाना ल्याएर प्यालामा हाली प्लुटोलाई टर्‍याउँछिन् । प्लुटोको प्रोजरपिनालाई तिमी पनि खाउन भन्ने आशय बुझी प्रोजरपिना त्यही पल अनार दाना टिपेर मुखमा राख्छिन् (श्लो. ४८-५०) । प्लुटोको कयौं दिनको महेनतपछि फकिएकी प्रोजरपिना र प्लुटोका बिचको प्रेमरस अत्यन्तै राम्रोसँग यमका महलमा विकास हुँदै जान्छ (श्लो. ५१) । प्रोजरपिनाले यमको सुनको सिरक रखाइमा नागबेली कला देखाइन । यमले प्रोजरपिनाको उक्त कार्य देखेर केही नभने तापनि यहाँ बस्ता कत्तिको दिग्दार लागेको छ ? भनी सोधे ।

प्रोजरपिनाले रत्नको देश यमपुर कुनै कमी नभए तापनि एकपटक माइत जान मन लागेको कुरा व्यक्त गर्छिन् (श्लो. ५२-५४) । यहाँसम्मको कथानकमा आइपुग्दा यस खण्डको अन्त्य भएको छ ।

### ३.३.२ पात्र विधान

**सृजामाता** खण्डकाव्यको तृतीय खण्डको पात्र विधानलाई हेर्दा प्रमुख पात्रका रूपमा प्लुटो र प्रमुख नारी पात्रका रूपमा प्रोजरपिना देखा परेका छन् । यी दुवै पात्रको चारित्रिक विशेषता अगाडिका खण्डका तुलनामा विल्कुलै फरक रहेको भेटिन्छ । यस खण्डमा जुपिटर र मर्करीजस्ता सहायक पात्र उपस्थित भएको भेटिन्छ । श्री वनस्पति, प्रजा र किसानजस्ता सङ्केत गरिएका पात्रहरू आएका भए पनि यी पात्रहरूको खास भूमिका देखिँदैन । यस खण्डमा आएका प्रमुख र सहायक पात्रहरूको चारित्रिक विशेषतालाई तल चर्चा गरिएको छ ।

### क) प्लुटो

प्लुटो यस खण्डमा प्रमुख पुरुष पात्रका रूपमा आएका छन् । पृथ्वीबाट दूतलाई अनार दाना ल्याउन लगाएर प्रोजरपिनालाई आफ्नै हातले खानदिने (श्लो. १५) मायालु युवकका रूपमा प्लुटो यस खण्डमा देखा परेका छन् । प्रथम खण्डमा प्रोजरपिनालाई अपहरण गर्दा असत् पात्रका रूपमा चिनिएका प्लुटोका व्यवहारमा क्रमशः सुधार आई यस खण्डमा सत् पात्रका रूपमा भेटिन्छन् । प्लुटो प्रोजरपिना जस्ती जिद्दी नारीलाई पनि आफ्नो मायालु स्वभाव देखाएर अनारदाना खुवाई प्रोजरपिनाको भावमा परिवर्तन ल्याउन सक्ने पात्रका रूपमा देखिन्छन् । प्रेमविनाको जीवन जिउन नसकेर प्रोजरपिनाको माया पाउने अनेकौं प्रयास गर्ने प्लुटो यस खण्डमा उक्त आशा पूरा गर्ने सफल पात्र हुन आएका छन् । प्लुटोले आफ्नो अथक प्रयास पछिको कुनै पनि सफलतामा खुसीका आँशु झार्ने मानवीय स्वभाव पनि देखाएका छन् । प्लुटोलाई यस खण्डमा प्रोजरपिनाको प्रेममा चुर्लुम्म डुबेर मौनतामा आँखा र मुटुको भाषा बोल्ने भावनात्मक चरित्रका रूपमा पनि भेटिन्छ । प्रोजरपिनालाई पलङ्गमा बसाएर उनको हात तानी चुम्बन गर्ने प्लुटोले प्रोजरपिनाको आँखामा आँशु आउँदा रेशमी रुमालले पुछिदिने असल श्रीमान्को भूमिका पनि निभाएको भेटिन्छ । प्रोजरपिनासँग आफ्नो घरमा आफूसँग बस्दा कस्तो लागेको छ

भनी प्लुटोले सोधेको प्रसङ्गलाई लिएर उनको चारित्रिक विशेषतालाई हेर्दा प्लुटो अरुको भावनाको सम्मान गर्न सक्ने क्षमता भएका पुरुष पात्रका रूपमा भेटिन्छन् । प्रोजरपिनाका गाली पनि सहज रूपमा लिने प्लुटोको स्वभाव पनि सहनशील देखिन्छ ।

### ख) प्रोजरपिना

प्रोजरपिना यस खण्डकी प्रमुख नारीपात्र हुन् । यस खण्डमा उनी यमपुरमा खानु न पिउनुविनाकी गलेर पहेंलो फुल झैं भएकी निरस पात्रका (श्लो. १२) रूपमा आएकी छन् । पहिले प्लुटोलाई माया नगर्ने प्रोजरपिना विचारमा गतिशीलता आएर प्लुटोलाई माया गर्न थालेका कारण उनी गतिशील चरित्र हुन भन्न सकिन्छ । यस खण्डको कथानकमा प्रोजरपिना प्रत्यक्ष उपस्थित मञ्चीय पात्र हुन् । प्रोजरपिनाले यस खण्डमा मुख्य नायिकाको भूमिका निर्वाह गरेकाले उनी यस खण्डकी वृद्ध नारीपात्र हुन् । प्रोजरपिनालाई प्लुटोले पृथ्वीबाट ल्याएको फल फकाएर खुवाएपछि उनको भाव र स्वभावमा परिवर्तन आई प्लुटोलाई माया गर्ने पात्रका रूपमा भेटिन्छिन् । प्लुटोलाई प्रोजरपिनाले जति गाली गरे पनि नरिसाइकन फकाइरहने उसको स्वभाव देखी प्रोजरपिना आफुले आफैंलाई पापिनी र निष्ठुरी ठान्दै गल्ती स्वीकार गर्ने चरित्रका रूपमा यस खण्डमा उपस्थित छिन् । यस खण्डको सुरुमा केही खानपिन नगरेकी दुःखी र पीडित चरित्रका रूपमा आए तापनि प्लुटोलाई माया गर्न थालेपछि यमको सिरक रखाइमा नागबेलीकला पारेको प्रसङ्गले हँसिली खुसिली भएकी भेटिन्छन् । एकपटक माइत देख्न मन लागेको कुरा व्यक्त गर्ने प्रोजरपिना विपरीत लिङ्गीप्रतिको आकर्षणका कारण भावनामा रम्ने, चञ्चले स्वभाव भएकी र पतिसँग मखख परेकी नारीका रूपमा देखिन्छिन् ।

### ग) जुपिटर

जुपिटर यस खण्डका सहायक पुरुष पात्र हुन् । उनी पृथ्वीमा उत्पन्न गडवड्का कारण पृथ्वी र यमको मुद्दा मिलाउन मर्करीलाई पातालतर्फ पठाउने प्रसङ्गबाट यस खण्डमा (श्लो. १०) देखा परेका छन् । सबैको भलाइ चाहिने जुपिटर ज्वालामुख निवासी महेश देव हुन् । सबैको गुनासो सुन्नु पर्ने र गुनासो समाधानको उपाय अपनाउनु पर्ने

अभिभावकको भूमिकामा जुपिटर उपस्थित छन् । किसानको उजुरी सुनी पृथ्वी र यमको मुद्दा मिलाउन मर्करीलाई पठाउने जुपिटर उक्त कारण स्थिर सत्पात्र हुन् ।

### घ) मर्करी

यस खण्डको सहायक पुरुष पात्रका रूपमा (श्लो. ८०) मर्करी आएका छन् । यस खण्डका हाँस्यपात्र मर्करी ठट्यौला र चतुर पनि छन् । देवदूत मर्करीलाई जुपिटर देवले यम र पृथ्वीको मुद्दा मिलाउन पातालतर्फ पठाउँछन् । जुपिटर देवको आज्ञा मुताविक मर्करी पातालतर्फ गएका हुनाले उनी सत्पात्र हुन् भन्न सकिन्छ । मर्करी पाताल पुगेपछि देखिएको यम र प्रोजरपिनाको मिलनले गर्दा पृथ्वी र यमको पनि मिलन गराउन सक्लान् कि भन्ने आशावादी चरित्रका रूपमा चिनिन्छन् ।

### ३.३.३ परिवेश विधान

**सृजामाता** खण्डकाव्यको तुतीयखण्डको स्थानगत परिवेशलाई नियाल्दा पृथ्वी महतारीकी छोरी प्रोजरपिना हराएपछि दुःखित बनेकी पृथ्वी अन्नपातबिहीन भएको देखिन्छ । प्रोजरपिना नभएकै कारण साग र पातमा तुषारो लाग्ने, फलहरू सुक्ने, पातहरू झर्ने र पृथ्वी नाङ्गो भएझैं लाग्ने उराठ लाग्ने वातावरणको चित्रण पाइन्छ । यिनै विविध कारणबाट पीडित किसानहरू यिनै कुराको उजुरी गर्ने ज्वालामुख भन्ने स्थानमा पुग्छन् । त्यहाँ बस्ने महेश देवले मर्करीलाई यम र पृथ्वीको नमिलेको मुद्दा मिलाउन पातालतर्फ पठाउँछन् । यस पछाडि घटेका सबै घटना क्रममा यमको दरबार भित्रको परिवेश नै मुख्य रूपमा आउँछ । कयौं दिनदेखि केही नखाएकी प्रोजरपिनाले अनारदाना खाएपछि यम र प्रोजरपिना बिच अति नै प्रेममयी वातावरणको सृजना भएको देखिन्छ । प्लुटोको दरबार भित्रको कोठाका स्थानगत परिवेशमा दुई दम्पत्ति माया पिरती साट्नमै मस्त देखिन्छन् भने भावनात्मक प्रेमले ओतप्रोत भएका शब्दहरूले गुञ्जायमान सभ्य श्रृङ्गारिक वातावरणले दुवैको मनमा थप चञ्चलता सृजना गरेको भेटिन्छ । यमको माणिकको खम्बा भएको दरबार सुनको सिरक र अनार खाने सुनको प्यालाको वर्णनले अतिरञ्जित लाग्ने पारिवारिक वातावरणको चित्रण पनि भेटिन्छ । यस खण्डको समयगत परिवेशलाई हेर्दा प्रोजरपिना कार्तिकमा हराए पछिका तिन महिनासम्मको समयावधिको झल्को मिल्छ । यस खण्डको परिवेश विधानलाई समग्रमा भन्नु पर्दा प्रोजरपिना हराएदेखि

पृथ्वीमा देखा परेको कारुणिक अवस्थाका साथै प्लुटो र प्रोजरपिना बिच यमका महलमा विकास भएको प्रेममयी वातावरण नै यस खण्डको मुख्य परिवेश हो ।

### ३.३.४ 'सृजामाता' खण्डकाव्यको तृतीय खण्डको मुख्य विचार

**सृजामाता** खण्डकाव्यको तृतीय खण्डको मुख्य विचार अन्नको प्रभावले भावको सृजना हुन्छ (श्लो. २०) भन्ने रहेको छ । प्रोजरपिनाले प्लुटोले दिएको अनारदाना खाएपछि नै उनमा प्लुटोप्रतिको माया पलाएको देखिन्छ । पुरुष विफलतामा तुषारो परेको बगैंचा जस्तै हुन्छ (श्लो. ३३) भन्ने कथन पनि प्लुटोका माध्यमबाट स्पष्ट भएको भेटिन्छ । प्लुटो प्रोजरपिनाको माया नपाएका कारण सारै दिक्क भएका देखिन्छन् भने प्रोजरपिनाको माया पाएर राज्यकै अँध्यारो हटेको अनुभव पनि गर्छन् । कुनै पनि मानिसलाई निरन्तर माया र सहभाव देखाएमा अवश्य पनि एकदिन उसले माया गर्न थाल्छ भन्ने भावनात्मक प्रेम प्रोजरपिनाले आफ्नो जीवन धन र सर्वस्व प्लुटोलाई अर्पेको (श्लो. २४) प्रसङ्गबाट स्पष्ट हुन्छ । प्लुटोले आफूकहाँ बस्दा कतिको दिग्दार लागेको छ ? (श्लो. ५३) भनी प्रोजरपिनालाई सोधेको प्रसङ्गबाट एउटा असल र सुखी पारिवारिक वातावरण तयार पार्न श्रीमान्ले श्रीमतीको भावनाको सधैं कदर गर्नुपर्छ भन्ने सन्देश पनि दिएको भेटिन्छ ।

## ३.४ सृजामाता खण्डकाव्यको चतुर्थ खण्डको आख्यानात्मक विषयवस्तु

### ३.४.१ कथानक

**सृजामाता** खण्डकाव्यको चतुर्थ खण्डको सुरुवात हिउँदको जाडो भोग्दै सिरिज राँको लिएर रुँदै रुँदै छोरी खोज्दै भौतारिएको प्रसङ्गबाट भएको देखिन्छ (श्लो. १) । अपोलो देव स्वर्गका अनन्त युवक मगन मस्त भएर धपक्क बलेर हाँस्तै हिड्थे (श्लो. २-३) । तिनै अपोलो देवलाई सिरिजमाता आफ्नी छोरीका बारेमा सोध्छिन् । अपोलो देव सूर्यले आफुलाई फुर्सत नभएको कारण देखाएर अलमल नगरि दिन भन्दछन् (श्लो. ४-६) । सिरिजमातालाई सूर्यले त्यस्तो बेफुर्सदी देखाएपछि उनी रुँदै रुँदै सूर्यलाई ग्रहण लाग्ने श्राप दिन्छिन् (श्लो. ७-८) । त्यसपछि सिरिजमाता कुनै काम गर्ने विचार लिएर अगाडि बढ्दै जाँदा कुनै एउटा देशमा पुग्छिन् । त्यस देशका राजाका जन्मेका कुनै पनि सन्तान

टिकेका हुँदैनन् । एक जना छोरा मात्र रहेका हुन्छन् । त्यही एक राजकुमारलाई हेर्ने धाईको खोजी गरेकै बेला सिरिज त्यस दरबारमा पुग्छिन् (श्लो. १०-१२) । सबै थोक जानेकी सिरिजजस्ती उज्याली बूढीलाई देखेर रानीले धाई बनाउन लायक ठान्छिन् । सिरिज तिनै राजकुमारकी धाई बनेर काम गर्न थाल्छिन् । राजकुमार दिनानुदिन पुष्टाई आएका कारण सिरिजले तारिफ पाउछिन् (श्लो. १३-१४) । सिरिजमातासँग अग्निले बच्चालाई पोस्ने र अमर बनाउने विचित्रको तन्त्र थियो । सिरिजले बालक सुताएका बेला कसैले पनि कोठामा आएर नहेर्नु भन्ने सर्त गर्छिन् र यदि कसैले उक्त कार्य हेरेमा विध्नवाधा पर्न सक्ने बारेमा बताउँछिन् (श्लो. १५-१६) । सिरिज मध्य रातमा बालकलाई तेल लगाएर आगो माथि सुताउँछिन् । रानीलाई सिरिजले बच्चालाई के गर्छिन् भन्ने जिज्ञासा लागेका कारण राति गएर चिहाएर हेर्छिन् । आगोमा बच्चा सुताएको देखेर रानी अकास्मात चिच्याउँछिन् । रानी चिच्याएको सुनी सिरिजमाताले हत्तपत्त बच्चालाई आगोबाट निकाल्छिन् । रानीसँग सिरिज आफुले बच्चालाई अमर बनाउन खोजेको तर शङ्का गरी चिहाएका कारण अमर बनाउन नसकी सय वर्षको आयुमात्र दिने कुरा गर्छिन् (श्लो. २०-२५) । त्यसपछि उनी त्यहाँबाट बिदाइ भई छोरीको खोजीमा हिड्छिन् (श्लो. २६) । सिरिजले अर्काको बच्चालाई स्याहार गरेकै कारण कुनै दैवले यमपुर जाने बाटाका बारेमा बताई दिन्छन् । यमपुर जाने बाटोका बारेमा पत्ता लगाएपछि उनी नागको रथमा चढी पातालतर्फ ओर्लिछिन् (श्लो. २७-२९) । सिरिजमाता पाताला नपुग्दै पाताल पुगेका मर्करी यमराजसँग बसेर मिठामिठा बात मार्छन् । मर्करी आफुलाई जुपिटर देवले मिलाउन पठाएको तर राजा र रानीको जोडी मिलि सकेको ठट्टा गर्छन् (श्लो. ३०-३१) । प्रोजरपिना अनारदाना खाएपछि खुसी देखिन्छिन् । पृथ्वी र यमपुरका बिचको सर्त अनुसार यमपुरको फल चाखेपछि यमपुरमा नै बस्नु पर्ने देखिन्छ (श्लो. ३२-३३) । उक्त सर्तका बारेमा थाहा पाएकी प्रोजरपिना माइत जान नपाइने पीडामा आँशुले आँखा भर्छिन् । प्लुटोले प्रोजरपिनाको वेदना बुझेर एक पटक जननी भेट्न र पृथ्वी हेर्न प्रोजरपिना पृथ्वीतर्फ जाउन् भन्ने मनसाय व्यक्त गर्छन् (श्लो. ३४-३६) । त्यतिकैमा क्रोधले काँपी पृथ्वी नै नाश पार्दिन्छु भन्दै नागको रथ चढी सिरिज आइ पुग्छिन् । सिरिजको उक्त क्रोध देखेर हाँसेका मर्करीलाई गाली गर्दै उनी छोरी लैजान नदिएमा सेखी झार्ने बताउँछिन् । ज्वालामुखी स्वर्गमा बस्ने महेश देवलाई खेद प्रकट गर्ने बताउँदै सिरिज आफ्नी छोरी नर्कमा बस्दिन भन्छिन् (श्लो. ३७-३९) । सिरिज पृथ्वीका सबै सजीव प्राणीलाई खानपान

दिने भएकै कारण अब आफू हरियो पनि नहुने पानी पनि सुकाउने भन्दै संसार भोकले मर्ला भन्ने चेतावनी दिन्छिन् (श्लो. ४०-४१) । रिसले चुर भएर यमराजलाई सिरिजले छोरी चोर भन्दै गाली गर्छिन् । सिरिज धुक्क धुक्क रुँदै गरेकी आफ्नी छोरी प्रोजरपिनातर्फ गएर उनीसँग यमका बशमा बस्नु हुन्न भन्दै छोरीलाई लिएर पृथ्वीतर्फ हिँड्न तयार हुन्छिन् । प्लुटोलाई गाली गर्दै उनी एकबार आइथिस् अब फेरि मेरो पृथ्वीमा आइस् भने नागलाई भनेर तेरा पाइला छेक्न लगाउँछु भन्दै छोरी लिई पृथ्वी जान तयार हुन्छिन् (श्लो. ४२-४६) । सिरिजले यमबाट खोसेर छोरी फिर्ता लान आँटेको देखेपछि मर्करी सर्त गरेर मात्र लान पाउने बताउँछन् । मर्करीले सिरिजलाई तरुनी छोरीको घरबार खोस्ने निठुर आमा रहिछौं भन्दै छोरीलाई लोग्नेविना माइतकी कुमारी बनाई बुढीकन्या राख्ने विचार छ कि ? भनेर प्रश्न गर्छन् । मर्करी फेरि सिरिजलाई स्वामीकी काखकी फुल खोस्ने क्रोधी भन्दै तरुनी छोरीलाई पोइ चाहिने कुरा व्यक्त गर्छन् (श्लो. ४७-५०) । मर्करीको कुरा सुनेर सिरिज ठट्यौले के भन्छ भन्दै उसलाई हप्काउँछिन् । मर्करी सिरिजलाई तरुनी छोरी पातालमा छ महिना यमराजसँग बसि सकेको बताउँछन् । सँगै बसेका कारण लहरालाई रुखको माया लागेझैं प्रोजरपिनालाई पनि प्लुटोको माया लाग्ने र सधैंभरि उनलाई माइत रमाइलो हुन्न भन्ने विचार मर्करीले सिरिजसँग व्यक्त गर्छन् (श्लो. ५१-५३) । सिरिजलाई त्यति भनि सकेपछि मर्करी प्रोजरपिनातर्फ फर्किएर पातालमा फर्की आउन मन छ कि छैन ? भनी आत्मालाई सोध भन्छन् । मर्करीका उक्त कुरा सुनी राता राता गाला पार्दै प्रोजरपिना लाजले निहुरिन्छिन् । प्रोजरपिनाको उक्त अवस्था देखेपछि सिरिज फुलको डाली लिएर उभिन्छिन् । यमपुरमा अँध्यारो हुने भएका कारण एक डाली फुल लिएर गएमा दुःख हुन्न भन्ने सुनेका कारण सिरिज फुल लिएर आएकी हुन्छिन् (श्लो. ५४-५६) । सिरिजले आफ्नी छोरी फसि सकेको थाहा पाउँछिन् र त्यसैका लागि प्रतिक्रिया लिन सबैको मुख निहाल्छिन् । सिरिजले बढीक्रोध देखाएका कारण पृथ्वीमा खुर्सानी मात्र फल्छ कि भन्दै मर्करी उनीसँग ठट्टा गर्छन् । मर्करी प्रोजरपिनाले एक दाना अनार खाएकै कारण यमराजसँग फसेकी बताउँछन् भने जमना नै त्यस्तै आएको कुरा पनि गर्छन् (श्लो. ५७-५९) । प्रोजरपिनाको यमपुरको अन्न वा फल चाखिन् त्यसै कारण उनी छ महिना यमपुरमा रहनुपर्ने सर्तका बारेमा सिरिजलाई मर्करीले बताउँछन् । सर्त अनुसार प्रोजरपिना छ महिना पृथ्वीलाई हरियो भरियो पारी आमासँग बस्नु पर्ने देखिन्छ । पृथ्वी र यमको मुद्दा मिलाएपछि मर्करी बिदा हुन्छन् (श्लो.

६०-६२) । यमराज उठेर सिरिजलाई सम्बोधन गर्दै छ महिनाका लागि छोरी पृथ्वीमा लैजान र छ महिनापछि पातालमा पठाइदिन आग्रह गर्छन् । प्रोजरपिना आँखाको जलझारी प्लुटोका पाउमा पर्छिन् र दुवै आमा छोरी बिदावारी भएर यमपुरबाट पृथ्वीतर्फ जान्छन् (श्लो. ६३-६४) । कविले यो कथा सुन्ने जतिलाई फुलमाला पैह्रन आह्वान गर्दै छ महिना पृथ्वी उदास भएकै कारण पृथ्वीमा केही पनि उब्जन नहुने बताउँछन् । प्रोजरपिना नभएका छ महिना  हिउँद लाग्ने र प्रोजरपिना भएका छ महिना वसन्त लाग्ने ऋतुचक्रका बारेमा पनि कवि उल्लेख गर्छन् । ग्रिसले गुथेको पृथ्वीको मिठो कथा यही हो भन्दै कवि यस कथामा कल्पना भित्रको सत्य र अति नै रहस्यले भरिएको छ भन्छन् (श्लो. ६५-६७) । मानव चाहना अनुसारको राम्रो कल्पना भएको पृथ्वीको अमर कथा दिलमा राख्नेलाई फुलमाला दिने, वैकुण्ठ बस्ने बुढा बालाई रुद्राक्ष दिने र यो कथा सुन्नेलाई सुनको माला दिने चाहना कवि व्यक्त गर्छन् । जसले यस्तो रहस्य जान्यो ऊ सदैव सूर्य जस्तै उज्यालो रहन्छ (श्लो. ६८-७०) । यहाँसम्म आइपुग्दा खण्ड समाप्त भएको छ ।

## ३.४.२ पात्र विधान

**सृजामाता** खण्डकाव्यको चतुर्थ खण्डको पात्र विधानलाई नियाल्दा प्रमुख नारी पात्रका रूपमा सिरिज र प्रमुख पुरुष पात्रका रूपमा प्लुटोको उपस्थिति भएको पाइन्छ । यस खण्डमा प्रोजरपिना पनि आएकी छिन् । सहायक पुरुष पात्रका रूपमा मर्करी देखा पर्छन् । यस खण्डमा अपोलो, राजा, राजकुमार, रानी जस्ता सङ्केत गरिएका पात्रहरूको पनि प्रयोग गरिएको देखिन्छ । यस खण्डमा उपस्थित प्रमुख पात्रहरू र सहायक पात्रहरूको चारित्रिक विशेषतालाई तल चर्चा गरिएको छ ।

### क) 'सिरिज'

यस खण्डमा प्रमुख नारी पात्रका रूपमा सिरिज आएकी छन् (श्लो. १) । खण्डको सुरुमा उनलाई माघको ठण्डीमा राँको बालेर रुँदै रुँदै छोरी खोज्दै हिडेकी वियोगी आमाको रूपमा भेटिन्छ । छोरी खोजिरहेकै बेला सिरिज अपोलो नामक पात्रसँग छोरीका बारेमा सोध्न पुग्छिन् । आफ्नो पीडा नबुझिदिने अपोलोको ज्योतिमा टाटो पर्ने श्राप दिंदै रोष प्रकट गर्ने मानवीय स्वभाव देखाउँछिन् । आफ्नी छोरीको अभावमा राजाको छोराकी

धाई आमा बनेर भए पनि सन्तानलाई माया गर्ने ममतामयी आमाको भूमिका निभाएकी छन् । बच्चालाई आगोमा सुताउने र तन्त्र गरेर अमर बनाउने उनको चरित्र रहस्यमयी पाइन्छ । सिरिजको उक्त कार्यलाई रानीले शङ्का गरी हेरेकाले राजकुमारलाई अमर बनाउन नसकी सयवर्षको आयु दिएको प्रसङ्गबाट उनको चरित्रमा थप रहस्य रहेको भेटिन्छ । यमराजले छोरी लगिदिएका कारण सिरिज उसँग रिसाएको र बदलाको स्वभाव देखाएको भेटिन्छ । प्रोजरपिनाले प्लुटोलाई माया गर्न थालेको थाहा पाएपछि सिरिजले मर्करीको सर्त मान्न मञ्जुर गर्छिन् । त्यसकारण उनमा चाँडै मिल्ने खालको समझदार स्वभाव भेटिन्छ । हराएकी छोरीलाई कयौं महिनाको कठोर प्रयासपछि सिरिजले भेटाएकी छिन् । सर्तअनुसार छ महिनाका लागि पृथ्वीतर्फ छोरी लिएर गएकी सिरिज यस खण्डको अन्त्यमा खुशी भएकी भेटिन्छिन् । अर्काको बच्चालाई राम्रो गरेवापत आफ्नी छोरी भेट्टाएको देखाएर कविले सिरिजलाई माध्यम बनाई सदैव राम्रो काम गर्ने सन्देश दिएको देखिन्छ ।

### ख) प्लुटो

यस खण्डका प्रमुख पुरुष पात्र प्लुटो मर्करीसँग बात मारिरहेको प्रसङ्गबाट देखा परेका छन् (श्लो. ३०) । प्रोजरपिना केही दिनका लागि माइत जान चाहन्छिन् । उनको भावनालाई कदर गर्दै प्लुटो उनलाई माइन पठाउन सहमत हुन्छन् । प्लुटोको उक्त स्वभावलाई हेर्दा अरुको भावनालाई बुझ्न सक्ने सत् चरित्रता भेटिन्छ । सिरिजले छोरी चोर भनेर गाली गर्दा पनि केही नभनी प्लुटो सिरिजलाई माता भनेर सम्बोधन गर्छन् । छ महिनाका लागि सिरिजलाई छोरी लाने अनुमति दिएर कर्तव्यनिष्ठ र सहनशील पुरुषको चरित्र देखाउँछन् । प्रोजरपिनालाई सारै माया गर्ने र उनको भावनाको कदर गर्ने असल श्रीमान्का साथै रिसाएर आएकी सिरिजलाई पनि राम्रो रूपमा सम्बोधन गर्ने प्लुटोको स्वभावमा असल ज्वाँइमा हुने चारित्रिक विशेषता पनि भेट्न सकिन्छ ।

### ग) प्रोजरपिना

प्रोजरपिना यस खण्डमा देखा परेकी अर्की नारी पात्र हुन् । उनको उपस्थिति अनारदाना खाएपछि खुसी भएको (श्लो. ३२) अवस्थाबाट भएको देखिन्छ । नव विवाहित युवती माइत जाने रहरका कारण रोएझैं यिनी पनि पातालको फल चाखेपछि पृथ्वीमा

जान नपाइएला कि भन्ने आशङ्का गरी रोएकी देखिन्छिन् । सिरिजले पतिलाई गाली गर्दा पनि रुने प्रोजरपिनामा कुनै पनि कुरा स्पष्टसँग भन्न नसक्ने चारित्रिक विशेषता भेटिन्छ । प्रोजरपिनालाई मर्करीले पृथ्वीमा गए तापनि पातालमा फर्की आउन मन छ कि छैन भनेर सोधेपछि राता राता गाला पारेर निहुरिने प्रोजरपिनामा नारीमा हुने लज्जालु स्वभाव पनि देख्न सकिन्छ । प्लुटोले छ महिनाका लागि आमासँग माइत जान दिएपछि प्लुटोका पाउमा परी आँशु झार्ने प्रोजरपिनालाई हेर्दा हिन्दू नारीमा झल्कने सांस्कारिक मायालु स्वभाव पनि भेटिन्छ ।

### घ) **मर्करी**

मर्करी यस खण्डमा आएका सहायक पुरुष पात्र हुन् । पाताल पुगेर यमराजसँग बात मार्दै गरेको अवस्थाबाट मर्करी देखा पर्छन् । मर्करीलाई जुपिटर देवले पृथ्वी र यमको मुद्दा मिलाउन पाताल पठाएका कारण सोही अनुरूप कार्य गर्ने आज्ञाकारी पात्रका रूपमा भेटिन्छन् । रिसाएकी सिरिजलाई वास्तविक कुरो बुझाउने प्रसङ्गमा आएका मर्करीले आफ्नो ठट्यौली स्वभाव पनि देखाएका छन् । त्यही स्वभावका कारण सिरिजको गाली पनि खाएका मर्करीले सजिलैसँग सिरिजलाई कुरा बुझाउन सक्छन् । मर्करीसँग भएको उक्त क्षमताले गर्दा नै पृथ्वी र यमको मुद्दा मिलाउन सकेको देखिन्छ । कुनै पनि मानिसलाई कुरा बुझाउन सक्ने क्षमता भएका मर्करीले जुपिटरले लगाएको काम सफलतापूर्वक पूरा गरेर आज्ञाकारी र सत्चरित्र निभाएको भेटिन्छ ।

## ३.४.३ परिवेश विधान

**सृजामाता** खण्डकाव्यको चतुर्थ खण्डको परिवेश विधानलाई निश्चित स्थानगत, कालगत र वातावरणगत रूपमा हेरिन्छ । सिरिजले छोरी खोज्दै जाने क्रममा आएका स्थानगत परिवेशको चित्रण पाइन्छ । सिरिजले माघको चिसो वातावरणमा बल्ल तल्ल सूर्य भेटेको देखिन्छ । सूर्यको व्यवहारमा अरुको दु:खमा समय दिन नभ्याउने व्यस्त सहरी झैँ लाग्ने परिवेशको झल्को भेटिन्छ । स्थानगत परिवेशकै रूपमा पृथ्वीमा रहेको कुनै एक देशको राजदरबार पनि आएको भेटिन्छ भने तन्त्रमन्त्रले ससाजमा जरा गाडेको पाइन्छ । बच्चालाई आधा रातमा आगोमा हालेर अमर बनाउने रहस्यमय वातावरणको चित्रण पनि पाइन्छ । यस खण्डमा पृथ्वीमा भएको यी विभिन्न स्थान र वातावरणको चित्रणपछि

पातालतर्फको परिवेश पनि आएको देखिन्छ । पातालमा पनि राजा रानी भएको दरबारिया परिवेश आएको छ । यमराजलाई सिधै गएर छोरी चोर भनेर गाली गर्ने र मर्करीलाई पनि के भन्छ यो ठट्यौले भनेर रिस देखाउने सिरिजको स्वभावमा अशिक्षित महिलाले छोरी हराएका बेला पोखेको आक्रोश भेटिन्छ । उक्त प्रसङ्गले पिछडिएको गाउँले परिवेशको झल्को दिन्छ । झगडा पर्दा वा मुद्दा मिलाउँदा मध्यस्थ कर्ता चाहिने र मध्यस्थ कर्ताले राखेको सर्त दुवै पक्षलाई मान्य हुने सामाजिक परम्परा पनि यहाँ झल्कन्छ । यस खण्डमा एक दाना अनार खाँदैमा केटाकेटीसँग फस्ने खालको जमाना आएको देखिन्छ । नेपाली लोककथा भन्ने परम्परामा कायमै रहेको कथाको अन्त्यमा “सुन्नेलाई सुनको माला ……… ।” भन्ने उक्तिको प्रयोग कविले यस खण्डमा गरेको भेटिन्छ । समग्रमा भन्नुपर्दा यस खण्डमा बाह्य प्राकृतिक वातावरणका साथै घरभित्रको रमाइलो दाम्पत्यमय वातावरणको चित्रण पनि पाइन्छ । घरायसी वातावरण धमिल्याउने खालका सामान्य झगडा र केही समय पश्चात झगडा मिलेर रमाइलो वातावरण सृजना भएको पनि भेटिन्छ ।

### ३.४.४ मुख्य विचार

**सृजामाता** खण्डकाव्यको चतुर्थ खण्डको मुख्य विचारका रूपमा छ महिना प्रोजरपिना पृथ्वीमा हुने हुँदा वसन्त लाग्ने र छ महिना प्रोजरपिना पृथ्वीमा नहुँदा हिँउद लाग्ने प्राकृतिक ऋतुचक्रसँग सम्बन्धित कुरा रहेको छ (श्लो. ६६) । अर्काको शिशुलाई स्याहार गरेकै कारण सिरिजले पातालतर्फ जाने बाटो कुनै दैवी रहस्यबाट थाहा पाएको हो भन्ने विचार पनि यसै खण्डमा भेटिन्छ (श्लो. २८) । जहाँको फल खायो त्यही आत्मा बस्छ (श्लो. ३५) भनेझैं यमपुरको फल खाएका कारण यमराजसँग प्रोजरपिनाको आत्मा बसेको देखिन्छ । जसरी लहरालाई रुखको माया लाग्छ त्यसैगरी स्वास्नीलाई लोग्नेको माया लाग्छ र माइती सधैंभरि रमाइलो हुन्न (श्लो. ५३) भन्ने विचार पनि आएको छ । पृथ्वी महतारीकी वानस्पत जीवनी शक्ति छोरी प्रोजरपिना पृथ्वीमै भएका बेला पृथ्वी महतारीको मुहार हँसिलो खुसिलो हुन्छ ।

## ३.५ अन्त्य खण्डको विषयवस्तुगत अध्ययन

**सृजामाता** खण्डकाव्यको पाँचौ खण्डलाई अन्त्यखण्ड भनिएको छ र त्यसलाई उपदेश दर्शन शीर्षक पनि दिइएको छ । **सृजामाता** खण्डकाव्यमा प्रयोग गरिएको आख्यानात्मक विषयवस्तु चौथो खण्डसम्ममा नै पूर्ण भइसकेको छ र यो अन्य खण्डसम्म प्रस्तुत गरिएको विषयवस्तुभित्र निहित दार्शनिक पक्षको विशिष्ट अभिव्यक्ति गरिएकाले यो अन्त्य खण्ड खण्डकाव्यका चौथो खण्डसम्ममा चित्रित आख्यानात्मक विषयवस्तुसँग भित्री रूपमा सह-सम्बन्धित भएकै छ । यस खण्डको विश्लेषण गर्दा यसमा अभिव्यक्त दार्शनिक विचार तथा सन्देश जस्ता दुईवटा पक्षमाथि नै प्रकाश पार्नुपर्ने देखिन्छ ।

### ३.५.१ दार्शनिक विचार

उपदेश-दर्शन शीर्षक दिइएको अन्तिम खण्ड खण्डकाव्यको पाँचौ खण्ड हो । यस खण्डको आरम्भमै कविले कथा सकिएको सूचना दिंदै यस कथाको रहस्यका बारेमा जान्न खोज्नेहरूका लागि आफ्नो कलम अझ अगाडि बढाउँछन् (श्लो. १-२) । सम्पूर्ण सृजना शक्तिकी आदि स्रोत सिरिजलाई पृथ्वीका बिम्बका रूपमा सजीव मातृशक्ति मानेको रहस्यात्मक कथा ग्रिसमा प्रचलित छ । कवि त्यही रहस्यभित्रबाट खोजेर संसारी प्रबन्धको यथार्थ जीवन पथमा आधारित गरी मानव कल्पनाले भरिपूर्ण भएको राम्रो कथा सिर्जना गर्छन् (श्लो. ३-४) । सपनाको जस्तो झल्को दिने यस कथामा मानव जीवनमा घट्न सक्ने यथार्थ क्षणहरूको चित्रण पनि गरिएको छ (श्लो. ५) । जुन साधुका सुन्दर कल्पनाले सत्यको वकालत गर्छ उही विश्वमा रहस्यको ज्ञाता कहलिन्छ भन्दै कविले पृथ्वीलाई मानव भाव भएकी माताका रूपमा वा समस्त प्रकृति जगतकी सृजनदेवीका रूपमा उभ्याएका छन् (श्लो. ६-७) । तिनै पृथ्वीमातालाई सजीव आत्मा भएकी मानवमाता भएको अनन्त कल्पना गर्दै कवि स्त्रीरूप भएकी स्वप्निल भेषमा गौरवकासाथ वास गर्छिन् भन्ने बताउँछन् (श्लो. ८-९) । तिनै मानव स्त्रीरूपी पृथ्वीमाता सारा सिर्जनकी माता वा सारा सजीवलाई अन्न र रस दिने दाता वा धाई पनि हुन् । त्यस्ती संसारको सृष्टि सञ्चालन गर्ने स्त्रीलाई जननीको आदर प्राप्त हुनुपर्दछ । त्यस्तो आदर प्राप्त नहुँदा पृथ्वी रसहीन हुन पुगी त्यहाँको माटो फोस्रो मैन जस्तै बन्छ र अन्नपात केही उब्जदैन र पृथ्वीको सारा धर्म नै समाप्त हुन सक्छ (श्लो. १०-११) । पृथ्वीलाई सजीव जननीरूपी

सृजनदेवी मान्ने सिरिज नाम गरेकी माताको पुराकथा ग्रिसमा प्रचलित थियो । यस्ती पृथ्वी देवी होइनन्, उनको आत्मा छैन भन्ने कुरा आध्यात्मिक सत्य नबुझेका नास्तिकहरूले भन्छन् (श्लो. १२-१३) । यस्ती यी धरतीकी स्वरूप भएकी मानव माताले मानिसलाई बास, अन्न रसतनी उपलब्ध गराउँछिन् । तर मुर्खहरू उनलाई सजीवता नभएकी माटाका डल्लाका रूपमा लिन्छन् (श्लो. १४-१६) । पृथ्वीभित्र विश्वात्मा छ त्यही आमाद्वारा संसार परिचालित छ भन्ने रहस्यमय सत्य यस ब्रह्माण्डको नियामक तत्त्व हो । त्यस्तो रहस्यमय पृथ्वीमा आत्मा छैन भन्ने विज्ञान नै अजीव हो (श्लो. १७) भन्दै कवि पृथ्वीमा आत्मा भएकै कारण पृथ्वी गोलो भएको र विश्वको नियति सम्भव भएको बताउँछन् (श्लो. १७-१८) । मानव जीवनलाई कायम राख्न आमाको अविभारा लिने पृथ्वी आत्मा विनाको माटोको डल्ला मात्र नभएर हामीले पृथ्वीको देह मात्र देखेको कुरा कवि व्यक्त गर्छन् (श्लो. १९-२०) । पृथ्वी आत्मारहित मानेमा हामी वास्तविक सत्य वा रहस्यको गहिराइसम्म नपुगेको बताउँदै पृथ्वीमा आत्मा छ भनेर स्वीकार गर्दैमा के फरक पर्छ र ? भनेर कवि प्रश्न गर्छन् । माटोको गोला पृथ्वीको देहको स्वरूप मानेर ब्रह्माण्डभित्र चाहिँ आत्मा रहेको सम्झिदा पनि कुनै खराप हुन्छ ? भन्दै कवि पुनः प्रश्न गर्छन् (श्लो. २१-२२) । भौतिक दर्शनले आत्मालाई भन्दा देहलाई बढी महत्त्व दिन्छ । आत्मालाई महत्त्व दिने विचार पक्षको मूल आधारभूमि चाहिँ स्वच्छन्दतावादी आध्यात्मिक रहस्यवाद नै हो (अवस्थी, २०६५: ६७१) । पृथ्वीमा आत्मा भएको कुरा थप पुष्टि गर्न कवि प्रत्येक नक्षत्रको पछाडि पनि एउटा देव आत्मा भएको बताउँछन् (श्लो. २३-२४) । मानवलाई पालन पोषण गर्ने पृथ्वीरूपी देवीको आत्माले नै मानव जातिको रक्षा गरेको छ । उक्त कारणले नै गर्दा यो भन्न सकिन्छ कि पृथ्वीमाताले आफ्नो भौतिक पिण्डको प्रदर्शन गरी सबैतिर चहारेर मानव जातिको रक्षा गर्न सकेको हो (श्लो. २५-२६) । तसर्थ पृथ्वीमाता देवीको आत्मा भएकी सजीव मानव पोषिणी हुन् । वायुको भौतिक गति भए तापनि पछाडि कुनै देवी आत्मा वा ईश्वर अवश्य छ (श्लो. २७-२९) ।

सागर र जलमा के अधिष्ठाता आत्मा पाइन्न त ? भन्ने प्रश्न गर्दै कवि अध्यात्म क्षेत्र आत्मा र जलले भरिएको बताउँछन् । पृथ्वी, जल, वायु आदिमा आत्मा छैन भन्ने विज्ञान वा भौतिक दर्शन अन्धो छ (अवस्थी, २०६५: ७१) भन्दै कवि सबै प्रकृतिमा आत्मा भएको रहस्यबारे बताउँछन् (श्लो. ३०-३१) । विश्व नियतिमय छ भन्दै कवि विश्वको नियति आत्माद्वारा नै सञ्चालित भएको मान्दछन् उनी यो चेतनालाई बिगार्नु विज्ञानको

अन्धोपना मात्र हो भन्दै अध्यात्मवादी बन्दछन् र यो सबै आत्माकै कारणले सञ्चालित भएको पनि मान्छन् (श्लो. ३२-३३) । विश्वरूपी देवीको चेतनशील आत्माले नै पृथ्वीमा जलवायु आदिको स्थितिको सञ्चालन गर्दछ । यो विश्व स्थिति सत्य हो भन्ने हाम्रा ऋषिमुनिहरूको प्राचीन मान्यता सबै वाइयात बकबक मात्र हो त ? भनेर कवि प्रश्न गर्छन् (३४-३५) । भौतिकवादीहरूले जे भने तापनि विश्वको सृष्टि कायम राख्ने काम कुनै दैवी आत्माद्वारा नै भएको हो । हामी पृथ्वीको भौतिक पिण्ड मात्र देख्छौं तर त्यसको पछाडि आत्मा वा ईश्वर छ भन्ने देख्दैनौ । प्रकृति ईश्वरद्वारा नै सञ्चालित छ भनेर प्रत्येक स्थानमा देव छैन भन्नु अन्धोपन मात्र हो (श्लो. ३६-३८) । जसले अधिष्ठाता या अधिष्ठात्री देवता समर्थन गर्दै पृथ्वी मानव आत्मा भएकी देवी हुन् भन्दछन् । कवि आफू देहधारी भए तापनि आत्माले सम्पन्न भएका कारण पृथ्वीमा आत्मा छ भन्ने विचार राख्ने आफू धन्य भएको ठान्छन् (श्लो. ३९-४०) । भौतिक दर्शनले अध्यात्म दर्शनलाई छेक्न खोजेता पनि अध्यात्म दर्शनले पृथ्वीपिण्डको पछाडि दैवीआत्माको स्पर्शनदेख्छ र आत्माकै चेतनाको प्रसारका कारण नियतिले गर्दा नै पृथ्वीपिण्ड बनेको हो भन्ने कुरासम्म पुग्न सकिन्छ (श्लो. ४१-४२) । ती पृथ्वीलाई स्त्रीरूपी आमाका रूपमा हामी कल्पना गर्छौं । यो कल्पना सत्य होइन भन्नु पाखण्डीपन हो भन्दै पृथ्वीरूपी आमाको अन्नको रसरूपी दुध खाएर नै हामी मानव जिउन सकेको सत्यबारे कवि बताउँछन् (श्लो. ४३-४५) । यति ठुलो पृथ्वीको सञ्चालन गर्ने र गोलाई दिने काम पक्कै पनि कुनै अधिष्ठ आत्माकै कारण हो । भौतिक विज्ञानले पृथ्वीलाई वस्तु मान्छ भने अध्यात्म दृष्टिले पृथ्वीलाई देव आत्मा मान्छ (श्लो. ४६-५०) । सम्पूर्ण सृजना शक्तिकी आदि स्रोत सिरिजलाई पृथ्वीको पिण्डका रूपमा स्थापित गरिएको छ । खण्डकाव्यको कथाअनुसार तिनै पृथ्वीकी छोरी प्रोजरपिना यमले हरेर लगेपछि छ महिना पृथ्वीमा आमासँग र छ महिना पातालमा पतिसँग बस्ने सर्त गरिएको हुन्छ (श्लो. ५१-५२) । सिरिजकी तिनै वानस्पत जीवन शक्तिरूपी छोरी हिँउदमा छ महिना प्रवासी हुन्छिन् र अरु छ महिना पृथ्वीमै रहन्छिन् । यसै प्रकारले छ महिना हिँउद र छ महिना वर्षा हुने ऋतुको चाल वा विश्वको नियतिहरूमा निर्भर छ (श्लो. ५३-५५) । सूर्यको चक्रमा आधा दिन र आधा रात हुन्छ भने वर्षका चक्रमा छ महिना हिउँद र छ महिना वर्षा हुन्छ । ध्रुवमा छ महिना दिन र छ महिना रात हुन्छ । हिउँदका दिन काला हुनु नै ध्रुव दशा कहलिएको छ (श्लो. ५६-५७) । विश्वको समय चक्रको परिवर्तनक्रम स्थिर छ र समय चक्रकै परिवर्तन क्रममा नक्षत्र

गति प्रबन्धित छ (अवस्थी, २०६५: ७१) । यो विश्व स्थितिको सञ्चालनका लागि विशाल नियम वा नियति चक्रकै कारण उज्यालो र अँध्यारो अवस्था सृजना हुन्छ । त्यस्तो नहुने हो भने यो विश्व एउटा विशाल नियममा नबसी विश्वको नियति भङ्ग हुन सक्थ्यो (श्लो. ५८-६०) । कतै अँध्यारो र कतै उज्यालो हुने यो विश्वमा कतै चन्द्रको उज्यालो हुन्छ भने कतै अध्यारै रहन्छ । विश्वको यो नियति चक्रका बारेमा नबुझ्नेहरू यसलाई काकताली ठान्छन् (श्लो. ६१-६२) । यो विश्वको चैतन्य चक्र नियतिबद्ध छ भन्ने कुरा चेतनाले बुझ्छ भने भावले चाहिँ काकताली परेको देख्छ । यी सबै देखाएर कविले पृथ्वीकी छोरीलाई पनि सधैंभरि राम्रै राम्रो हुँदैन भन्ने नियति चक्रकै कुरा ल्याउँछन् (श्लो. ६३-६४) । दिन र रातले अध्यात्म दर्शनमा जीवन र मृत्युको संकेत गर्छन् । निद्रामा मृत्युको झल्को पाइन्छ भने कुनै पनि सूचना विना मृत्युलाई सहजरूपमा स्वीकार्न बाध्य हुनुपर्छ । अध्यात्म दर्शनले हाम्रो जीवनलाई सपनाका रूपमा लिन्छ र मृत्युपछि पनि आत्माको अमरत्वको स्वीकार गर्छ (श्लो. ६५-६७) । प्राचीन पुराकथामा वर्णन गरिएको चन्द्र र सूर्यको उज्यालो नभएको पाताल पापी आत्माहरू बस्ने अँध्यारो स्थानका रूपमा चिनिन्छ । पातालका राजा रत्नको ज्योति चम्काइ ईश्वरको आज्ञाअनुसार नै त्यहाँ बस्छन् (श्लो. ६८-७०) । पृथ्वीकी छोरी प्रोजरपिना यमकी महारानी पनि हुन् । आत्माले समय अनुसार तम र प्रकाशका कर्महरूको भोग गर्दछ भन्ने विचार कवि यही काव्य मार्फत व्यक्त गर्छन् (श्लो. ७१-७२) । पुण्य आत्मा भएका भए तापनि यमराज पातालमा नै बस्दथे । स्वर्गकी सँगी पाएका उनी अमर प्रेमका साथ धर्मका भरमा बास बस्थे (श्लो. ७३-७४) । धर्मका राजा यमराज स्वर्गकी संगी धन पाएर खुसीमय दाम्पत्य जीवन बिताउँछन् । ईश्वरले उनको दुःख हटाउनलाई प्रोजरपिना नामक संगी दिएका छन् (श्लो. ७५-७६) । सर्त अनुसार यमको घरको अन्न खाएमा पातालमै बस्नुपर्छ । काव्यमा आएका जुपिटर देव ज्वालामुख निवासी महेश देव हुन् । उनी सुशील व्यवहारका साथै विविध लीला देखाउँछन् (श्लो. ७७-७९) । यस काव्यमा देखा परेकी अर्की नारी पात्र वैराग्यकी देवी हेकेटीमाई र उनको स्टेजियन गुफा रहस्यमय देखिन्छन् (श्लो. ८०- ८१) । वैरागीहरू संसारमा हाँस्नु भन्दा रुनुलाई नै प्राथमिकता दिन्छन् । अग्निले अमृतरूपी प्रकाश दिएकै कारण संसारको धर्म रहेको छ वा आफ्ना सन्तान अमर बनाएका छन् । अर्काको शिशुको भलाई वा उपकार गरे हराएको शिशु पाइन्छ भन्ने रहस्यात्मक वात्सल्य रसपूर्ण भनाइमा पुगेर यो खण्ड समाप्त भएको छ (श्लो. ८२-८४) ।

### ३.५.२ सन्देश

प्रस्तुत खण्डकाव्यको आख्यानात्मक विषयवस्तु प्रथम खण्डदेखि चौथो खण्डसम्ममा पूर्ण भइसकेको बताउँदै कविले उपदेश दर्शन शीर्षक दिइएको अन्त्य (पाँचौं) खण्डमा आध्यात्मिक स्वच्छन्दतावादी र रहस्यवादी दर्शनका साथमा केही सन्देशहरू पनि दिएका पाइन्छन् । यस खण्डमा कवि सबै प्राणीको पालन पोषण गर्ने पृथ्वी सजीव आत्मा भएकी सबैकी माता हुन् वा समग्र प्रकृति जगतकै आमा हुन् भन्ने विचार व्यक्त गर्छन् । यस्ती पृथ्वीलाई माटो र ढुङ्गा जस्तो जड वस्तुका रूपमा मात्र नलिई मानवरूपी माताका रूपमा आराधना गर्नुपर्छ । ती मानव माताको आराधना नहुँदा माटो रसहीन एवं फोस्रो बन्दछ । कवि यस काव्यका माध्यमबाट सबैले पृथ्वीमाताको सम्मान गर्नुपर्छ भन्दै प्रकृतिप्रेमी बन्न वा प्रकृतिलाई खुसी पार्नका खातिर वातावरण संरक्षण गर्न सन्देश दिन्छन् ।

यस खण्डमा आमा कुनै पनि अवस्थामा परचक्री हुँदैन र अर्काको बच्चाको स्याहार गरेमा आफ्नो बच्चा पनि मिल्न सक्छ भन्ने कुरा रहस्यात्मक ढङ्गले देखाइएको छ । सेवा गर्नेको कहिलै कुभलो हुँदैन भन्ने आशय व्यक्त गर्दै सेवा गर्नतर्फ उत्प्रेरित गरिएको छ भने अर्काको सन्तानको रक्षा गरेर बसेकी सिरिजले सधैं राम्रो चिताएको हुँदा आफ्नी छोरी प्राप्त भएको देखाएर सिरिज झैँ परोपकारी हुन सन्देश दिएको पनि देखिन्छ ।

## ३.६ निष्कर्ष

प्रस्तुत परिच्छेदमा गरिएको अध्ययनको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

### क) प्रस्तुत खण्डकाव्यको पहिलो खण्डको निष्कर्ष

प्रस्तुत खण्डमा कवि सुदूर ग्रिस देशको रमणीय प्राकृतिक परिवेश र त्यहाँको जन जीवनको चित्रण गर्नुका साथै प्राचीन ग्रिसमा प्रचलित सृष्टि सम्बन्धी अनेकौं कथाहरूमध्ये सिरिज नामक पृथ्वी महतारीको कथा भन्न थाल्छन् । सिरिजकै सुजित विम्बका रूपमा उनकी पुत्री प्रोजरपिनाको उपस्थिति भएको पाइन्छ । सारै राम्री पन्ध्रवर्से छोरीलाई घर बाहिर नजानलाई सम्झाउँदै सिरिज धानको फसल हेर्न जान्छिन् । यहीबाट

कथानकको प्रारम्भ हुन्छ । आमाले सम्झाएको बिर्सिएर छोरी फुल टिप्न निस्किएकै बेला पातालका राजा प्लुटोद्वारा अपहरणमा पर्छिन् । यही घटनाक्रमबाट कथानकले विकास भागमा प्रवेश गर्छ । प्लुटोद्वारा अपहरण गरेर पाताल पुऱ्याइएकी प्रोजरपिना खानु न पिउनु विना कयौं दिन यमपुरमा रुँदै बिताउँछिन् । प्लुटोले कयौं गर गहना, लत्ता कपडा तथा धन-सम्पत्ति दिएर रानी बन्न आग्रह गर्दा पनि पृथ्वीमा फर्कन पाउने झिनो आश लिएर केही नखाइकन रुँदै कयौं दिनसम्म यमपुरमा बस्छिन् । यहाँसम्म आइपुग्दा खण्ड समाप्त भएको छ । प्रस्तुत खण्डकाव्यका मुख्य पात्रहरू (नारी - सिरिज र प्रोजरपिना, पुरुष - प्लुटो) तिनै जनाको उपस्थिति यसै खण्डबाट भएको पाइन्छ । असल आमाका रूपमा सिरिज, चञ्चले युवतीका रूपमा प्रोजरपिना र मन परेकी केटी अपहरण गर्ने युवकका रूपमा प्लुटोको उपस्थिति भएको पाइन्छ । परिवेश विधानका दृष्टिले सिरिजको झुपडी, खेत, समुद्रको तीर, फुलको बगैंचाका साथै पातालको यमराजको दरबारसम्मको स्थानगत परिवेशको चित्रण देखिन्छ । यसै खण्डको समयगत परिवेशलाई नियाल्दा सिरिज धानको फसल हेर्न गएको कार्तिकतिरको समयको आभाष मिल्छ । चिसो हावा बहने ग्रिसका निला पर्वत, हरिया भरिया खेतबारीका साथमा मान्छे नै अपहरण गर्न मिल्ने एकान्त वातावरण पनि आएको छ । समग्रमा पहाडी गाउँले परिवेशदेखि दरबारिया परिवेशसम्मको चित्रण यसै खण्डमा भएको पाइन्छ । पुरुष नारी प्रेमको भोको हुने कुरा यस खण्डको मुख्य विचारका रूपमा रहेका भेटिन्छ भने आमा बाबुका अर्ति मान्नु पर्छ भन्ने सन्देश पनि कविले यसै खण्डका माध्यमबाट दिन खोजेको पाइन्छ ।

### ख) प्रस्तुत खण्डकाव्यको द्वितीय खण्डको निष्कर्ष

प्रस्तुत खण्डमा सिरिज आफ्नो नागको रथमा चढेर खेतीबालीको हेरचाह गर्न पुगेपछिको प्रसङ्गबाट कथानकको सुरुवात हुन्छ । सिरिज घर फर्केपछि आफ्नी प्यारी छोरीलाई देख्दिनन् । उनी छोरीको खोजीमा छर-छिमेक, गोठाला, तारागण, जलदेव, वायुदेव पर्वत, सबैतिर खोज्दै र सोध्दै हिड्छिन् । उनले दिनरात नभनी राँको बालेर छोरी खोजे तापनि छोरीको अत्तोपत्तो लाग्दैन । छोरी खोज्ने नै क्रममा सिरिज हेकेटीदेवीको गुफामा पुग्छिन् र उनीसँग सहयोग माग्छिन् । हेकेटीदेवीले आफ्नो दैवीशक्तिको प्रयोगद्वारा प्रोजरपिनालाई यसले चोरेरे यमपुरमा पुऱ्याएको बताउँछिन् । हेकेटीदेवी सिरिजलाई आफूसँगै दुःख साँटेर बस्न आग्रह पनि गर्छिन् । तर, सिरिजले हेकेटीसँग

यमपुर जाने बाटोका बारेमा सोध्छिन् । हेकेटीदेवीले पाताल जाने बाटोका बारेमा आफुले बताउन नसक्ने र सूर्यसँगै सोध्ने सल्लाह दिन्छिन् । यहाँसम्मको कथानकको घटना क्रममा आइपुग्दा खण्ड समाप्त भएको छ । यस खण्डमा प्रमुख नारी पात्रका रूपमा सिरिज र सहायक नारी पात्रका रूपमा हेकेटीदेवीको उपस्थिति भएको देखिन्छ । छोरी हराएकी वियोगी आमाका रूपमा सिरिज उभिएकी छन् । हेकेटीदेवी सिरिजका दुःखमा साथ दिने सहयोगी पात्रका रूपमा आएकी देखिन्छिन् । उनले चारित्रिक विशेषता र कार्य शैलीले रहस्यमयी पात्रका रूपमा भेटिन्छन् । सिरिजको खेतबारी झुपडी, उनकै छर छिमेक र छोरी खोज्दै जाने क्रममा देखिएका रात्री र दिनका कयौं परिवेशका साथै थप उल्लेखनीय परिवेशका रूपमा स्टिजियन गुफाको परिवेशको चित्रण गरिएको पाइन्छ । आमाको मन रुवाउनु हुँदैन । वियोग ढुङ्गाभन्दा पनि कठोर हुन्छ भन्दै योग भ्रम र वियोग नै सत्य भएको मुख्य विचारका साथै सँगसँगै रुनाले मनको पीडा शान्त हुन्छ भन्ने सहयोगी भावनात्मक विचार पनि यसै खण्डमा आएको भेटिन्छ ।

### ग) प्रस्तुत खण्डकाव्यको तृतीय खण्डको निष्कर्ष

प्रस्तुत खण्डकाव्यमा प्रोजरपिना हराएपछि दुःखित बनेकी पृथ्वीमा गडबड आएको प्रसङ्गबाट यस खण्डको सुरुवात भएको भेटिन्छ । पृथ्वीमा आएको उक्त अवस्थाबाट दिक्क भएर किसानहरू महेशदेव समक्ष गुनासो गर्न पुग्छन् । महेशले हाँस्य पात्र मर्करीलाई यम र पृथ्वीको मुद्दा मिलाउनलाई पातालतर्फ पठाउँछन् । पृथ्वीबाट लगिएको अनार दाना खाएपछि प्लुटोलाई प्रोजरपिनाले माया गर्न थाल्छिन् । प्लुटोलाई माया गर्न थालेकी प्रोजरपिना आफुले जति गाली गरे पनि नरिसाउने प्लुटोको बानीसँग प्रभावित भएर आफुलाई नै पापिनी निठुर भएको ठान्दछिन् । बाँकी रहेको अनार दाना प्लुटोलाई पनि दिने र आफू पनि खाने प्रोजरपिना यमको सिरकको रखाइमा नागबेली कला देखाउँछिन् । प्लुटोले आफूसँग बस्दा कस्तो लाग्यो भनेर सोधेपछि एकपटक माइत जान मन लागेको कुरा प्रकट गर्दै यस खण्डको कथानकको अन्त्य भएको देखिन्छ । यस खण्डमा प्रमुख पुरुष पात्रका रूपमा प्लुटो प्रोजरपिनालाई फकाउने निरन्तरको प्रयासपछि सफल भएको स्थिर सत्पात्र हुन् । यसै खण्डकी प्रमुख नारीपात्रका रूपमा उपस्थिति प्रोजरपिना सुरुमा केही खानु न पिनु बसे तापनि प्लुटोका आग्रहका कारण अनार खाएपछि प्लुटोलाई माया गर्न थाल्ने र हाँसी खुसी भएकी वा उनको स्वभावमा गतिशीलता आएका कारण सत् र

गतिशील चरित्रका रूपमा आएकी छिन् । यस खण्डमा सहायक पुरुष पात्रका रूपमा जुपिटर र मर्करी आएका छन् । जुपिटर महेशदेव हुन् । जुपिटरले मर्करीलाई यम र पृथ्वीको मुद्दा मिलाउन पाताल पठाएका छन् । मर्करी आज्ञाकारी पात्र भएर पाताल गएका भेटिन्छन् । यस खण्डको परिवेश विधानलाई हेर्दा कार्तिकपछि उजाड भएको पृथ्वीको नाङ्गो वातावरण र यमको दरवारको प्रेममयी वातावरणका साथ समयगत परिवेश भने कार्तिक पछिको तिन महिनाको झल्को मिल्छ । अन्नको प्रभावले भावको सृजन हुन्छ भन्ने मुख्य विचार यस खण्डमा रहेको पाइन्छ । एउटा असल परिवार बसाउनका लागि दम्पत्तिमा एकले अर्काको भावनाको सम्मान गर्न सक्नु पर्छ भन्ने सन्देश प्लुटोको माध्यमबाट दिएको भेटिन्छ ।

## घ) प्रस्तुत खण्डकाव्यको चतुर्थ खण्डको निष्कर्ष

माघको जाडोमा राँको बालेर सिरिज रुँदै रुँदै छोरी खोज्दै हिडेकी प्रसङ्गबाट यस खण्डको सुरुवात भएको देखिन्छ । सिरिज छोरी खोज्ने क्रममा सूर्यलाई भेटेर आफ्नी हराएकी छोरीका बारेमा सोध्छिन् । तर सूर्यले आफुलाई फुर्सत नभएको बताउँछन् । आमाको आँशुको बेवास्ता गर्ने सूर्यलाई सिरिजले ज्योतिमा धब्बा लाग्ने श्राप दिन्छिन् । त्यसपछि उनी कुनै एक देशका राजकुमारकी धाई बनेर बस्छिन् । ती राजाका कुनै पनि सन्तान टिकेका हुँदैनन् । एकजना मात्र राजकुमार बाँकी रहन्छन् । सिरिजले आफ्नो शक्तिको प्रयोग गरी तन्त्र गरेर राजकुमारलाई मध्यरातमा आगोमा सुताउँछिन् । सिरिजको कामप्रति शङ्का गरेर रानीले चिहाएका कारण बालक अमर बनाउन नसकी सय वर्षको आयु दिएर उनी त्यहाँबाट हिड्छिन् । अर्काको बच्चालाई स्याहार गरेकै कारण सिरिजलाई पातालतर्फ जाने बाटो रहस्यात्मक रूपमा कुनै दैवले बताइ दिन्छन् । त्यसपछि उनी पाताल पुगेर यमराजलाई गाली गर्दै छोरी लिएर हिड्न तयार हुन्छिन् । यम र पृथ्वीको मुद्दा मिलाउन जुपिटरले मर्करीलाई पातालतर्फ पठाएका हुन्छन् । मर्करीले सिरिजलाई सर्त नगरी छोरी लान पाइँदैन भन्छन् । मर्करीले छोरी पनि तरुनी भएकै रैछिन् र छ महिना यमराजसँग बसिसकेकी हुनाले सधैका लागि लान मिल्दैन भन्छन् । मर्करीले प्रोजरपिनालाई पृथ्वीमा गए तापनि पातालमा फर्केर आउन मन छ कि छैन भनेर प्रश्न गरेपछि बोल्न नसकी उनी राता राता गाला पारेर निहुरिन्छिन् । प्रोजरपिना यमसँग फसिसकेको बुझेपछि छ महिना पातालमा र छ महिना पृथ्वीमा आमासँग

प्रोजरपिना बस्ने सर्त गरी मर्करी हिड्छन् । प्लुटोले छ महिनाका लागि प्रोजरपिनालाई पृथ्वीमा लान मञ्जुरी दिएपछि दुवै आमाछोरी बिदावारी भई पृथ्वीतर्फ लागेको कथानकसम्म पुगी यो खण्ड समाप्त भएको छ । यस खण्डकी प्रमुख नारीपात्र सिरिज विभिन्न ठाउँमा छोरी खोज्दै जाँदा पातालमा पुगी छोरी भेट्टाउन सफल चरित्रका रूपमा आएकी छन् । प्रमुख पुरुष पात्रका रूपमा आएका प्लुटोले प्रोजरपिनाको भावनाका कदर गर्ने, सिरिजको गाली पनि सहने र सर्त बमोजिम छ महिनाका लागि प्रोजरपिनालाई पृथ्वीतर्फ पठाउने काम गरेका प्लुटो असल लोग्ने र सहनशील युवकको भूमिकामा आएका सत् चरित्र हुन् । पृथ्वी र यमको मुद्दा मिलाउने काममा आएका मर्करीले आफ्नो कर्तव्य पूरा गरेको देखिन्छ । कुनै पनि कुरा स्पष्ट भन्न नसक्ने र रुने नारीपात्रका रूपमा यस खण्डमा प्रोजरपिनाको उपस्थिति भएको छ । सिरिजले छोरी खोज्दै जाने क्रममा आएका विभिन्न पृथ्वी र पातालका स्थानगत परिवेशका साथमा माघको चिसो वातावरणको चित्रण पनि पाइन्छ । पृथ्वी र पातालका दुवैतर्फको दरबारिया परिवेशको साथमा तन्त्र मन्त्र गर्ने परम्परा पनि झल्किन्छ । श्रीमान् श्रीमती बिचको प्रेममयी वातावरणका साथमा समाजमा हुने सामान्य झगडा र मध्यस्थ कर्ताले मिलाइ दिएको प्रसङ्ग पनि उल्लेख छ । छ महिना प्रोजरपिना पृथ्वी हुँदा वसन्त लाग्ने र छ महिना प्रोजरपिना नहुँदा हिँउद लाग्ने प्राकृतिक ऋतुचक्रसँग सम्बन्धित कुरा नै यस खण्डको मुख्य विचारका रूपमा आएको छ । अर्काको शिशु स्याहारेका कारण आफ्नो राम्रो हुने कुराका साथमा जहाँको फल खायो त्यहीको माया बस्छ भन्ने विचार पनि यसै खण्डमा आएको देखिन्छ ।

### ङ) प्रस्तुत खण्डकाव्यको अन्त्य खण्ड (उपदेश-दर्शन) को निष्कर्ष

**सृजामाता** खण्डकाव्यको 'उपदेश-दर्शन' शीर्षक दिइएको अन्त्य खण्डको सुरुमै कविले आफ्नो कथन सकिएको संकेत दिंदै यस कथनको रहस्यका बारेमा जान्न खोज्नेहरूका लागि मात्र आफ्नो कलम अगि बढाएको बताउँछन् । कविले पृथ्वीलाई समस्त प्रकृति जगत्की आमाका वा सृजन देवीका रूपमा मानेका छन् । पृथ्वीलाई आत्माहीन माटोको डल्लो मान्ने भौतिक विज्ञानलाई अन्धो ठान्दै विश्व नियतिमय भएको बताउँछन् । आत्माले समयानुसार तम र प्रकाशका कर्मका भोग गर्दछ भन्ने विचारका साथै कविले स्वर्ग, पृथ्वी र पातालका विभिन्न पात्रहरूको प्रयोग गरी तिनवटै लोकको

सम्बन्ध स्थापित गर्न खोजेका छन् । अर्काको बच्चा पोस्ने सिरिजले आफ्नी छोरी पाएको प्रासङ्गिक कथन ल्याएर कविले सदैव राम्रो काम गर्न प्रेरित पनि गरेका देखिन्छन् । तथापि यो उपदेश-दर्शन खण्ड त्यति आवश्यक भने देखिँदैन किनकि अगाडि नै आएका विचारहरू प्रशस्त दोहोरिएका छन् ।

# चौथो परिच्छेद
## शोध निष्कर्ष

प्रस्तुत शोधका लक्ष्मीप्रसाद देवकोटाले रचेको **सृजामाता** खण्डकाव्यको विषयवस्तुपरक अध्ययन गर्ने उद्देश्य सम्पन्न गरिएको छ । यस उद्देश्य प्राप्तिका निम्ति गरिएको अध्ययनको प्रतिवेदनका रूपमा रहेको यस शोत्रपत्रका पहिलो परिच्छेदमा यस शोधमा अँगालिएको अध्ययन प्रक्रिया बारेको चिनारी दिइएको छ भने दोस्रो परिच्छेदमा यस शोधको मुख्य अध्ययनीय कृति **सृजामाता**का स्रष्टा लक्ष्मीप्रसाद देवकोटाका जीवनी एवम् साहित्यिक व्यक्तित्व बारेको छोटकरी रेखाङ्कन प्रस्तुत गरिएको छ । यस शोधका मुख्य विषयसँग सम्बद्ध सामग्रीको विश्लेषण प्रस्तुत शोधपत्रका तेस्रो परिच्छेदमा गरिएको छ । सो तेस्रो परिच्छेदमा गरिएको अध्ययनको सारांशको साथै अन्तिम निष्कर्ष र भावी शोधकार्यका निम्ति सुझावजस्ता पक्षबारे यस चौथो परिच्छेदका तलका उपशीर्षकहरूमा उल्लेख गरिएको छ ।

### ४.१ सारांश

यस शोधलाई **सृजामाता खण्डकाव्यको विषयवस्तुगत अध्ययन** शीर्षक दिई 'सृजामाता' खण्डकाव्यका विषयवस्तुगत आख्यानात्मक कथन, पात्र विधान, परिवेश विधान र विचार पक्षका बारेमा प्रत्येक खण्डको छुट्टाछुट्टै अध्ययन गरी निष्कर्ष निकालिएको छ । यस शोधमा गरिएका मुख्य विषयसँग सम्बद्ध सामग्रीको विश्लेषणात्मक सारांश तल उल्लेख गरिएको छ ।

#### क) विषयवस्तुगत कथानक

**सृजामाता** खण्डकाव्य ग्रिसेली मिथकीय पुराकथात्मक स्रोतबाट झिकिएको पृथ्वी महतारी सिरिजको कथा भएको एक आख्यान प्रधान खण्डकाव्य हो । विश्वको नियति र सृष्टिको रहस्यका बारेमा जानकारी दिँदै स्वर्ग, पृथ्वी र पाताल तिनै लोकको सह-सम्बन्ध स्थापित गराउने प्रयास गरिएको यस खण्डकाव्यको मुख्य विषयवस्तुका रूपमा ऋतुचक्र सम्बन्धी कुरा आएको छ जसलाई स्पष्ट पार्ने काम सिरिजको कथाले गरेको छ । यस

खण्डकाव्यमा आएकी प्रमुख नारी पात्र सिरिज पृथ्वी महतारी सम्बन्धी ग्रिसेली आद्य प्रतीक हुन् । उनी पहाडी नेपालीझैं लाग्ने ग्रिसको कुनै बस्तीमा खेती किसान गर्छिन् । उनकी प्रोजरपिना नामक पन्ध्र बर्से चञ्चले छोरी हुन्छिन् । छोरीलाई घरबाहिर कतै नजानू भनेर सम्झाउँदै सिरिज धानको पसल हेर्न खेततिर जान्छिन् । यसै अवस्थामा फुल टिप्न निस्किएको प्रोजरपिना पातालका राजा प्लुटोद्वारा अपहरणमा परेर पाताल पुग्छिन् । छोरी हराएपछि सिरिज आफ्नो काम छाडी खोज्न हिड्छिन् । तारा, जल, पर्वत, वायु, समुद्र आदि कसैले पनि उनकी छोरीका बारेमा बताउन नसकेपछि सिरिज हेकेटी नामक मर्मद्रष्टा देवीको गुफामा पुग्छिन् । हेकेटीदेवीले आफ्नो शक्तिको प्रयोग गरी सिरिजकी छोरी यमराजले हरेर पाताल पुऱ्याएको बताएपछि उनी पाताल जाने बाटोका बारेमा खोजी गर्छिन् । त्यसपछि उनले कुनै देशका राजकुमारकी धाई बनेर ती राजकुमारलाई अमर बनाउने उपकारी कार्य गरेकै कारण दैवी शक्तिद्वारा पाताल जाने बाटो रहस्यात्मक रूपमा थाहा पाउँछिन् । रिसले चुर भएकी सृजामाता पाताल पुगेपछि आफ्नी छोरी यमसँग फसि सकेको थाहा पाउँछिन् । त्यसपछि उनी मर्करीको सर्त अनुसार छ महिनाका लागि छोरी लिएर पृथ्वीतर्फ लागेको देखिन्छ र यत्तिकैमा खण्डकाव्यको कथानक सकिएको छ । यसै आधारमा पृथ्वी महतारीकी वानस्पत जीवन शक्तिरूपी छोरी प्रोजरपिना छ महिना पृथ्वीमा रहँदा पृथ्वीमाता खुशी भई वसन्त लाग्ने र छ महिना प्रोजरपिना पृथ्वीमा नहुँदा हिउँद लाग्ने प्राकृतिक ऋतुचक्रसँग सम्बन्धित आख्यानात्मक विषयवस्तुले यस खण्डकाव्यमा मुख्य रूपमा आएको छ ।

### ख) सृजामाता खण्डकाव्यको पात्र विधान

प्रस्तुत काव्यमा ग्रिसेली पुराकथात्मक विषयवस्तुमा आधारित मिथकीय पात्रको प्रयोग गरिएको छ । यस काव्यमा प्रमुख पात्रका रूपमा देखा परेकी सिरिज ग्रिसेली पुराकथामा उल्लेखित पृथ्वी महतारी सम्बन्धी आद्य प्रतीक हुन् भने उनकै वानस्पत जीवनी शक्ति वा हरियालीको ग्रिसेली आद्य प्रतीक हुन् - छोरी प्रोजरपिना । खण्डकाव्यमा उल्लेखित प्लुटो ग्रिसेली पुराकथामा पातालका राजाका रूपमा काल्पित पात्र हुन् । यस खण्डकाव्यमा यिनै मिथकीय वा कल्पना गरिएका पात्रहरूलाई मानवीय भूमिका दिइएको छ । खण्डकाव्यमा असल आमा र कृषकका भूमिकामा सिरिज आएकी छिन् भने कुनै पनि कुराको स्पष्ट निर्णय लिन नसक्ने चञ्चले किशोर वयकी मानवीय ठिटीका भूमिकामा

प्रोजरपिना देखा परेकी छन् । अपहरण जस्तो नराम्रो कामबाट काव्यमा देखा परेका प्लुटोको व्यवहारमा क्रमशः सुधार आएको देखिन्छ । उसको व्यवहार हेर्दा मनपरेकी केटी अपहरण गरेरै भएपनि आफ्नी पार्ने सामन्तवादी संस्कारको झल्को भेटिन्छ । यस काव्यमा सिरिज, प्रोजरपिना र प्लुटो मुख्य भूमिकामा देखापर्छन् भने जुपिटर, मर्करी र हेकेटीको भूमिका सहायक देखिन्छ । समुद्रपरी, तारागण, राजा, रानी आदि जस्ता सङ्केत गरिएका पात्रको प्रयोग पनि काव्यमा भएको छ तर उनीहरूको भूमिका भने गौण देखिन्छ । प्रोजरपिना गतिशील, सिरिज अर्धगतिशील र हेकेटी स्थिर स्वभाव भएका सत् पात्र हुन् । प्लुटो अर्धगतिशील र अर्धसत्पात्र हुन् भने जुपिटर र मर्करी स्थिर सत् पात्र हुन् । प्रस्तुत खण्डकाव्यमा एक जनामात्र स्थिर असत् पुरुष पात्र आएका छन् ती हुन् - अपोलो ।

## ग) सृजामाता खण्डकाव्यको परिवेश विधान

हरिया-भरिया खेतहरू, वन-पाखा, खोला-नाला, निला पहाड भएको ग्रिसको रमणीय परिवेशमा चिसो हावा वहने वातावरणीय दृष्टिले अति नै स्वच्छ परिवेशको चित्रण गरिएको छ । धानको फसल धानको बिउ आदिको प्रसङ्ग र दूध-दहीको चर्चाका कारण कृषि युग वा पशुपालनको युगको सङ्केत भेटिन्छ । सिरिजको झुपडी भएको पातलो पहाडी बस्ती र मान्छे नै अपहरण गर्न मिल्ने एकान्त स्थलको वर्णन पनि आएको छ । सिरिजले छोरी खोज्ने क्रममा देखा परेका दिन र रातका पर्यावरणका साथै रत्नको प्रकाशले उज्यालो हुने कलैकलाले सुन्दर पाताल सहरसम्मको स्थानगत परिवेश उल्लेख छ । प्रोजरपिना अपहरणमा परेको कार्तिक मंसिर देखि उनी पातालमा रहेको छ महिनासम्मको समयगत परिवेशमा खण्डकाव्यका घटनाहरू घटेको देखिन्छ । हुने खानेले हुँदा खानेलाई कति सजिलैसँग आफ्नो वंशमा पार्न सक्छन् भन्ने कुरालाई प्लुटोको जालमा परेकी प्रोजरपिनाको सामाजिक प्रसङ्गबाट स्पष्ट हुन्छ । यस काव्यमा छोरी हराएपछिको चित्कार, अपहरणमा परेकी केटीको रोदन, श्रीमान् श्रीमती बिचको सुखमय दाम्पत्य जीवनका साथै मध्यस्थकर्ताले झगडा मिलाएपछिको खुशीमय पारिवारिक वातावरणको चित्रण पनि गरिएको छ । ग्रिसेली पुराकथात्मक विषयवस्तुमा कल्पना गरिएका पात्रहरूको कार्यव्यापारमा घटेको परिवेश नै मुख्य रूपमा आएका कारण अवास्तविक र अतिरञ्जित भान हुनु स्वभाविक नै हो तथापि उक्त विभिन्न व्यावहारिक र सामाजिक प्रसङ्गहरूले समकालीन युग सन्दर्भको झल्को भने अवश्य पाइन्छ ।

## घ) सृजामाता खण्डकाव्यको मुख्य दार्शनिक विचार र सन्देश

प्रस्तुत खण्डकाव्यमा मान्छे भौतिक सुखभन्दा आत्मिक सुखले नै सन्तुष्टि हुन्छ भन्ने दार्शनिक विचार प्लुटोलाई माध्यम बनाएर व्यक्त गरिएको छ । भौतिक सुविधा सम्पन्न दरबारमा बस्ने पातालका राजा भए तापनि उनी दुःखी नै देखिएका छन् तर प्रोजरपिनाले माया गर्न थालेपछि असाध्यै खुसी मान्न थालेका देखिन्छन् । पिता, माता र गुरुलाई भगवान् समान मान्ने पूर्वीय आध्यात्मीक दार्शनिक मान्यता अनुसार आमाको मन रुवाउनु हुँदैन, यदि कसैले रुवाएमा नरकको बास बस्नु पर्छ भन्ने विचारका साथमा नाशवान् संसारको प्रसङ्ग ल्याएर योग भ्रम र वियोग नै सत्य भएको गीता दर्शनसँग सम्बन्धित विचार पनि यसै काव्यमा आएको भेटिन्छ । प्रस्तुत खण्डकाव्यको चौथो खण्डसम्ममा आख्यानात्मक विषयवस्तु सकिएको र पाँचौ खण्ड यस आख्यानको रहस्य जान्न चाहनेहरूका लागि मात्र तयार गरिएको कुरा कवि स्वयम्ले बताएका छन् । उपदेश-दर्शन शीर्षक दिइएको यस पाँचौं खण्डमा कविले पूर्वीय स्वच्छन्दतावादी रहस्यवादी दर्शनका मान्यता र सन्देश प्रस्तुत गरेका छन् । त्यही पाँचौं खण्डलाई विचारै विचारको थुप्रोको रूपमा पनि लिन सकिन्छ । जसभित्र पृथ्वीलाई आत्माहीन माटोको डल्लो मान्ने भौतिक विज्ञानलाई अन्धो ठान्दै पृथ्वी समस्त प्रकृति जगत्की अन्तरसतनी आमा वा सृजनदेवीका रूपमा मानिएको छ । विश्व नियतिमय छ कुनै अदृश्य शक्ति विश्व आत्माद्वारा नै यो विश्वको नियति सम्भव भएको भन्ने सृष्टि सम्बन्धी रहस्यात्मक मान्यता पनि यस काव्यमा प्रस्तुत गरिएको छ । स्वर्ग, पृथ्वी र पातालका विभिन्न पात्रहरूको माध्यमबाट तिनै लोकको सम्बन्ध स्थापित गराइएको छ । मुख्य गरी विभिन्न कथात्मक प्रसङ्ग जोडेर पृथवी छ महिना उदास हुने र छ महिना उब्जाउ हुने सृष्टि सम्बन्धी रहस्य नै प्रस्तुत खण्डकाव्यको मुख्य दार्शनिक विचार हो । यो विचार पक्षको मूल आधार भूमि चाहिँ स्वच्छन्दतावादी आध्यात्मिक रहस्यवाद हो जसले भौतिक विज्ञानलाई भन्दा अध्यात्म तत्त्वलाई महत्त्व दिन्छ ।

यस काव्यमा दार्शनिक विचारसँग केही सन्देशहरू पनि आएका छन् । काव्यमा प्रोजरपिनाले अपहरणपछि पाएको दुःखप्रति सङ्केत गर्दै कविले नयाँ पिँढीलाई आमाबाबुले भनेको अर्ति उपदेश मान्नुपर्छ भन्ने सन्देश प्रदान गरेको देखिन्छ । सबै प्राणीको पालन पोषण गर्ने पृथ्वीमातालाई मानवरूपी माताका रूपमा आराधना गर्नुपर्ने र प्रकृतिलाई

खुसी पार्नुपर्ने कुरा व्यक्त गर्दै प्रकेतिप्रेमी बन्न प्रेरित गरिएको छ । अरुको सन्तानको रक्षा गरेर बसेकी पृथ्वी माताले सधैँ राम्रो चिताएको हुँदा आफ्नी छोरी प्राप्त गरेको देखाएर कविले सिरिजभैँ परोपकारी हुन सन्देश प्रवाह गरेको पनि पाइन्छ ।

## ४.२ निष्कर्ष

**सृजामाता** खण्डकाव्य पाँच खण्ड भएको सृष्टिमा निहित विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यमा भएका पाँच खण्डमध्ये पहिलो खण्डदेखि चौथो खण्डसम्म विषयवस्तुगत आख्यानको प्रयोग गरिएको छ भने अन्त्य खण्ड (उपदेश-दर्शन) मा सृष्टिगत रहस्य सम्बन्धी स्वच्छन्दतावादी दर्शनका मान्यताहरू प्रस्तुत गरिएका छन् भन्ने निष्कर्षसम्म पुग्न सकिन्छ । ऋतुहरू पालैपालो आउने रहस्यका सम्बन्धमा प्राचीन कालमा ग्रिसेलीले कल्पेको कथा पुराकथाका रूपमा पुस्तान्तरण हुँदै आयो र यस पुरा कथालाई मुख्य आख्यान मानी यस खण्डकाव्यमा पृथ्वीमा परिवर्तन हुने मौसम परिवर्तनको रहस्यको रोचक चित्रण गरिएको छ । यस क्रममा पृथ्वीलाई सिरिज माता वा सृजना माताका रूपमा देखा पर्ने वनस्पतीलाई तिनै सिरिजकी वानस्पत जीवन शक्तिरूपी छोरीका रूपमा लिइएको छ । यिनै पृथ्वीरूपी सिरिज धानको फसल हेर्न जानु, प्रोजरपिना फुल टिप्ने क्रममा अपहरणमा पर्नु, छोरी खोज्ने क्रममा सिरिज हेकेटीदेवीका गुफामा पुग्नु र उनले प्रोजरपिना पातालमा भएको कुरा थाहा पाउनु, सिरिज राजकुमारको धाई बनी सय वर्षको आयु दिई पातालतर्फ लाग्नु, मर्करीको सर्त अनुरूप छ महिनाका लागि सिरिजले छोरी लिई पृथ्वीतर्फ लाग्नु नै यस खण्डकाव्यका कथावस्तुका प्रमुख घटनाहरू हुन् । यस खण्डकाव्यमा मुख्य कथावस्तुसँग प्रासङ्गिक घटना पनि आएको भेटिन्छ ।

प्रस्तुत खण्डकाव्यमा ग्रिसेली पुराकथामा आधारित मिथकीय पात्रहरूको प्रयोग गरिएको छ । यो खण्डकाव्य मानवेत्तर पात्र प्रयोगमा आधारित रहेको भए तापनि त्यसमा प्रचुर मात्रामा मानवीकरण गरिएको छ । असल आमा र कृषकको भूमिकामा देखा परेकी सिरिज पृथ्वी महतारी सम्बन्धी आद्य प्रतीक हुन् भने सिरिजकी छोरी पन्ध्र वर्से किशोरीका रूपमा देखा परेकी प्रोजरपिना तिनै पृथ्वीमाताकी वानस्पत जीवन शक्ति वा हरियालीको ग्रिसेली आद्य प्रतीक हुन् । अपहरण जस्तो नराम्रो कार्यबाट खण्डकाव्यमा उदाएका प्लुटो पनि ग्रिसेली पुराकथामा पातालका राजाका रूपमा काल्पित आद्यपात्र हुन् । यस

खण्डकाव्यमा उपस्थित पात्रहरूमध्ये प्रमुख पात्रका रूपमा सिरिज, प्रोजरपिना र प्लुटो आएका छन् भने जुपिटर, मर्करी र हेकेटी यसका सहायक पात्र हुन् । यस खण्डकाव्यमा सङ्केत गरिएका पात्रहरू (समुद्रपरी, पजिउन बूढा, तारागण, पर्वत, जलदेव, वायुदेव, श्री वनस्पति, राजा, रानी) को प्रयोग पनि गरिएको छ । अर्ध गतिशील स्वभाव भएकी सिरिज यस खण्डकाव्यकी सत्पात्र हुन् । प्रोजरपिनाको स्वभावमा गतिशीलता भेटिन्छ । उनी पनि सत् पात्र हुन् । नारी प्रेमको भोको पुरुष पात्रका रूपमा आएको प्लुटो सुरुमा असत् र पछि क्रमशः सुधारिएका पात्र हुन् । उनको स्वभावमा पनि अर्धगतिशीलता र चरित्रमा अर्ध सत्पात्रता भेटिन्छ । जुपिटरस्थिर सत्पात्रता भएका महेश देव हुन भने मर्करी हाँस्य पात्रका रूपमा आएका स्थिर सत्पात्रनै हुन् । विषादकी देवी हेकेटीमा पनि स्थिर सत्पात्रता नै भेटिन्छ । अपोली नामक सूर्यदेव यस खण्डकाव्यमा असत् वा स्थिर स्वभाव भएका पात्र हुन् । पुराकथात्मक विषयवस्तु भएकाले मिथकीय पात्र चयन उपयुक्त देखिन्छ ।

प्रस्तुत खण्डकाव्यमा ग्रिसेली पुराकथात्मक विषयवस्तुमा कल्पना गरिएका पात्रहरूको कार्य व्यपारमा घटेको परिवेश नै मुख्य रूपमा आएको देखिन्छ तापनि पुराकथात्मक पात्र र परिवेशलाई व्यक्तिगत परिवार विहेवारी आदिको प्रसङ्ग उठाई सामाजिकीकरण गरिएको कारण समकालीन युग सन्दर्भ समेत झल्किएको छ भन्ने निष्कर्षसम्म पुग्न सकिन्छ । कृषि युगीन र पशु पालनको युगको संकेत दिने परिवेशका साथमा कुनै पहाडी नेपाली परिवेश झैं भान हुने ग्रिसको परिवेशको चित्रण पनि भेटिन्छ । यस खण्डकाव्यमा यथार्थको झल्को दिने परिवेशका साथै अति रञ्जित काल्पनिक र रहस्यात्मक वातावरण पनि आएको देखिन्छ । पातला वस्ती भएका पहाडी गाउँले स्वच्छ हराभरा प्राकृतिक रमणीय वातावरणदेखि माणिक्यको खम्बा भएको रत्नले चम्कने पातालको सहरसम्मको परिवेशको चर्चा भेटिन्छ । सिरिज धानको फसल हेर्न गएको वा प्रोजरपिना हराएको कार्तिक मंसिरदेखि पातालमा बितेका छ महिनासम्मको समयगत परिवेश देखाइएको छ ।

**सृजामाता** खण्डकाव्यको मुख्य विचारका रूपमा पृथ्वी छ महिना उदासी र छ महिना उब्जाउ हुने प्रकृतिका वर्षचक्र सम्बन्धी रहस्यात्मक सत्य नै रहेको छ । यो मुख्य विचारका साथमा अन्य विचारहरू पनि आएको भेटिन्छ । पुरुष नारी प्रेमको भोको हुन्छ

अन्य सबै भौतिक सुख सुविधा पाए पनि ऊ सन्तुष्ट हुँदैन । आमाको मन रुवाउनु हुँदैन जसले आमाको मन रुवाउँछ उसलाई दैवले पनि सराप्दछ, अन्त कतै बास नपाएर नरकको बास बस्नुपर्छ भन्ने पूर्वीय आध्यात्मिक दर्शनका छाप पनि भेट्न सकिन्छ । यो नाशवान संसारको प्रसङ्ग ल्याएर योग भ्रम र वियोग नै सत्य भएको पुष्टि गरिएको छ । अन्नको प्रभावले भावको सृजना हुन्छ भन्ने विचार पनि यस काव्यमा आएको छ । प्रोजरपिनाले प्लुटोले दिएको अनार दाना खाएपछि नै उनमा प्लुटोप्रतिको माया पलाएको देखिन्छ । जसरी लहरालाई रुखको माया लाग्छ त्यसै गरी स्वास्नीलाई लोग्नेको माया लाग्छ र माइती सधैंभरि रमाइलो हुन्न भन्ने विचार पनि आएको छ । प्रस्तुत खण्डकाव्यका चौंथौ खण्डसम्म आएका उक्त विचारहरूका साथै यस खण्डकाव्यको अन्त्य खण्ड (उपदेश दर्शन) मा कविले कथावस्तु सकिए पनि कथावस्तु भित्रको रहस्य बताउने क्रममा विचारै विचारको थुप्रो लगाएका छन् । जसमा पृथ्वीलाई मातृशक्ति र समस्त प्रकृति जगत्की सृजनदेवीका रूप मानिएको छ । ती पृथ्वी अन्तरसतनी सजीव वा आत्मा भएकी मानवमाता सबैकी माता हुन् । पृथ्वी, जल, वायु, जस्ता प्रकृतिमा आत्मा छैन भन्ने विज्ञान वा भौतिक दर्शन अन्धो छ । पृथ्वीभित्र विश्व आत्मा छ, यही विश्व आत्माद्वारा पृथ्वी परिचालित छ भन्ने रहस्यमय शक्ति यस ब्रह्माण्डको नियामक तत्त्व मान्ने दार्शनिक मान्यता पनि आएको छ । विश्व नियतिमय छ र त्यो नियति चक्र अध्यात्म तत्त्वहरूमा निर्भर छ । आत्माले समयानुसार तम् र प्रकाशका कर्मको भोग गर्दछ । यस खण्डकाव्यमा प्रयोग भएका विभिन्न पात्रहरू (जुपिटर, अपोलो, हेकेटी, अग्नि प्लुटो आदि) ले स्वर्ग, पृथ्वी मानव र पाताल तिनै लोकको सम्बन्ध स्थापित गराएका छन् । आमा कुनै पनि अवस्थामा परचक्री हुँदैन भन्ने आशय यस खण्डकाव्यमा रहस्यात्मक ढङ्गले आएको भेटिन्छ । आमा छोरीको प्रेम, प्रेमीसँगको प्रेम र प्रकृति प्रेमको प्रशस्त अनुभव गर्न सकिने यस अद्भूत काव्यमा सृष्टिका रहस्य सम्बन्धी स्वच्छन्दतावादी रहस्यवादी विचार सूत्रहरू प्रबल रूपमा सलबलाएको भेटिन्छ भन्ने निष्कर्षसम्म पुग्न सकिन्छ । अनि यी विचार सूत्रहरू वैज्ञानिक वा भौतिक दर्शनका विरुद्ध रहस्यवादी अध्यात्मवादी दर्शनबाट निर्देशित रहेका देखिन्छन् ।

## ४.३ भावी शोधकार्यका निम्ति सुझाउ

**सृजामाता** खण्डकाव्यका बारेमा भावी अध्ययन अनुसन्धान गर्नाका निम्ति अझ प्रशस्त ठाउँ छ । यस विषयमा अध्ययन गर्न चाहनेले भावी दिनमा यसका शिल्प पक्षका साथै यसै जस्ता अन्य खण्डकाव्यसँग यसको तुलना तथा यसमा देखापर्ने आख्यानात्मक प्रसिद्धता एवं उत्पाद्यताका बारेमा समेत अनुसन्धान गर्न सक्नेछन् ।

# सन्दर्भ ग्रन्थ सूची

## क) प्रमुख सन्दर्भ ग्रन्थहरूको सूची


अवस्थी, महादेव, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौँ : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., २०६१ ।

के.सी., नवराज, **मैना खण्डकाव्य सङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५८ ।

गौतम, कृष्ण, **देवकोटाका प्रबन्धकाव्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५५ ।

जोशी, कुमार बहादुर, **देवकोटाका कविता कृतिमा प्रकृति,** काठमाडौँ : सरस्वती प्रकाशन, २०५३ ।

________, **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन,** काठमाडौँ : ने.रा.प्र.प्र., २०४७ ।

________, **देवकोटाका मुख्य कविताकृतिको कालक्रमिक विवेचना,** काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८ ।

________, **महाकवि देवकोटाका र उनको महाकाव्य,** काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

________, **महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोड उपमोडहरूको विवेचना,** विद्यावारिधि शोधपत्र, २०४२ ।

त्रिपाठी, वासुदेव र ठाकुरप्रसाद पराजुली, **मैना,** काठमाडौँ : ने.रा.प्र.प्र., २०३९ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता,** भाग ४, काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

दत्त, चिरञ्जीवी, **केही नेपाली काव्यहरूका समीक्षा,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०३० ।

पाण्डे, नित्यराज, **महाकवि देवकोटा,** ललितपुर : मदन पुरस्कार गुठी, २०१७ ।

प्रसाई, नरेन्द्रराज, **देवकोटाका कृति,** काठमाडौँ : नइ प्रकाशन, २०६६ ।

________, **महाकवि देवकोटा,** काठमाडौँ : त्रिमूर्ति निकेतन, सञ्चारग्राम, २०६६ ।

बन्धु, चूडामणि, **देवकोटा,** काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

रिमाल, अम्बिकादेवी, **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन,** शोधपत्र, २०४३ ।

शर्मा, मोहनराज (सम्पा.), **नेपाली निबन्ध,** भाग - १, काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

सुवेदी, राजेन्द्र, **काव्य निबन्धकेन्द्रमा देवकोटा,** काठमाडौँ : त्रिमूर्ति निकेतन, सञ्चारग्राम, २०६६ ।

**ख) प्रमुख सन्दर्भ पत्रपत्रिकाहरूको सूची**

अधिकारी, कृष्णराज, “देवकोटाका नारी पात्र”, **भृकुटी,** वर्ष १, अङ्क ५, २०६६ ।

आचार्य, प्रभुराम, “सृजामाता खण्डकाव्यको विश्लेषण”, **कुञ्जिनी,** वर्ष १०, अङ्क ७, २०५९ ।

उपाध्याय, केशवप्रसाद, “देवकोटाको सृजामाता”, **भृकुटी,** वर्ष १, अङ्क ५, २०६६ ।

गौतम, लक्ष्मणप्रसाद, “सृजामाता खण्डकाव्यमा बिम्बविधान”, **कुञ्जिनी,** वर्ष १६, अङ्क १२, २०६५/०६६ ।

त्रिपाठी, वासुदेव, “कवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविता क्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशावोध, ‘एक चर्चा’”, **गोधूली,** वर्ष ४, अङ्क ६, २०४९ ।

पराजुली, मोतीलाल, “महाकवि देवकोटा र ग्रिसेली मिथक”, **कुञ्जिनी,** वर्ष १६, अङ्क १३, २०६५/०६६ ।